समीक्षासङ्ग्रह

# शब्दसागरका मोती



अनुशीलन नेपाल
INTELLECTION NEPAL

डा. इन्दुल केसी

# दुई थुँगा फूल


डा. सत्यमोहन जोशी

विविध भाषाका ज्ञाता
मातृभाषाका पुजारी
विविध उपचारका ज्ञाता
विकल्पका प्रयोगवादी
सच्चा समाजसेवी
बहुमुखी प्रतिभाका धनी
डाक्टर इन्दु केसी ।१।

भजन-कीर्तनका गायक
कविता आदिका लेखक
कलाकृति र संस्कृतिका अनन्य भक्त साधक
सरल स्वभावका मृदुभाषी
क्रियाकर्ममा परोपकारी
व्यक्ति एक प्रतिभा अनेक
डाक्टर इन्दुल केसी ।२।

शताब्दीपुरुष, लोकसंस्कृतिविद, साहित्यकार तथा तीनपटक मदन पुरस्कार पाउने एक मात्र नेपाली स्रष्टा (राष्ट्रसंरक्षण साप्ताहिक, वर्ष ९ अङ्क २६ )

---

## समर्पण

*अभिरुचिपूर्वक यो पुस्तक पढी*
*विना पूर्वाग्रह आफ्नो सकारात्मक*
*प्रतिक्रिया दिनुहुने सम्पूर्ण*
*पाठकवर्गमा समर्पण ।*

- डा. इन्दुल केसी, भक्तपुर

# शब्दसागरका

# मोती

(समीक्षासङ्ग्रह)

रचनाकारः
डा. इन्दुल केसी, भक्तपुर

प्रकाशक

प्रकाशक

अनुशीलन नेपाल

सूर्यविनायक न.पा.-२, बालकोट, भक्तपुर

सम्पर्क : ९८५१२२०८३२

Email: entellectionnepal2022@gmail.com

(प्रकाशनोपहार : ५)

| | | |
|---|---|---|
| कृति | : | शब्दसागरका मोती |
| विधा | : | समीक्षा |
| लेखक | : | डा. इन्दुल केसी (९८४१३३४११३) |
| प्रकाशन मिति | : | २०७९ चैत |
| आवरण/डिजाइन | : | इम्प्रिन्ट डिजाइन एण्ड प्रिन्ट सोलुसन |
| सर्वाधिकार | : | रचनाकारमा सुरक्षित |
| प्रकाशन प्रति | : | ५०० प्रति |
| सहयोग रू. | : | रू. २०५।- (व्यक्तिगत) |
| | | रू. ३०५।- (संस्थागत) |
| मुद्रक | : | इम्प्रिन्ट डिजाइन एण्ड प्रिन्ट सोलुसन<br>लिवाली, भक्तपुर |
| ISBN | : | 978-9937-1-3569-6 |

# शुभेच्छा



**श्रीमती सावित्री राणा केसी**



**रजनी केसी मानन्धर**
सु.न.पा-८, सिपाडोल, भक्तपुर
९८५१२४७६२७

'बुबा' यो शब्द नै हामी मानिसहरूको अति प्यारो शब्द । यो शब्दले अँगालेका व्यक्तिहरू जो आफ्ना सन्तानहरूका लागि कहिले घामको तापदेखि कठ्याङ्ग्रिदो सिरेटोसम्म सहेर त कहिले विशाल वृक्षको छायाँ बनी हरदम संरक्षणको छाता ओढाउन अग्रसर रहन्छन् । आफ्ना सन्तानहरूको उन्नति र प्रगतिको लागि कहिल्यै नथाक्ने फराकिलो सडक बनिदिने मेरी आमा सावित्री राणा केसी तथा बुबा । यिनैका हामी पाँच जना म रजनी, भाइ उज्ज्वल केसी, बहिनी सजनी केसी कार्की, बुहारी सृजना पौडेल केसी, जुवाइंहरू सत्यनाराण मानन्धर र टि.बी. कार्कीको बुबा डा. इन्दुल के.सी. ।

जीवनका ८२ औं वसन्त पार गरिसक्नुभएको छ, तरै पनि कहिले नथाक्ने लहड बोकेर हिंडिरहनुभएको छ । हावा, पानी, घाम, छायाँ केहीको मतलब नगरी निस्फिक्रीसँग अनवरत लम्किरहनुभएको छ । रहर कस्तो-कस्तो, कहिले कविता रचना, कहिले भजनगायन, कहिले संस्कृति संरक्षण त कहिले योगसाधना र प्राकृतिक चिकित्सा । यिनै सृङ्खलाहरूमा "शब्दसागरका मोती" एउटा अर्को आयाम यो समीक्षा सङ्गालो । सर्जकहरूको विशेषता आफूले निर्माण गरेका हरेक चिजलाई लोकको सामु प्रस्तुत गर्ने चटारो अनि पूरा गर्ने माध्यम अनेक फेसबुकका भित्ताहरू, अनलाइनका साइटहरू, पत्रपत्रिका आदि । बुबाले पनि आफ्ना सृजनाहरू प्रसार गर्न यिनै साधनहरूको मद्दत लिन थाल्नुभयो । कवितासङ्ग्रह, भजनसङ्ग्रह तथा व्यक्तित्व र कृतित्व पछिको यो समीक्षासङ्ग्रह । यसलाई पुस्तकको आकार दिन मैले बुबालाई आफ्नो इच्छा व्यक्त गरैं । यो २२ पुस्तकहरूको समीक्षासङ्ग्रह तयार भयो । वरिष्ठ साहित्यकार आदरणीय परशु प्रधान काकाको सल्लाहमा बुबाको पहिलो "भुइँचालो" कवितासङ्ग्रहपछिको "शब्दसागरका मोती" समीक्षा संगालोलाई प्रकाशनका लागी व्ययभार बोक्ने अभिभारा मैले लिएकी छु र यसमा आफूलाई गौरवान्वित महसुस गर्दैछु ।

समीक्षा सङ्गालो प्रकाशनका लागि बुबा स्वयम् पनि आवद्ध रहनुभएको अनुशीलन नेपाल र अन्य आवद्ध व्यक्तिहरूको सहयोगलाई पनि हार्दिक आभार व्यक्त गर्दछु । बुबाले समीक्षा गर्नुभएको लेख रचनाका स्रष्टाहरूप्रति आदरभाव राख्न चाहन्छु । प्रा.डा. कृष्णप्रसाद दाहालज्यूले आफ्नो समालोचकीय भूमिका राख्नुभएकोमा पनि विशेष धन्यवाद व्यक्त गर्दछु । अन्तमा, बुबाको यस्तै क्रियाशीलताले समाजमा सकारात्मक सन्देश प्रवाह भइरहोस्, बुबाको सुस्वास्थ्य र दीर्घायुको अनगिन्ती शुभकामना ।

समालोचकीय भूमिका

# 'शब्दसागरका मोती' कृतिका प्राप्तिहरू



**प्रा. डा. कृष्णप्रसाद दाहाल**
त्रि.वि पाटन, संयुक्त क्याम्पस
९८४१७२४०६७

## परिचय

डा. इन्दुल केसी समयको एउटा नाम हो । आफ्नो असीको दशक पार गरिसकेका उनी उमेर हेर्दैनन् । मात्र काम हेर्छन् । कामका लागि हुटहुटी रहन्छन् र अरूलाई पनि हुट्हुटाइरहन्छन् । आफ्नो पारिवारिक काममा जति सचेत छन् त्यति नै समाजसेवा र साहित्यमा पनि उत्तिकै जागरूक छन् । अहिलेसम्म आफ्नै परिश्रमका आधारमा बाँचेका छन् तर भाषा साहित्यमा खर्च गर्न किञ्चित लोभ गर्दैनन् । कहिले काहीँ खल्तीमा पैसा हुँदैन तर योजना चाहिँ थुप्रै बनाउँदै हिँड्छन् । यही विशेषताले गर्दा डा. इन्दुलका शुभेच्छुकहरू मित्रताको डोकोमा अटाई नअटाई छन् । कोरोना भन्दैनन्, डेंगु भन्दैनन्, ओछ्यान लगाएर नढलेसम्म कतै हिँड्न बाँकी राख्दैनन्। बस, इन्दुलले प्राप्त गरेको सातुसामल भन्नु यही नै हो ।

इंन्दुललाई एउटा मात्रै आयामबाट पर्गेल्न सकिँदैन । उनलाई भिन्न-भिन्न आयामिक चस्माद्वारा पर्गेल्नुपर्ने हुन्छ । धेरैओटा प्राप्ति जोडिएर एउटा इन्दुल केसी बनेको हो । उनी कवि हुन् । कथाकार, पत्रकार र पूर्वप्रशासक पनि हुन् । समाजसेवी हुन् । योग गुरू हुन् । धार्मिक अभियन्ता हुन् । राजनीति गरेर हिँदैनन् तर प्रजातन्त्रका कट्टटर प्रहरेदार हुन् । राष्ट्रियता र देशभक्तिको भावना उनका नसा-नसामा प्रवाहित भइरहेको हुन्छ । राष्ट्रिय अस्मितालाई सधैं शिरमा राखेर हिँडिरहने इन्दुलको कमाई भन्नु यही नै हो । यसैमा उनी सन्तुष्ट छन् । अरूले सम्मान देओस् नदेओस् तर योग्य मानिसको खोजी गरेर अनि उनीहरूलाई सम्मानको माला लगाउन उनी सधैँ आतुर भइरहन्छन् । यस आलेखमा डा. इन्दुल केसीको शब्दसागरका मोती कृतिका सम्बन्धमा चर्चापरिचर्चा गरिएको छ ।

## शब्दसागरका मोती कृतिका प्राप्ति

शब्दसागरका मोती डा. इन्दुल केसीको समीक्षात्मक कृति हो । यसमा विविध

विषयका पुस्तकहरूमाथि लेखिएका आलेखहरू समावेश गरिएका छन् । शताब्दी पूरूष सत्यमोहन जोशीले लेखेको महर्षि याज्ञवल्क्य नाटकदेखि लिएर कवि पदम दाहालको आँसुको दह कविता सङ्ग्रहसम्मका विषयलाई पहिचान बनाइसकेका डा. इन्दुलले यस पटक भने यहाँ आफ्ना भावना मात्रै पस्किएका छैनन् अन्य विभिन्न लेखक कवि कथाकार, दार्शनिक, नाटककारका कृतिभित्र भएका विषयवस्तुलाई पर्गेल्ने कार्य गरेका छन् ।

शब्दसागरका मोती स्वयम्मा विषयगत विविधताको मौजीमसला हो । डा. केसी यहाँ एउटा सचेत पाठक मात्रै नभएर सचेत लेखक भएर उभिएका छन् । मोतीराम भट्टले नेपाली साहित्यको इतिहासमा आफूलाई मात्रै नचिनाएर आफूभन्दा पूर्ववर्ती र समवर्ती साहित्यकारहरूलाई चिनाउने काम गरेजस्तै डा. इन्दुलले पनि अरूलाई चिनाएर साहित्यिक सन्तुष्टि लिने काम गरेका छन् । यो कृतिको मूल प्राप्ति भन्नु यही नै हो ।

लेखक डा. इन्दुल केसी आफू विभिन्न आयाममा बाँडिएजस्तै यस कृतिभित्र सोही अनुसारको कार्य गरेका छन् । शब्दसागरका मोती एकै खालको मोतीले उनिएको छैन । यहाँ साहित्यिक, सांस्कृतिक, धार्मिक, दार्शनिक, वैदिक, ऐतिहासिक, सांगीतिक, योग ध्यान अनेकौं विषयवस्तुमा लेखक डुबुल्की मार्न पुगेका छन् । वैदिक साहित्यदेखि लिएर अर्वाचीन साहित्यसम्मका विषयवस्तुहरूले यो कृतिको आयाम तयार भएको छ ।

साहित्यिक विधागत दृष्टिबाट हेर्दा यहाँ कविता, नाटक, कथा, निबन्ध, संस्मरण उपन्यास आदिका सम्बन्धमा प्रकाश पारिएको छ । योगाचार्य उद्धवप्रसाद भट्टराईको दिव्य साधना सूत्र जस्तो गहन कृतिका सम्बन्धमा पनि चर्चा गर्न लेखक अघि सरेका छन् । लेखकले हिन्दु दर्शनका साथै बौद्ध दर्शनका कुरालाई खोतल्ने काम गरेका छन् । मूलतः यो कृतिले मानव जीवनका जीवनोपयोगी विषयलाई अङ्गीकार गरेको छ । यसबाट के देखिन्छ भने पाठकीय समावेशीताको मर्मलाई सम्मान गरेको छ । विषयमा समावेशीता र क्षेत्रगत समावेशीतालाई पनि लेखकले सम्मान गरेका छन् । सँस्कृतिमा पनि ख्याति आर्जन गरेका, राजनीतिमा शिखरत्व जमाएका र योगसाधनामा जीवन समर्पण गरेका व्यक्तिहरूबाट लेखिएका कृतिहरूका सम्बन्धमा लेखकले साह्रै खोजीनितीपूर्वक अध्ययन र लेखन गरेका छन् । कृतिको प्राप्ति बढाउने कार्य यसले पनि गरेको छ । उत्तरी ध्रुवको भ्रमण गर्ने पहिलो व्यक्ति वासुदेव ढकालले लेखेको उत्तरी ध्रुव प्रदेश नियात्रा कृतिको पनि अध्ययन र विश्लेषण गरिएको छ । यो कृति नेपाली र नेवारी दुवै भाषाका लेखद्वारा आप्लावित बनेको छ । लेखकको भाषिक क्षमताको पनि प्रशंसा गर्नुपर्ने हुन्छ ।

अन्त्यमा डा. इन्दुल केसीले शब्दसागरका मोती कृतिको लेखन र प्रकाशन गरेर हामीलाई ठुलो गुन लगाएका छन् । आफ्नो क्षेत्रमा नाम कहलाउन सफल भएका विभिन्न लेखकका कृतिहरूको गुदी पगालेर समीक्षा गर्नु चानचुने कुरा होइन । यस्तो गहन काम गर्न सफल भएको डा. इन्दुल केसीलाई जति धन्यवाद दिए पनि कमै हुन्छ । यो कृति अब पाठकको हातहातमा आइपुगेको छ, तसर्थ सचेत पाठकहरूले यसको उचित मुल्याङ्कन हुने आशा गर्दै म आफ्नो आलेख तलका कविताम्मक हरफद्वारा अन्त्य गर्दछु :

*पल्टिन्छन्, अनि लटपटिज्छन्*
*अनि कुराकानीका क्रममा मीठा-मीठा*
*शाब्दिक व्यञ्जन तयार गर्छन्*
*पाठकका माझमा*
*एकपछि अर्को परिकार पस्कँदै जान्छन् ।*
*अनि आफूलाई*
*इन्दुलका नामले*
*प्रकाशित गरिरहन्छन् ॥*

२०७९ फागुन

# लेखकीय



म आफूलाई कवि, लेखक, टिप्पणीकार, समीक्षक भन्न चाहन्न र हुन पनि होइन । केवल एक साहित्य अनुरागी मात्र हुँ । त्यतिमात्र होइन म डा. इन्दुल केसी(झा) बन्छु भनेर पनि सोचेको थिइनँ । विद्यावारिधिको शोधपत्र तयार गरी प्रस्तुत गर्दा विश्वका विभिन्न देशका चार सयजना विद्वान्हरूको भेलामा भारतमा भएको दिक्षान्त समारोहमा मलाई डाक्टरको उपाधि प्रदान भएको थियो । मेरो जीवनमा विद्यार्थी, शिक्षक, प्रशिक्षक, जागिरे कर्मचारी, प्रशासक सेवक कसरी-कसरी, के-के भएँ । अहिले त्यो म आफैले पनि बिर्सन थालें । यहाँहरूले जस्तो चस्मा लगाएर मलाई हेर्नुहुन्छ, बस त्यही नै हुँ या होइन मेरो खासै चासोको विषय पनि होइन । साहित्यको कखरा सिक्दा सिक्दै उमेरमा असीको दशक पार गरिसकेको बालक बबुरो म इन्दुल नामधारी एक सामान्य साधारण व्यक्ति मात्र हुँ । यतिमा नै सीमित राख्न मलाई अपार आनन्द लाग्छ ।

'शब्दसागरका मोती' यो मेरो अनुभव, अनुभूति र अध्ययनको त्रिवेणी बनेर आएको कृति हो । यसमा मैले समालोचनाका सैद्धान्तिक ठेली पल्टाएर आफ्नो अभिमत जाहेर गरेको होइन । अलिकति सचेत पाठक हुनुको नाताले जस-जसका कृतिभित्र मैले जे-जे देखें, त्यही कुरालाई कागजमा टिपेर लिपिबद्ध मात्र गरेको हुँ । मैले जीवनमा सकेजति धेरै पुस्तकहरू पढें, पढेका जति पुस्तकहरूका सम्बन्धमा लेख्न सकेको पनि छैन । यहाँ उल्लेख भएका २२ ओटा मेरो लेखहरूका सम्बन्धमा मैले केही बोल्नु आवश्यक ठान्दिनँ । यी लेख आफैँ बोल्छन् । रसाग्राही पाठकहरूले पढेर उचित सुझाव दिनुहुनेछ भन्ने पूर्ण विश्वास लिएको छु ।

यस कृतिको भूमिका लेखेर मलाई थप हौसला प्रदान गर्नुहुने त्रिभुवन विश्व विद्यालयका प्राध्यापक डा. कृष्णप्रसाद दाहालप्रति हार्दिक आभार प्रकट गर्दछु । यो कृति प्रकाशन गर्ने प्राध्यापक एवं अनुशीलन नेपालका अध्यक्ष जीवनाथ अधिकारीमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । पुस्तक प्रकाशनको आर्थिक बोझ बोक्ने मेरी छोरी रजनीलाई विशेष शुभ आशीर्वाद प्रदान गर्दछु । यस पुस्तकको टङ्कण कार्य इम्प्रिन्ट डिजाइन एण्ड प्रिन्ट सोलुशनका प्रोप्राइटर अनुश मानन्धरज्यूपनि धन्यवादका पात्र हुनुहुन्छ । यस कृतिभित्र उल्लेख भएका २२ ओटा पुस्तकका लेखकज्यूहरू तथा प्रकाशक सम्पूर्णलाई साधुवाद ज्ञापन गर्दछु । अस्तु !

विनीत

**डा. इन्दुल केसी. भक्तपुर**

९८४१३३४११३

indulkc1998@gmail.com

२०७९ चैत

# प्रकाशकीय



पुस्तकको अध्ययन आफैँमा गहन कार्य हो । अध्ययनपश्चात् यसलाई पचाएर सारसङ्ग्रहका रूपमा समीक्षा/टिप्पणी वा समालोचना गर्नु झन् महत्त्वपूर्ण मानिन्छ । धेरैले कृतिको अध्ययन गर्दछन् तर त्यसलाई बुझेर अरूका लागि खुराकस्वरूप आफ्नो लेखकीय समीक्षा सबैले प्रस्तुत गर्दैनन्, गर्न सक्तैनन् । डा. इन्दुल केसी यस्तो लेखकीय नाम हो, जसले आफूलाई मन परेका कृति प्राप्त गर्नासाथ अनुकूल/प्रतिकूल जुन परिस्थितिमा पनि शीघ्रातिशीघ्र अध्ययन गर्ने र आफ्नो बुझाइलाई समीक्षाका रूपमा प्रस्तुत गरिहाल्छ । तिनै डा. इन्दुल केसीले नेपाली वाङ्मयका विविध विधाका पुस्तकहरूको अध्ययनपछि आफ्नो विवेकीय पर्गेल्याइमा निखारिएका बाइसओटा समीक्षात्मक लेख 'शब्दसागरका मोती' शीर्षकमा पुस्तक तयार पारेर प्रकाशनयोग्य बनाउनुभएको छ । यो पुस्तकले मूल कृतिहरू अध्ययन गर्न नपाएका पाठक/भावकका लागि त अत्यन्त लाभ पुऱ्याउने छ नै, ती कृतिको अध्ययन गरेका पाठक/भावकलाई समेत सरल र सहज रूपबाट गहिराइमा पुगेर बुझ्न सजिलो पारिदिनेछ ।

यति महत्त्वपूर्ण पुस्तक 'शब्दसागरका मोती' प्रकाशन गर्ने जिम्मा 'अनुशीलन नेपाल'लाई दिएर डा. केसीले ठुलो गुण लाउनुभएको छ । उहाँ अनुशीलन नेपालको सल्लाहकारसमेत हुनुहुन्छ । अनुशीलन नेपालको यो पुस्तक पाँचौं प्रकाशनोपहार भएर यहाँहरूसमक्ष आएको छ । निश्चय नै यस कृतिले नेपाली समालोचना क्षेत्रलाई एक पाइला अगाडि बढाउन मद्दत गर्नेछ भन्ने दृढ विश्वास गर्न सकिन्छ ।

अन्तमा, हाम्रो आग्रहलाई स्वीकार गरी समालोचकीय भूमिका लेखिदिने प्रा. डा. कृष्णप्रसाद दाहालज्यू तथा प्रकाशनार्थ आर्थिक व्यवस्थापनको जिम्मेवारी वहन गरिदिने रजनी केसी मानन्धरज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु । लेखक डा. इन्दुल केसीलाई सिर्जनाको सफलताको शुभकामना व्यक्त गर्दै धन्यवाद प्रकट गर्दछु ।

**जीवननाथ अधिकारी**
अध्यक्ष, अनुशीलन नेपाल
सिर्जनाकुञ्ज, सूर्यविनायक-३, बालकोट, भक्तपुर

# विषय सूची


| क्र.सं. | टिप्पणीको शीर्षक | पेज नं. |
|---|---|---|
| १. | वेद के भन्छ ? मेरो दृष्टिमा | १ |
| २. | ईशावास्योपनिषद् - एक परिचर्चा | ७ |
| ३. | पाशुपत योग : एक उपयोगी पुस्तक | १४ |
| ४. | साधना-सूत्र परिचर्चाको आलोकमा | १७ |
| ५. | आफैंलाई चिनाउने कृतिः जीवन दर्शन | २० |
| ६. | महर्षि याज्ञवल्क्य नाटकका दृश्य | २४ |
| ७. | ध्यानको ज्ञान र साधना | २८ |
| ८. | बौद्ध दर्शनका पुस्तकमा एक सङ्क्षिप्त दृष्टि | ३१ |
| ९. | भजन र जीवनको अन्तर्सम्बन्ध | ३५ |
| १०. | प्राचीन विश्वइतिहासको सङ्क्षिप्त चर्चा : मेरा आँखामा | ३८ |
| ११. | उत्तरी ध्रुवसमेतको जीवन-यात्रा | ४१ |
| १२. | मुटुको चिरफार | ४६ |
| १३. | धनियाः कथा र व्यथा | ५० |
| १४. | मतिनाया सः (प्रेमको आवाज) | ५३ |
| १५. | कालो पहाडको दृश्य/चित्र | ५७ |
| १६. | विषय र विवेचना कृतिको उपयोगिता | ५९ |
| १७. | आफू अरूका लागि कृतिको सार | ६२ |
| १८. | मान्छे, प्रकृति र भेगन एक उपयोगी कृति | ६५ |
| १९. | छेउ न टुप्पोमा दृष्टि पर्दा | ६९ |
| २०. | मेरी परी कृति नियाल्दा | ७२ |
| २१. | आँसुको दहभित्र मनको बह | ७४ |
| २२. | सङ्गीत मन्थनाञ्जलीको आचमन | ७९ |
| २३. | रचनाकारको परिचय | ८४ |
| २४. | जीवनी विवरण | ८६ |
| २५. | सम्मानपत्रहरू | ८९ |
| २६. | शैक्षिक प्रमाणपत्र | ९० |
| २७. | सगुन भजन | |

श्री कृष्णाय नमः



हरे राम हरे राम राम राम हरे हरे
हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ।

विक्रम संवत् १९९३ सालमा यस भक्तपुर नगरपालिका वडा नं. ४ मंगलाछेँ टोलमा स्थापित श्री श्यामसुनन्दर रास भजन घरमा नित्य भजन कीर्तनका साथै विभिन्न धार्मिक अनुष्ठानहरू भइआएको सर्वविदितै छ। वि.सं. २०७२ सालको महाभूकम्पले यो भजन घरलाई ठूलो क्षति पुऱ्याई बस्न नहुने अवस्था भयो। यसलाई जगैदेखि भत्काइ पुनर्निर्माण गर्नुपर्ने अवस्था सिर्जना भयो । तसर्थ यसै भजनका भजनीया डा.इन्दुल के.सी.को अध्यक्षतामा यो भजन घर पुनर्निर्माण समिति गठन भयो । उक्त समितिको सक्रियतामा प्राविधिकबाट इष्टिमेट रू.१,५०,००,०००।- (एक करोड पचास लाख) को भक्तपुर नगरपालिकाबाट नक्सा स्वीकृत गराइयो ।

विभिन्न भक्तजन, दाताहरू, संघसंस्थाहरूबाट केहि आर्थिक सहयोग सङ्कलन गरियो । मुख्य रूपमा पुरातत्त्व विभाग - दरबार हेरचाह कार्यालय, भक्तपुरको आर्थिक सहयोगमा ठेकेदारमार्फत यो चार तले भजन घर पुनर्निर्माण कार्य सुसम्पन्न भयो। तर यस भजन घरमा आवश्यक प्रत्येक तल्लामा साविकबमोजिम कोठा बार्ने, विद्युत वाइरिङ गर्ने, रङरोगन गर्ने, धारापानी र शौचालयसमेतको काम उक्त कार्यालयबाट हुन बाँकी नै छ।

साविक श्रीकृष्ण भगवान्, राधा र रुक्मिणीको कलात्मक सुन्दर मूर्ति पहिलेकै स्थानमा पुनर्प्रतिस्थापन गरी विक्रम संवत् २०७७ साल श्रीकृष्ण जन्माष्टमीको दिनदेखि यस भजन घरमा भक्तजनहरूबाट नित्य भजन कीर्तनलगायत समयसमयमा धार्मिक सतसंग, पर्वपूजा, प्रवचन, कथावाचन आदि कार्य सञ्चालन भइआएको छ।

# 'वेद के भन्छ ?' मेरो दृष्टिमा

## प्रारम्भ

वेदलाई विश्वमा अति प्राचीन, अति महत्त्वपूर्ण अतुलनीय ग्रन्थ मानिन्छ । सङ्स्कृत भाषामा लेखिएको वेद विश्वका अनेकौं भाषामा अनुवाद भैसकेको छ । भारतबाट प्रकाशित 'कल्याण' पत्रिका बेदाङ्ग वर्ष ४३, वि.सं. २०५५ मा प्रकाशित 'वेद एक परिचय' भन्ने लेखक राधेश्याम खेमकाद्वारा लिखित हिन्दी भाषाको लेखलाई श्री ओतबहादुर खड्काज्यूले नेपाली भाषामा अनुवाद गरी "वेद के भन्छ ?" नामको पुस्तक प्रकाशन गर्नु भएको हो । उक्त कृतिलाई मैले पढ्ने सौभाग्य पाएँ । उक्त पुस्तकमा के कुरा छन् ? तिनको टिपोटहरू नै उल्लेख गर्नु यस लेखको अभिप्राय हो । म समालोचक, समीक्षक र टिप्पणीकार कोही होइन । म एक सामान्य पाठक मात्रै हो । उक्त पुस्तकमाथि यो एउटा सामान्य बुक रिभ्यु मात्र हो ।

## परिचय

अनुवादक श्री ओतबहादुर खड्काजी दलिनचोक, पनौती, काभ्रेमा वि.सङ्. १९९४ सालमा जन्म भएको हो । उहाँको शिक्षा नेपाली भाषा माध्यमा परीक्षा सम्म हो । उहाँ विभिन्न विषयमा तालिम प्राप्त हुनुहुन्छ । विभिन्न २३ ओटा सङ्घ सङ्स्थाहरूमा आवद्ध पनि हुनुहुन्छ । २०१४ साल देखि २०४२ सालसम्म सरकारी नोकरी गर्नु भएका, नोकरीको सिलसिलामा नेपालका विभिन्न जिल्लाामा भ्रमण गर्नु भएका व्यक्ति हुनुहुन्छ उहाँ । धार्मिक तीर्थयात्रामा भारतको चार धाम गर्नु भैसकेको छ । विभिन्न सङ्स्थाहरूबाट कदर पत्र, सम्मान पत्र, प्रशंसा पत्र आदि प्राप्त गरिसक्नुभएको छ ।

श्री ओतबहादुर खड्काजीको कलमबाट लेखिएका विभिन्न विधाका पहिले ७ ओटा र यो सहित ८ ओटा पुस्तक प्रकाशित भैसकेको विवरण उल्लेख भएको पाइन्छ । 'जीव र ईश्वरको दिग्दर्शन' नामको उहाँको पहिलो पुस्तक २०६३ सालमा प्रकाशित भएको हो । त्यसपछि क्रमशः (१) गर्ग सङ्हिताको गोलोक खण्ड (२०६७) अनुवाद (२) रोसीको आवाज कविता सङ्ग्रह (२०६७) (३) नीति र रीति - टिपनटापन (२०६८) (४) अनुभूतिका तरङ्गहरू कविता सङ्ग्रह (२०७०) (५) बैदिक धर्म र आर्य समाज अनुवाद (२०७१) (६) नेपाल माहात्म्य अनुवाद (२०७३) र (७) यो वेद के भन्छ ?

सारसङ्ग्रह (२०७६) हालसम्मको पछिल्लो पुस्तक हो । साथै हरियो वन र राधेश्याम भजन नामक उहाँको २ ओटा सिडीहरू पनि रहेका छन् ।

## अनुवाद

कुनै एउटा भाषामा लेखिएका लेख रचना अरू भाषामा परिणत गर्ने अर्थात् अनुवाद गर्ने प्रचलन विश्वव्यापी रूपमा छ । नेपाली भाषामा अनुवाद सहित्यतर्फ फर्केर हेर्दा देखिएका केही उदाहरणहरू यहाँ उल्लेख गर्नु सान्दर्भिकै होला । इन्दीरसको 'गोपिका स्तुति' सङ्स्कृत भाषामा लेखिएको श्रीमद्भागवत्को एक अंशको अनुवाद हो । यसरी नै आदि कवि श्री भानुभक्त आचार्यज्यूको 'रामायण'- अध्यात्म रामायनको अनुवाद हो । यसरी नेपाली भाषामा अनुवाद गर्ने अनुवादकहरूको क्रममा श्री ओतबहादुर खड्काज्यू पनि नेपाली पाठकहरू समक्ष देखापर्नु भयो । उहाँले अनुवाद गर्नु भएका ४ ओटा पुस्तहरूको नाम उल्लेख भैसकेको छ । अनुवादकको भाषाशैली प्रस्तुतीकरण सरल, गहन, रोचक छ छैन भन्ने विषयको चर्चा पनि गरिने गरिन्छ । श्री ओतबहादुरज्यूको अनुवाद कार्यमा धेरै सकारात्मक पक्षहरू रहेको मैले पाएँ ।

## 'वेद के भन्छ १' कृतिका अवयवहरू

हिजो आज कुनै पुस्तकको पृष्ठ सङ्ख्या ५० भन्दा बढि भयो भने पुस्तक र कम पृष्ठ भयो भने पुस्तिका भन्ने चलन छ । यो पुस्तक ४६ पृष्ठ मात्र भएकोले पुस्तिकाको रूपमा देखा पऱ्यो । तर यसमा रहेको विषय सूचीमा १५ ओटा शीर्षकहरूमा विभक्त गरिएका छन् । विषय सूचीमा परेका प्रत्येक शीर्षकमा रहेका कुरालाई मैले साह्रै कम शब्दहरूमा सीमित गरी निम्न अनुसार प्रस्तुत गर्ने जमर्को गरेको छु ।

### १) श्री गणपति वन्दना

हाम्रो धर्म, सङ्स्कृति अनुसार कुनै पनि कार्यको सुरूमा श्री गणेशाय नमः भनी, गणेशको पूजा प्रार्थना वन्दना गर्ने गरिन्छ । यसरी नै यो पुस्तिकाको पहिलो स्थानमा श्री गणपति वन्दना शीर्षकमा ६ ओटा बुदागत विवरणहरू रहेका छन् । जसमा ऋग्वेदका ५ ओटा र शुक्ल यजुर्वेदको एउटा समेत ६ ओटा सुक्तिहरूको उल्लेख गरी श्री गणपति वन्दा राखिएको छ ।

### २) स्वस्ति वाचन

हामीलाई देवताले दीर्घायु र निरोगी बनाउन् सुरक्षा प्रदान गरून् भन्ने पुकारको भावनालाई नै यहाँ - स्वस्ति वाचन भनिएको छ । आश्विनि देवता, इन्द्र, वृहस्पति, सबैलाई आव्हान गरिएको स्वस्ति वाचन हो ।

### ३) चारवेदको मङ्गलमय सन्देश

शीर्षक अनुसार ऋगवेद, यजुर्वेद, सामवेद र अथर्ववेदका ४ ओटा सन्देश पनि दिइएका छन् । अग्नि, जललाई आव्हान गरी सबैलाई श्रेष्ठ कर्मका लागि प्रेरित गरून् भनी स्तुति गरिएको छ ।

### ४) परम पुरूषको स्तुति

विष्णु परम पुरूष सबै ब्रह्माण्डमा व्यापक रूपमा रहेका छन् । उनीबाट नै ब्रह्माण्डको उत्पत्ति भएको हो । देवताहरूले यज्ञद्वारा परम पुरूषको आराधना गरेको कुरालाई यहाँ स्तुतिको रूपमा चर्चा गरिएको छ ।

### ५) वैदिक सुमार्ग

यसमा ऋग्वेदका ३, शुक्ल यजुर्वेदको १, साम वेदको १ समेत ५ ओटा मन्त्रको नाम उल्लेख गरी जम्मा ५ ओटा बुँदाहरूमा वैदिक सुमार्गहरू उल्लेख गरिएको छ ।

### ६) वेदको प्रार्थना

वेदमा मानव कल्याणका लागि अनेकानेक मन्त्रहरू छन् । तिनको स्वाध्याय तथा चिन्तन मननले उच्च जीवन, उच्च विचारको प्रादुर्भाव हुन्छ भनी ऋग्वेदका ४ ओटा मन्त्रहरू, यजुर्वेदका ७ ओटा मन्त्रहरू, सामवेदका ८ ओटा मन्त्रहरू र अथर्व वेदका ९ ओटा मन्त्रहरू समेतगरी २७ ओटा मन्त्रहरूको सङ्स्कृत भाषामा र त्यसको नेपाली भाषामा अनुवाद गरिएका अर्थहरू दिएका छने । ती सबै मन्त्रहरूले भगवानसँग सुख सद्बुद्धि, तेजस्वी अनेक प्रकारका मनोरथ प्राप्ति सत्यवादी बनाउनका लागि पुकार गरिएको छ । विभिन्न प्रकारका इच्छा पूरा गरी दिने शंत्रु कोही नहुन् भनने कामना गर्ने , दुष्ट बोली स्वभावको नाश होओस्, कुनै प्रकारको भय नहोओस्, जस्ता विषयको प्रार्थना गरिएको छ ।

### ७) वेदबाट कामको साधना गर्ने मन्त्र

चारैओटा वेदहरूका २७ ओटा मन्त्रहरू (क) भूतादि मन्त्र (ख) निर्विघ्न मन्त्र (ग) बाल शान्ति मन्त्र (घ) रोग नाशका लागि मन्त्र (ङ) धन प्राप्तिका लागि मन्त्र (च) पानी पार्ने मन्त्रहरू सङ्स्कृत भाषालाई नेपालीमा कतिपय अनुवाद गरी राखिएको छ । त्यसको नेपाली भाषामा ती मन्त्रहरूले दिने फाइदाहरू पनि उल्लेख गरिएका छन् ।

## ८) वेदमा भगवान प्रार्थना

मन्त्र द्रष्टा ऋषिहरूले वेदका अनेक ठाउँमा लोक कल्याणका लागि भगवनालाई आह्वान गरिएका मन्त्रहरू छन् । यहाँ ऋग्वेदका ३ ओटा, शुक्ल यजुर्वेदका ३ ओटा र अथर्व वेदका ३ ओटा समेत जम्मा ९ ओटा मन्त्रहरू सङ्स्कृत भाषाबाट नेपाली भाषामा अनुवाद गर्दै कतिपयका अर्थ दिइएको छ । भगवानको शरणमा परी प्रार्थना गरेमा फल प्राप्त हुने कुराको पनि चर्चा गरिएको छ ।

## ९) वेदको परिचय

वेद भनेको देवता, पितृ र मानिसको आँखा हो । यो केवल बह्म विद्याको ग्रन्थ मात्र होइन, खयम् बह्म नै हो । वेदको मूल चार सङ्हितामा, ब्रह्माण भाग र त्यसका ब्राह्मण, आरण्य, उपनिषद् ३ विभागमा विभक्त छन् । वेदले धर्म, अर्थ, काम र मोक्षका कुरालाई प्रतिपादन गर्छ । यसको व्याख्या वेदाङ्गवार हुन्छ । वेदाङ्गका ६ प्रकार छन्ः शिक्षा, कल्प, व्याकरण, निरूक्त, छन्द र ज्योतिष । ४ वेदका ४ उपवेद हरू छन्ः आयुर्वेद, धनुर्वेद, गन्धर्ववेद र स्थापत्यवेद । वेदको उपब्रह्म इतिहास पुराण आदिबाट भएको हो । यसैको पुराणलाई वेदको पाँचो भाग पनि भनिएको छ ।

## १०) वेदको प्रादुर्भाव

विद्वानहरूले वेदलाई सनातन, नित्य, अपौरूषेय मानेका छन् । वेदको उत्पत्ति ईश्वरीय ज्ञानका रूपमा भएको छ । सृष्टिको आदिमा परमात्मा प्रभुले ब्रह्माजीलाई प्रकट गर्नु भएको हो । यसरी वेदको ईश्वरीय ज्ञान कालान्तरमा सबैका लागि प्राप्त हुँदै आएको हो । यसमा शौनकदि ऋषि, याज्ञवलक्य वेदव्यासहरूले पनि वेदलाई मनन गरेर त्यसलाई मन्त्रका रूपमा लिइयो र त्यसलाई छन्द पनि भनियो । जसले मानिसको रक्षा गर्दछ त्यसैलाई छन्द भनिन्छ पनि भनियो । भोजन आदि सबै पदार्थ दिनेहरूलाई नै देवता भनियो । पृथवीका स्थानीय देवता अग्नि, अन्तरिक्षका स्थानीय देवता वायु वा इन्द्र र द्युलोकका स्थानीय देवता सूर्यलाई मानियो । मन्त्र वा सुक्तलाई नै देवत्व शक्ति मानिएको छ ।

सूर्य, गणेश, विष्णु, देवी आदि देवताहरूलाई नै देवता नै मानिन्छ । वेदबाट नै धर्मको उत्पत्ति भएको हो । कुनै पनि मानिसद्वारा वेद बनाइएको होइन । वेद एउटा देशको मात्र होइन सबै देशको मानिन्छ ।

## ११) वेदमा पाइने शिक्षाप्रद आख्यान

ऋषिमुनिले वेदलाई अक्षय ज्ञानको विधान मान्दछन् । प्राचीनतम मानवीय

इतिहास, सामाजिक नियम, राष्ट्रधर्म, सदाचार, कला आदिको ज्ञान प्राप्त गर्ने, साधन भनेकै वेद ग्रन्थ हो । यसको अन्तिम लक्ष्य भनेकै मोक्ष प्राप्ति हो ।

कर्म काण्ड, उपासना काण्ड र ज्ञान काण्डका बारे वेदमा बताइन्छ । गृहस्थी जीवनमा अपनाउनु पर्ने ब्रह्मयज्ञ, देवयज्ञ, भूतयज्ञ, पितृयज्ञ र मनुष्ययज्ञ जस्ता कुराको बारेमा पनि वर्णन गरिएको पाइन्छ । सबै प्रकारका यज्ञ सात्विक, राजसिक, तामसिक गरी तीन प्रकारका मानिएको छ । मानवचित्तलाई कुकर्ममा लाग्न नदिई सत्कर्मतिर लाग्ने प्रेरणा दिइएको छ ।

**१२) वेदमा मन्त्र**

वेदमा अनेक मन्त्रहरू अभीष्टसिद्धिका लागि राखिएका छन् । ती सूक्तरूपी मन्त्रहरू दार्शनिक सूक्तमा पुरुष सूक्त, हिरण्यगर्भ सूत्र, वाक् सूत्र र नासदीय सूत्रका रूपमा प्रसिद्ध मानिन्छन् । प्रथम भागमा सृष्टि सूक्तका सृष्टिको पहिलो अवस्था, दोस्रो भागमा नामरूपादिविहीन सत्ता रहेको र तेस्रो भागमा सृष्टिको दुर्ज्ञेयता (जानि नसकिने) कुराको निरूपण गरिएको छ । नासकीय सूक्तको गणना विश्वका शिखर साहित्यमा गणना गरिएको भनी चर्चा गरिएको छ ।

**१३) वेदको आध्यात्मिक सन्देश**

यसमा अनुवादकद्वारा ऋक्वेदका चार ओटा, अथर्ववेदका तीन ओटा, सामवेदको एउटा र यजुर्वेदका दुईओटा मन्त्रहरूको जम्मा १० ओटाको सङ्स्कृतमा समेत उल्लेख गरी नेपाली भाषामा समेत अनुवाद गरी सङ्क्षिप्त व्याख्या गरिएको पाइन्छ ।

गायत्री मन्त्रलाई सबभन्दा उत्तम मन्त्र मानिन्छ भने जुवा नखेल्नु, अरूको धनसम्पत्तिमा लालच नगर्नू, मानिस र सबै प्राणीलाई कुनै प्रकारको दुःख र कष्ट नदिनू, सत्यको मार्गमा हिड्नू जस्ता सन्देशलाई वेदको आध्यात्मिक सन्देश मानिन्छ ।

**१४) परिशिष्ट**

मन्त्र जप्ने तीन प्रकारका वाचिक, उपास र मानस छन् भनिएको छ । होमसम्बन्धी जानकारी दिने क्रममा होम गर्न चाहिने साधन छोराछोरी जन्माउन खीरको हवन, लक्ष्मी प्राप्तिका लागि घिउमा मुछिएको अन्नले हवन गर्ने तथा स्मृति प्राप्तिको लागि घिउ, बेलपत्र र तिलजातु वस्तुले होम गर्नु भनी जानकारी दिइएको छ । अन्य जानकारी भन्दै आगोमा हिंड्ने, दाँतको कीरा झार्ने, आँखाबाट आँसु झर्ने रोग निको पार्न र स्मराण शक्ति बढाउने उपायको पनि जानकारी दिइएको पाइन्छ ।

१५) यस कृतिका प्रकाशक शब्दयात्रा प्रकाशनका अध्यक्ष हरि मन्जुश्रीज्यूको शब्दमा 'यस पुस्तिकाको अध्ययनबाट हजारौं' वर्ष पहिलेका हाम्रा पूर्वजहरूको चिन्तन मननको स्तर कति माथि रहेछ भन्ने कुरा यस पुस्तिकाबाट बुझ्न सकिन्छ ।

१६) यस पुस्तिकाको भूमिकाका लेखक श्री मुकुन्दप्रसाद उपाध्यायका शब्दमा 'यो पुस्तिका छोटकरीमा वेदबारे बुझ्न जान्न चाहने युवा पुस्ताका लागि आवश्यक पाठ्यसामग्री बन्न सक्छ ।'

१७) लेखक ओतबहादुर खड्काज्यूले आफ्नो भनाइमा 'अहिलेसम्म नेपालीमा लेखिएका वेदसम्बन्धी पुस्तकहरू सर्वसाधारण नेपाली पाठकले बुझ्न कठिन होला भनी 'वेद के भन्छ ?' भन्ने शीर्षक राखी सङ्क्षिप्त रूपमा हिन्दी भाषाबाट नेपालीमा अनुवाद गरी प्रकाशित भएको' कुरा समेत उहाँ जानकारी दिनु भएको देखिन्छ ।

समग्रमा यो पुस्तिका प्राचीन हिन्दू सङ्स्कार कसरी पालना गर्नु पर्दछ र हुँदैआएको भन्दै न्यूनतम मूल्य रू.६०/- कायम गरी प्रकाशित यो कृति हाम्रा लागि ज्यादै पठनीय, सङ्ग्रहनीय र महत्त्वपूर्ण रहेको छ भन्ने मलाई लागेको छ ।

अस्तु ।

****



ओतबहादुर खड्का



# ईशावास्योपनिषद् - एक परिचर्चा

## प्रारम्भ

शुक्ल यजुर्वेद संहिताको चालीसौँ अध्यायको नाम ईशावास्योपनिषद् हो । वेद र उपवेदहरूपछि वेदकै अंशको रूपमा उपनिषद्लाई मानिन्छ । उपनिषद्को बारे धेरै विद्वान् लेखकहरूले यसको व्याख्या र विवेचना गरी लेखिएका संस्कृत भाषा, हिन्दी भाषा, नेपाली भाषा, अङ्ग्रेजी भाषालगायतामा अनेकौं पुस्तकहरू पाइन्छन् । यसको शाब्दिक अर्थ हो उप+नि+षद्=उपनिषद् हो । उपनिको अर्थ निष्ठापूर्वक वा दृढतापूर्वक अध्ययन गर्नु र षद् भनेको परमात्मालाई प्राप्ति गर्नु हो भनिन्छ । शाब्दिक अर्थ गुरुद्वारा शिष्यलाई सँगै बसेर बताउने रहस्य हो । यसले अद्वैतको उपदेश र आत्मविद्याका तत्त्वहरूको उपदेश दिन्छ ।

विशुद्ध तत्त्वज्ञानको निरूपण गर्ने वेदको ज्ञानकाण्डलाई उपनिषद् भनिन्छ । वेदको निष्कर्षलाई बताउने हुनाले यसलाई वेदान्त पनि भनिन्छ । जीव र ब्रह्मको एकता नै उपनिषद्को विषय हो । दुःखको सम्पूर्णतया निवृत्ति र परम आनन्दको प्राप्ति नै उपनिषद्को प्रयोजन हो । त्यसैले ब्रह्मलाई बुझ्न चाहनेहरूले उपनिषद्को अध्ययन गर्नुपर्छ । उपनिषद्हरू सनातन धर्मका मूल आधार हुन् । सम्पूर्ण ज्ञानका स्रोत निराकार अज्ञेय ईश्वर नै यसका प्रणेता मानिन्छ । ईश्वरको अनुग्रह र प्रेरणाले ऋषिमुनिहरूका माध्यमबाट प्रकट भए । तिनीहरू धर्मका प्रवक्ता मानिन्छन् । सुरुमा उपनिषद्हरूको सङ्ख्या ११८० रहेको मानिन्छ । तर कालान्तरमा मानिसहरूको स्मृतिबाट हराउँदै गए । वर्तमान समयमा १०८ ओटा उपनिषद्हरू मात्र भेटिन्छन् । त्यसमा पनि विषय वस्तुको गहनता र महत्वको आधारमा हिजो आज १० ओटा उपनिषद्हरू मात्र चलनचल्तीमा रहिआएको देखिन्छ ।

## उपनिषद् र यो टिप्पणीकारको सन्दर्भ

म (यस लेखका टिप्पणीकार) सन् १९७५ मा इङ्लान्ड (बेलायत) को बर्कसायर रेडिङ विश्वविद्यालयमा पोष्ट ग्र्याज्युएट डिग्रीको लागि अध्ययनरत विद्यार्थी थिएँ । त्यस विश्वविद्यालयको मूल प्रवेशद्वारमा एक अङ्ग्रेज पहरेदार (पाले) ले म नेपालबाट आएको विद्यार्थी भन्ने चिनेर उहाँले मलाई अङ्ग्रेजी भाषामा लेखिएको एउटा

किताब उपहार दिनुभयो । त्यो किताब भक्ति वेदान्त स्वामी प्रभुपादज्यूले लेख्नुभएको १२९ पृष्ठ रहेको ईशावास्योपनिषद् थियो । मैले त्यो किताब त्यसै बेला पढेको थिएँ । तर त्यसलाई मैले राम्ररी बुझ्न सकिँन । म नेपालमा फर्किसकेपछि उपनिषद्को बारेमा लेखिएका विभिन्न किताबहरू पढ्न थालैं र आज यो लेख तिनै किताबहरूको आधारमा तयार गरेको छु । उपनिषद् विषयका विभिन्न ऋषिमुनि, दार्शनिक, लेखकहरूको नाम चर्चा गर्दा सर्वप्रथम जगतगुरु श्रीशङ्कराचार्यको नाम लिन चाहन्छु । उहाँले खासगरी १० ओटा उपनिषद्हरू १) ईश २) केन ३) कठ ४) प्रश्न ५) मुण्डक ६) माण्डुक्य ७) तैत्तरीय ८) ऐतरेय ९) छान्दोग्य १०) वृहदारण्यक रहेका छन् । यो लेखमा म पहिलो एउटा ईशावास्योपनिषद्मा मात्र सङ्क्षिप्त रूपमा चर्चा गर्न लागेको छु ।

## मन्त्र

मन्त्रको सम्बन्धमा वैज्ञानिकहरूको विचार यहाँ सान्दर्भिक लागेर एउटा किताबबाटा उद्धृत गरी यहाँ जोड्न खोजैं । विज्ञान न्यूरो साइन्ससँग सम्बन्धित छ । स्नायु विज्ञानले दिमागको व्यवहार र कार्यसँग केकस्तो सम्बन्ध छ ? भनी खोजी गर्छ । मन्त्रको प्रयोगले दिमागको गतिमा स्वाभाविकता ल्याउँछ । व्यक्तिको शारीरिक, मानसिक तथा आत्मिक अवस्थाअनुसार मिल्दो मन्त्र जुल्दो जप गर्नुपर्छ । विभिन्न विषयका अलग-अलग मन्त्रहरू छन् । जस्तै गायत्री मन्त्र, महामृत्युञ्जय मन्त्र, धन, स्वास्थ्य, सफलता, रोगमुक्ति, दीर्घायुको लागि तान्त्रिक मन्त्र हुन्छन् । पौराणिक मन्त्रहरू जोसुकैले पनि जपे हुन्छ । मन्त्र तरङ्ग (Wave) सँग सम्बन्धित हुन्छ अर्थात् कम्पनसँग सम्बन्धित हुन्छ । तान्त्रिक मन्त्र, वैदिक, सनातनी परम्पराका तन्त्रहरू हुन्छन् । विज्ञानी शब्दमा तरङ्ग अध्यात्म विज्ञान (Vibrant Spiritual Science) हो । यसले शरीरको तान (Loom/Fibre) लाई क्रियाशील बनाउँछ । तन्त्र साधना गर्दाको ध्यानले रक्तचाप, कोलोस्टेरोल, तनाव, डिप्रेसनजस्ता कुराहरू हराउँछ । दिमागलाई क्रियाशिल बनाउँछ ।

*मन्त्र उद्धृत : "पुर्ख्यौली विज्ञान" - प्रा. डा. विद्यानाथ कोइराला, महेश-संस्कत-गुरुकुलम्-रामानन्द अनुसन्धान केन्द्र*

## शान्तिपाठ

कुनै पनि काम गर्नुअघि सर्वप्रथम शान्ति प्रार्थना गर्ने प्रचलन छ । यसअनुरूप यो पाठ यहाँ समावेश भएको पाइन्छ ।

*ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते । पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥*

*ॐ शान्तिः शान्तिः शान्तिः ।*

ॐ त्यो परब्रह्म पूर्ण छ र यो कार्यबह्म पनि पूर्ण छ; किनभने पूर्णबाट पूर्ण नै उत्पत्ति हुन्छ । तथा प्रलयकालमा पूर्ण (कार्यब्रह्म)को पूर्णत्व लिएर (आफूमा लीन गरी) पूर्ण (परब्रह्म) नै बाँकी रहन्छ । यो त्रिविध तापको शान्ति हो ।

**प्रथम मन्त्र**

*ईशा वास्यमिदं सर्वं यत्किञ्च जगत्यां जगत् ।*

*तेन त्यक्तेन भुञ्जीथा मा गृथः कस्य स्विद्धनम् ॥१॥*

मानिसले कुनै कुराको लोभ नगरी त्यागको भावनाद्वारा नै आफूलाई संसारको आशक्तिबाट जोगाउनुपर्दछ । यो सम्पूर्ण संसार परमात्माकै हो भन्ने विचार गरी लोभलाई नष्ट गर्नुपर्छ । यो मन्त्रले निवृत्ति मार्गका अनुयायीहरूको लागि मार्ग निर्देशन गर्दछ ।

**दोस्रो मन्त्र**

*कुर्वन्नेवेह कर्माणि जिजीविषेच्छतं समाः ।*

*एवं त्वयि नान्यथेतोऽस्ति न कर्म लिप्यते नरे ॥२॥*

सम्पूर्ण संसारमा त्यागपूर्वक हामीले आत्मदृष्टि लगाउनुपर्दछ । त्यसो गर्न नसक्नेले निष्काम कर्मको अनुष्ठान गर्नुबाहेक संसारमा कल्याणको अर्को कुनै तेस्रो बाटो छैन । यस मन्त्रले सकाम र निष्काम दुवै थरी प्रवृत्ति धर्मको निरूपण गरिएको छ ।

**तेस्रो मन्त्र**

*असुर्या नाम ते लोका अन्धेन तमसाऽऽवृताः ।*

*तांस्ते प्रेत्याभिगच्छन्ति ये के चात्महनो जनाः ॥३॥*

अज्ञानी व्यक्ति जन्मिने, मर्ने यो भौतिक शरीरलाई नै आफू भन्ने ठान्दछ । जन्म र मृत्युसँग म पनि जन्मैं र मरैं भन्दछ । यो मन्त्रले त्यस्ता आत्मघाती पापीहरूको लागि अज्ञानमय सुँगुर, कुकुर आदि योनिमा जन्म लिने बताइएको छ र अज्ञानीहरू बारम्बार संसार चक्रमा पिल्सिरहन्छन् ।

**चौथो मन्त्र**

*अनेजदेकं मनसो जवीयो नैनद्देवा आप्नुवन् पूर्वमर्षत् ।*

*तद्धावतोऽन्यानत्येति तिष्ठत्तस्मिन्नपो मातरिश्वा दधाति ॥४॥*

आत्मालाई इन्द्रियहरूले भेट्टाउन नसक्ने र त्यसकै आधारमा जगत्को व्यवस्था चल्ने कुरा यहाँ बताइएको छ । आत्माकै सत्ता एवम् चैतन्यलाई पाएर सम्पूर्ण सूक्ष्म शरीरका अभिमानी ती हिरण्यगर्भले सम्पूर्ण ब्रह्माण्डभरि आफ्नो शासन चलाउँछन् भनी आत्मतत्त्वको बारे वर्णन गरिएको छ ।

**पाँचौं मन्त्र**

*तदेजति तन्नैजति तद् दूरे तद्वन्तिके ।*
*तदन्तरस्य सर्वस्य तदु सर्वस्यास्य बाह्यतः ॥५॥*

आत्मतत्त्व वास्तविक रूपमा अचल भए पनि विभिन्न प्राणीहरूको रूपमा त्यही चल्दछ । प्राणीहरूको इन्द्रियले भेट्न नसक्ने भएकोले त्यो टाढाभन्दा टाढा छ, तर हृदयभित्रै साक्षीरूपले रहेकाले त्यो अत्यन्त नजिक पनि छ । सम्पूर्ण प्राणीहरूको भित्र त्यही छ र विश्व ब्रह्माण्डको सीमाभन्दा बाहिर पनि त्यही तत्त्व व्याप्त छ ।

**छैठौं मन्त्र**

*यस्तु सर्वाणि भूतान्यात्मन्येवानुपश्यति ।*
*सर्वभूतेषु चात्मानं ततो न विजुगुप्सते ॥६॥*

जुन व्यक्तिले सम्पूर्ण प्राणीहरू आफूभित्र छन् र ती सबै प्राणीहरूभित्र आफू नै छु भन्ने अनुभव गर्दछ, त्यो व्यक्ति सर्वस्वरूप बन्दछ । आफूभन्दा भिन्न कोही नभएकोले उसले कसैलाई घृणा गर्दैन ।

**सातौं मन्त्र**

*यस्मिन्सर्वाणि भूतान्यात्मैवाभूद्विजानतः ।*
*तत्र को मोहः कः शोक एकत्वमनुपश्यतः ॥७॥*

सबैतिर एउटै आत्मतत्त्वलाई देख्ने व्यक्तिका लागि सम्पूर्ण प्राणीहरू आफूभन्दा अभिन्न नै हुन्छन् । यस प्रकार आफ्नो वास्तविक स्वरूपलाई साक्षात्कार गरिसकेपछि ज्ञानी व्यक्तिका शोक र मोह कुनै पनि रहँदैनन् ।

**आठौं मन्त्र**

*स पर्यगाच्छुक्रमकायमव्रणमस्नाविरं शुद्धमपापविद्धम् ।*
*कविर्मनीषी परिभूः स्वयम्भूर्याथातथ्यतोऽर्थान् व्यदधाच्छाश्वतीभ्यः समाभ्यः ॥८॥*

स्वयम् प्रकाश आत्मतत्त्वमा शरीरको सम्बन्ध छैन । त्यसमा नाडी, नसा र घाउ चोटपटकहरू छैन । त्यो सर्वज्ञ छ र मन, इन्द्रिय आदिको सबैको मालिक हो । यो मन्त्रले आत्माको निरुपाधिक, निर्विशेष स्वरूपलाई बताइएको छ । सूक्ष्मभन्दा

सूक्ष्म र व्यापकभन्दा पनि व्यापक भएको आत्मज्ञानको रहस्य उद्‌घाटन गरिएको छ । कर्मयोगलाई उपासनासहित गर्नुपर्छ ।

### नवौं मन्त्र

*अन्धं तमः प्रविशन्ति येऽविद्यामुपासते ।*
*ततो भूय इव ते तमो य उ विद्यायां रताः ॥९॥*

सबै सकाम कर्महरू अज्ञानमय छन् । अज्ञानमय कर्मको अनुष्ठान गर्ने व्यक्तिहरू बारम्बर अज्ञानमय संसारमा फसेका हुन्छन् ।

### दशौं मन्त्र

*अन्यदेवाहुर्विद्ययान्यदाहुरविद्यया ।*
*इति शुश्रुम धीराणां ये नस्तद्विचचक्षिरे ॥१०॥*

देवोपासनाद्वारा देवभावको प्राप्ति र सकाम कर्मद्वारा पदार्थ भोगहरूको प्राप्ति गरी अलग-अलग फल प्राप्त हुने व्यवस्था शास्त्रहरूले गरेका छन् ।

### एघारौं मन्त्र

*विद्यां चाविद्यां च यस्तद्वेदोभयं सह ।*
*अविद्ययां मृत्युं तीर्त्वा विद्ययामृतमश्नुते ॥११॥*

जुन व्यक्तिले कर्म र उपासना यी दुवैलाई साथसाथै अनुष्ठान गर्दछ, त्यो व्यक्तिले धर्मद्वारा दरिद्रता, असक्षमताजस्ता मृत्युलाई टार्दछ भने देवोपासनाद्वारा देवभावरूपी अमृतलाई प्राप्त गर्दछ ।

### बाह्रौं मन्त्र

*अन्धं तमः प्रविशन्ति येऽसम्भूतिमुपासते ।*
*ततो भूय इव ते तमो य उ सम्भूत्यां रताः ॥१२॥*

अव्यक्त प्रकृतिको उपासना गर्ने व्यक्तिहरू प्रकृतिमा लीन हुन्छन् । तिनीहरू अज्ञानमय संसारभन्दा माथि उठ्न सक्दैनन् । कार्य ब्रह्म हिरण्यगर्भको उपासना गर्ने उपासकहरूले अनेक सिद्धि र ऐश्वर्यहरू प्राप्त गर्ने कारणले झन् बढी अहङ्कारले ग्रस्त भई अन्धकारमा पिल्सिन्छन् ।

### तेह्रौं मन्त्र

*अन्यदेवाहुः सम्भवादन्यदाहुरसम्भवात् ।*
*इति शुश्रुम धीराणां ये नस्तद्विचचक्षिरे ॥१३॥*

कार्यब्रह्म हिरण्यगर्भको उपासनाबाट अनन्त ऐश्वर्य र सिद्धिरूपी फल प्राप्त

हुन्छ । अव्यक्त प्रकृतिको उपासनाबाट प्रकृतिलयको अवस्था प्राप्त हुन्छ । दुई थरी उपासनाको रहस्य विद्वान्हरूले बताउने गरिन्छ ।

**चौधौं मन्त्र**

*सम्भूतिं च विनाशं च यस्तद्वेदोभयं सह ।*
*विनाशेन मृत्युं तीर्त्वा सम्भूत्यामृतमश्नुते ॥१४॥*

सम्भूति भनेको कार्यब्रह्म र असम्भूति भनेर त्यसको कारण भएको प्रकृति र व्याकृत हिरण्यगर्भको उपासना सँगसँगै गर्नुपर्ने विधान गरिएको छ ।

**पन्ध्रौं मन्त्र**

*हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम् ।*
*तत्त्वं पूषन्नपावृणु सत्यधर्माय दृष्टये ॥१५॥*

उपासकले आफ्नो उपास्य देवतासँग प्रार्थना गरिएको छ । यस मन्त्रलाई विष्णु, रूद्र देवी आदि सगुण ब्रह्मको उपासकले गरेको प्रार्थनाको रूपमा लिएको छ । कार्यब्रह्म हिरण्यगर्भको उपासना र सगुण ब्रह्मया परमात्माको उपासना गरी दुवै थरी भावमा प्रस्तुत मन्त्रको अर्थ गर्न सकिन्छ ।

**सोह्रौं मन्त्र**

*पूषन्नेकर्षे यम सूर्य प्राजापत्य व्यूह रश्मीन्समूह ।*
*तेजो यत्ते रूपं कल्याणतमं तत्ते पश्यामि योऽसावसौ पुरूषः सोऽहमस्मि ॥१६॥*

प्रजापतिका पुत्र सूर्यलाई आह्वान गरी सूर्य मण्डल अभिमानी चेतन र यो शरीरभित्र अवस्थित चेतन म एउटै हो ।

**सत्रौं मन्त्र**

*वायुरनिलममृतमथेदं भस्मान्तं शरीरम् ।*
*ॐ क्रतो स्मर कृतं स्मर क्रतो स्मर कृतं स्मर ॥ १७॥*

शरीर त्याग गरेपछि मेरो आत्मा लोक-लोकान्तरमा नगई यहाँ समष्टि वायुमा मिलोस् र शरीर पनि भष्म भई यही सकियोस् । ओम्कारको उचारण गरी मैले जीवनभरि उपासना गरेका, हे परमात्मा ! अब तिमीले अनुग्रह गरी ज्ञान प्रदान गर्ने आफ्नो कर्तव्यलाई सम्भ । हे आत्मा ! मेरो साधना र आफ्नो कर्तव्य दुवैलाई नबिर्स ।

**अठारौं मन्त्र**

*अग्ने नय सुपथा राये अस्मान्विश्वानि देव वयुनानि विद्वान् ।*
*युयोध्यस्मज्जुहुराणमेनो भूयिष्ठां ते नमः उक्तिं विधेम ॥१८॥*

हे अग्निदेव ! हामीले जीवनभरि गरेका उपासनाका विशिष्ट फलहरू भोग्नको लागि हामीलाई हिरण्यगर्भको लोकसम्म पुऱ्याऊ ।

### सन्दर्भ सामग्री


१) भक्ति वेदान्त स्वामी प्रभु पाद - 'ईशावास्योपनिषद्'

२) '१०८ उपनिषद्', डायमंड पाकेट बुक्स, नयाँ दिल्ली, भारत

३) डा. स्वामी रामानन्द गिरी- ईशादि दश उपनिषद्

४) प्रा. शिवगोपाल रिसाल - 'ईशावास्योपनिषद्'

५) 'ईशावास्योपनिषद्' - गीताप्रेस, गोरखपुर

६) कल्याण मासिक पत्रिका, उपनिषद् अङ्क - गीताप्रेस, गोरखपुर

७) प्रा.डा. विद्यानाथ कोइराला - पुर्ख्यौली विज्ञान


****












# पाशुपत योग : एक उपयोगी पुस्तक

**प्रारम्भ**

महात्मा सुशीलज्यू हाल पाशुपत योग आश्रममा साधनारत भई रहनु भएको छ । विगत ३० वर्ष देखि निरन्तर योग साधनामा लागि रहनु भएको छ । आफ्नो आश्रममा आएका भक्तजनहरूलाई योग र अध्यात्म दर्शनको प्रवचन गर्ने र योग सिकाउने कार्य गरिरहनुभएको छ । प्रत्येक सोमवार बिहान ५ बजे देखि नेपाल टेलिभिजनमा पाशुपत योग बारे प्रवचन दिने कार्यक्रम प्रस्तुत गर्दै आउनु भएको थियो । यस पुस्तकलाई श्रव्य तिमिल्सिनाज्यूले अङ्ग्रेजी भाषामा अनुवाद गरी प्रकाशन गर्नुभएको छ । २०७६ साल महाशिवरात्री एवम् पाशुपात योग दिवसको शुभ अवसरमा उहाँले लेख्नुभएको 'पाशुपत योग' किताबको छैठौ संस्करण प्रकाशित गर्नुभएको छ । उहाँले उक्त किताब एक प्रति - 'आदरणीय डा. इन्दुल के.सी. बाबालाई सप्रेम उपहार' भनी लेखी मलाई दिनु भएको थियो । मैले पाएको उक्त किताबलाई पढि सकेपछि सो पुस्तकलाई आधार मानी यो मेरो सानो लेख निम्नअनुसार पाठक समक्ष प्रस्तुत गरेको छु ।

महात्मा सुशीलज्यूले २०७६ सालदेखि २०७८ सालसम्म प्रत्येक सोमबार नेपाल टेलिभिजनमा योगको प्रवचन, योगाभ्यास गरिएको दृश्य छायाङ्कन गरी १५६ भाग प्रसारण गर्नुभयो । जसलाई अहिले पनि युट्युभमा दर्शकहरूले हेर्न सकिने व्यवस्था गरिएको पाइन्छ ।

यस किताबलाई ११ ओटा खण्डहरूमा विभक्त गरिएको रहेछ ।

**अग्र लेख**

यस किताबको अग्र लेखको रूपमा श्री कमल रिजालज्यूले लेख्नु भएको साथै २०७२ साल साउन १६ गते शनिबारको गोरखापत्रमा प्रकाशित समाचार (लेख) यहाँ साभार स्वरूप रहेकोबाट मैले निम्न २ वडा अनुच्छेदहरू उद्धृत गरेको छु :-

१. '— विशेष गरी पुस्तकमा विभिन्न किसिमका आसन, तिनको प्रयोग र त्यसबाट हुने लाभको पक्षलाई केलाउने प्रयास गरिएकाले यसको सैद्धान्तिक पक्षभन्दा व्यावहारिक पक्ष भएको छ ।

पाशुपत योग १ पाशुपत-धर्म ११ (सनातन वैदिक धर्म) र हिम्वत्खण्ड भन्ने कुरा नेपालको संविधानमा उल्लेख हुनु पर्दछ भनी आफ्नो धारण प्रस्तुत गर्नुभएको छ । वर्तमान नेपालको संविधानले नेपाल राष्ट्र धर्म निरपेक्ष भनी लेखिसकेको अवस्थामा किताबका लेखक महात्मा सुशीलजीले आफ्नो भावना-इच्छा आफ्नो स्वतन्त्रताको

हकलाई निर्भिक भएर यस किताबको माध्यमद्वारा आफ्नो विचार प्रस्तुत गर्नु भएकोछ ।

**किताबमा रहेको खण्डहरू :-**

यस किताबलाई निम्न अनुसार ११ खण्डमा विभक्त गरी प्रत्येक खण्डमा निम्न अनुसार विषयहरू समोवश गरिएका छन् ।

१. प्रथम खण्डमा - चार महावाक्यहरू २. द्वितीय खण्डमा - गुरू महिमा ३. तृतीय खण्डमा - क) मन्त्र योग, (ख) यम-धर्मका दस लक्षणहरू ४. चतुर्थ खण्डमा - नियम - धर्मका दस लक्षणहरू

५. पञ्चम खण्डमा - हठयोग, सूर्यनमस्कार योगासन ६. षष्ठम् खण्डमा - क) प्राणायाम, ख) पञ्चम प्राण र उप प्राणहरूका कार्यहरू ग) प्राणायाम विधि ७. सप्तम खण्डमा - क) लय योग ख) प्रत्याहार ८. अष्टम खण्डमा - धारणा ९. नवम खण्डमा क) राज योग  ख) ध्यान ग)कुण्डली शक्ति १०. दशम खण्डमा - समाधि ११. एकदश खण्ड - शरीरको पञ्च अवस्था क) पञ्चकोश र जीवात्माको पञ्चअवस्था - ईश्वर गीता २० अक्षमालिकोपनिषद् ३० लाङ्गुलोपनिषद् यसको साथै सिध्द कुञ्जिका स्तोत्रम् रहेका छन् ।

यस किताबमा रहेका चित्रहरू ब्रम्हाण्डका : - पञ्च ब्रम्ह - शिव, ब्रम्हा विष्णु, सूर्य महालक्ष्मी, विश्वको सर्वोच्च शिखर सगरमाथा नेपाल, योगका अधिपति रूप - भगवान दत्तात्रय, योग विधाको पूर्ण गुरू गुरू महायोगी सच्चिदानन्द विशुद्ध देवज्यू र उनै विशुद्ध देवज्यूबाट सन्यास प्राप्त गर्नु भएका संस्थापक (लेखक स्वयम्) महात्मा सुशीलज्यूको सुन्दर फोटोहरू समावेश गरिएका छन् । यी चित्रको फोटोहरू किताबको विषयवस्तुसँग जोडिएका छन् र सान्दर्भिक छन् ।

**अन्तमा**

सत्य युगमा भगवान् सदा शिवजीबाट माता श्री पार्वती देवीलाई दिनु भएको योगको शिक्षालाई माथि उल्लेख भएका १) चरित्र विज्ञान, २) शिवसङ्हिता, ३) घेरेन्द्र संहिता, ४) हठयोग प्रदीपीका जस्ता अति महत्त्वपूर्ण एवम् दुलर्भ ग्रन्थहरूको सार यस किताबमा दिइएको पाइन्छ । लेखक महात्मा सुशिलज्यूले आफना योग गुरूहरूबाट सिकेका योगलाई आफूले जीवनमा वर्षौं वर्ष स्वअभ्यास गर्नुको साथै संयौ व्यक्तिहरूलाई आफूले योग-शिक्षा दीक्षा दिंदाको विभिन्न अनुभव समेतलाई आधार बनाइ यो किताब तयार गर्नु भएको देखिन्छ । योगबाट अलग हुनु भनेको वियोग हो । कोही व्यक्ति योगबाट अलग भयो भने त्यो वियोगी हुन जान्छ । योगको सैद्धान्तिक ज्ञानको साथै स्वयम्ले अभ्याससमेत गरी आफू निरोगी हुन चाहनेहरूको लागि उक्त पुस्तक ज्यादै उपयोगी देखिन्छ ।






महात्मा सुशील




# Pāśupata Yoga Practice Place

World Heritage Pashupati Area, Kathmandu, Nepal
Phone: +977-9813046462, E-mail: pashupatyoga11@gmal.com

**President**
Mahatma Sushil

**Vice President**
Ram Kumar Thakur
Santosh Devkota

**General Secretary**
Dr. Indul K.C.

**Secretary**
Ramesha Adhikari

**Treasurer**
Keshab Prasad Chaulagain

**Co-Treasurer**
Puja Sharma

**Advisors**
Prem Hari Dhungana
Dhruva Kumar Shah
Uddhava prasada Bhattarai
Kul Bahadur Pandey

**Members**
Vina Basnet
Nanu Thapa
Pratiksha Shah
Sarala Sharma
Suraj Thapaliya
Chandraman Suwal

Date:- April 7, 2019

## *Om Namaha Shivaya*

Mahatma Sushil took the trouble of writing this book Pashupat Yoga for the welfare for the mankind and to spread the knowledge of Pashupat Yoga in the world. His objective is holy and noble. Originally he had written in Nepali, now Mr. Shrabya Timsina is translating it into English, our sincere gratitude to him for his restless effort.

We believe that now more readers will get benefit from this English translation of Pashupat Yoga.

We are sure that this book will be considered as a milestone by the readers.

Our sincere thanks to all who are directly and indirectly involved in publishing this book.



Dr. Indul K.C. (Yogacharya)
General Secretary



Ramesh Adhikari (Astrologer)
Secretary

# साधना-सूत्र परिचर्चाको आलोकमा

## शुभारम्भ

श्री योगाचार्य उद्धवप्रसाद भट्टराईज्यूले आफू लेखक एवं सङ्कलक भई प्रकाशन गर्नुभएको पुस्तक पढ्ने अवसर मैले पाएँ । हृदयस्पर्शी, महानतम् अनुभूति, विशिष्टतम् साधना, आत्मज्ञानपरक, ज्ञानबर्द्धक आध्यात्मिक विचार प्रेरक, भक्तिरसपूर्ण एवं रहस्यमय ज्ञान-विज्ञानले ओतप्रोत भएको जीवनउपयोगी नेपाली भाषामा लेखिएको यो पुस्तक पढ्ने र यसमा रहेका अमूल्य ज्ञान र सिप आफ्ना जीवनमा अवलम्बन गर्नुहुने सबैको जीवन धन्य हुनेछ भन्ने मलाई लाग्छ ।

## परिचय

(क) भारतको जम्बु कास्मिरमा जन्मनुभएका स्वामी १००८ सच्चिदानन्द विशुद्धदेव (पूर्णचन्द्र शर्मा)ले दिल्ली विश्वविद्यालयबाट भौतिक शास्त्र, राजनीतिक शास्त्र र दर्शन शास्त्रसमेत तीन विषयहरूमा स्नातकोत्तर गर्नुभएको थियो । साथै वेद, वेदान्त शास्त्र, पुराण, योग, मनोविज्ञान र आयुर्वेद शास्त्रको प्रचुर ज्ञान उहाँले हासिल गर्नुभएको थियो । उहाँले मानसरोवर कैलाश पर्वत नजिकै रहेको गन्धमादन पर्वतमा बिस वर्षसम्म कठोर तपस्या गर्नुभएको थियो । उहाँ चारित्रिक चेतना र आध्यात्मिक ज्ञान प्रसारको सिलसिलामा विश्वका सयौँ मुलुकहरूको यात्रा गरिसकेपछि सन् १९८३ मा नेपाल आउनुभयो । नेपालमा उहाँको बसाइ १८ वर्षमा दाङ जिल्लाको बेलभुण्डी, काठमाडौं स्वयम्भूको गीता मन्दिर, काठमाडौं लाल दरबार तथा काभ्रे जिल्लाको जनागालस्थित हंसदा आश्रममा भएको थियो । उहाँले नेपालमा चरित्र निर्माण सङ्घको स्थापना गर्नुका साथै चरित्र विज्ञान पुस्तक लेखी प्रकाशित गर्नुभयो । नेपालमा हजारौँ शिष्यहरूलाई चरित्र योग-ध्यान आदिको शिक्षा दिनुका साथै सयौँ जनालाई दीक्षा प्रदान गर्नुभयो । स्वामी विशुद्धदेवका शिष्यहरूमा तत्कालीन दरवारका उच्च पदमा रहेका शाही परिवार, राणा परिवारका व्यक्तिहरू, निजामती, सैनिक, बहालवाला तथा भूतपूर्व कर्मचारीहरू, प्रोफेसर, लेखक बुद्धिजीवी तथा सयौँ महिला र सज्जनहरूले उहाँसँग प्रत्यक्ष साक्षात्कार गरी दिव्य चारित्रिक ज्ञान हासिल गरेका थिए । यसै क्रममा उक्त पुस्तकका लेखक श्री उद्धवप्रसाद भट्टराई र यो लेखको पङ्क्तिकार म स्वयम्ले पनि उहाँबाट ज्ञानगुनका शिक्षा प्राप्त गर्नुको साथै दीक्षित हुने सौभाग्य पाएका थियौँ ।

यहाँ चर्चा गर्न लागेको उक्त पुस्तकमा २६८ पृष्ठ छन् । यसको आकर्षक

आवरण कला श्री माधवप्रसाद भट्टराईज्यूबाट तयार गरिएको स्वामी विशुद्धदेवज्यूको रङ्गीन चित्रले सजिएको छ । यो पुस्तक पाँच भागमा विभक्त छ । प्रथम भागमा सनातन चारित्रिक पुरूष श्री १००८ स्वामी सच्चिदानन्द विशुद्धदेवज्यूसँग साक्षात्कार भएका स्वर्णिम ज्ञान र अनुभूतिहरूअन्तर्गत विभिन्न सात ओटा लेखहरू छन् । दोस्रो भागमा वैदिक ऋषिहरूको विचरण स्थल-हिमालय क्षेत्रको सामान्य परिचयअन्तर्गत पाँच ओटा लेखहरू छन् । तेस्रो भागमा स्वर्णिम साधना एवम् चिन्तन अन्तर्गत २४ ओटा लेखहरू छन् । चौथौ भागमा श्रीमद्भागवत् महापुराणसँग सम्बन्धित केही दिव्य ज्ञानमय कथा अन्तर्गत पाँच ओटा लेखहरू छन् । पाँचौं भागमा केही दिव्य महापुरूषहरूको सङ्क्षिप्त जीवनकथाअन्तर्गत पाँच ओटा लेखहरू छन् । यसरी यस पुस्तकमा जम्मा ४३ ओटा साह्रै गहकिला लेखहरू रहेका छन् । यो पुस्तक तयार गर्न लेखकले सन्दर्भ सामग्रीको रूपमा ३८ ओटा विभिन्न पाठ्य सामग्रीहरूको फेहरिस्त पनि उल्लेख गर्नुभएको छ ।

(ख) लेखक श्री उद्धव प्रसाद भट्टराईज्यूका आर्थिक, सामाजिक, आध्यात्मिक, शैक्षिक, राजनैतिक, प्रसिद्ध माहात्माहरूको जीवनी तथा सन्देश र चारित्रिक चेतना सम्बन्धी लेख रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भै रहेको हुँदा धेरै पाठकहरूमा उहाँ परिचित व्यक्ति हुनुहुन्छ । यस पुस्तकको बारे अझ बढी बुझ्न चाहनुहुने महानुभावहरूले लेखक श्री योगाचार्य, उद्धव भट्टराईज्यूलाई (फोन नं. ९८४१३४५०६९) मा सम्पर्क राख्न सक्नुहुनेछ ।

## यस पुस्तकका बारे तीन जना विशिष्ट महानुभावहरूको उद्गार

१. तत्कालीन राजपरिषद् स्थायी समितिका सदस्य डा. स्वामी प्रपन्नाचार्यज्यूले आफ्नो शुभकामना मन्तव्यमा लेख्नुभएको छ– "......मेरा अनन्य मित्र स्वामी विशुद्धदेवजीलाई अँगालेर उद्धवप्रसाद भट्टराईजीले स्वामीजीको बारेमा एउटा परिच्छेद नै पूरा लेखेर स्वामीजीको धेरै ऐतिहासिक कुरा प्रस्ट पार्नुभएको छ । यो अत्यावश्यक काम थियो । जो उद्धवजीले पूरा गर्नुभएको छ ।"

२. शङ्कराचार्य मठ, देवपतन पशुपतिका डा. स्वामी रामानन्द गिरीजीले शुभ सम्मतिमा लेख्नुभएको छ – "..... यस ग्रन्थमा योगाचार्यज्यूले गागरमा सागर भरेझैं जीवनका लागि अत्यन्त उपयोगी, अमूल्य रत्नहरूको सङ्ग्रह गर्नुभएको छ । यो ग्रन्थमा के छैन ? सद्गुरूको लक्षण यस ग्रन्थमा छ भने सत्शिष्यको लक्षण पनि त यसमा छ ।"

३. राष्ट्रकवि माधवप्रसाद घिमिरेज्यूले आफ्नो मन्तव्यमा लेख्नुभएको छ –"......महर्षि विशुद्धदेव एवम् दिव्य साधना-सूत्र" नामक पुस्तकका प्रणेता - योगाचार्य

उद्धवप्रसाद भट्टराईज्यूले महर्षिको जीवनचरित्रलाई सरल शैलीमा लेखेका छन् र स्थिति गत्यात्मक दर्शनलाई पनि रोचक शैलीमा लेखेका छन् ।

**अन्त्यमा**

मस्तिष्कमा समझदारी ! काँधमा जिम्मेवारी !! हृदयमा इमान्दारी भन्ने स्वामी विशुद्धदेवज्यूको महान्वाणीलाई आत्मसात् गरी लेखकले लेखेका यस पुस्तकमा रहेका सबै लेखहरू रोचक छन् र ज्ञानवर्द्धक छन् । मानव जीवनमा चरित्रको ठुलो महत्त्व रहन्छ । सबै मानिसहरू चरित्रवान् हुन सके यो धर्ती नै स्वर्ग हुनेछ । चरित्रवान हुनुका साथै मानिसहरूलाई सही शिक्षादीक्षा प्राप्त हुन जरुरी छ । यसरी नै मानिसहरू निरोगी हुनु पनि अत्यावश्यक छ । यसका लागि अति महत्त्वपूर्ण कुराहरू– योग सङ्स्कृति, आध्यात्मिक साधना, योगसाधना, अष्टाङ्ग योग-यम, नियम, आसन, प्राणायम, प्रत्याहार, धारणा, ध्यान, निर्वाण वा समाधिका बारे पनि यस पुस्तकमा विषद्रूपमा चर्चा गरिएको पाइन्छ । अर्को यस पुस्तकको विशेषताको रूपमा श्रीमद्भागवत् महापुराण महात्म्य, ऋषि गुरु दत्तात्रय, भगवान् श्री कृष्ण, सन्त तुलसीदास, माहात्मा गौतम बुद्ध र शिवपुरी बाबाको बारे पनि समुचित चर्चा गरिएको छ । शुभम् ।

****



योगाचार्य उद्धवप्रसाद भट्टराई



# आफैँलाई चिनाउने कृति: जीवन दर्शन

## दर्शनको पृष्ठभूमि

प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीवन र चेतनाबारेको विवेचना र विश्लेषण गरिने विधालाई दर्शन भनिन्छ । कुनै विषयमा व्यापक रूपमा यथार्थ परिचय दिने शास्त्र - आध्यात्मिक तथा भौतिक वस्तु चिन्तन वा विश्लेषण गरिएको कथन नै अर्को शब्दमा दर्शन हो । वास्तवमा यो एउटा गहन विषय हो । कुनै कथा, निबन्ध या उपन्यास जस्तो सामान्य पाठकले सजिलै दर्शन बुझिने विषय होइन । विभिन्न विषयका अनेकौं नामका दर्शनहरू छन् । पूर्वीय दर्शन, पश्चिमा दर्शन, आध्यात्मिक दर्शन, भौतिकवादी दर्शन इत्यादि नामले दर्शनलाई नामकरण गरिएको पाइन्छ । दर्शनबारे लेखिएका अनेकौं ग्रन्थहरू पाइन्छन् । केही पुस्तकहरूका नाम हुन् : (१) वेदान्त दर्शन (ब्रह्मसूत्र) महर्षि वेदव्यास प्रणित (२) दर्शन शास्त्रको प्रारम्भिक ज्ञान रसियन लेखक - भिक्टर, आफ्ना सयम (३) दर्शन दिग्दर्शन - राहुल सांकृत्यायन (४) सारसङ्क्षेपमा पूर्वीय दर्शन र सारसङ्क्षेपमा पश्चिमी दर्शन पुस्तकहरू - श्री विष्णु अधिकारी (५) पूर्वीय दर्शनको पूनर्व्याख्यान - डा. प्रमोद ढकाल (६) अध्यात्म दर्शन - पवित्र बहादुर खड्का । उल्लिखित पुस्तकहरूले वैदिक दर्शन, भारतीय दर्शन, युनानी दर्शन, इस्लामी दर्शन, बौद्ध दर्शन, युरोपेली दर्शन आदिबारे विशद ज्ञान प्रदान गर्दछ ।

प्रारम्भ (लेखक श्री अर्यालज्यूको सङ्क्षिप्त परिचय)

श्री टीकाराम उपाध्याय अर्यालज्यूले लेख्नुभएको 'जीवन दर्शन' पुस्तक हालै मैले पढ्ने सौभाग्य पाएँ । अर्यालज्यू आध्यात्मिक पुस्तकहरूका एक सशक्त लेखक हुनुहुन्छ । उहाँ एक सफल एवं कुशल प्रशासक पनि हुनुहुन्छ । सरकारको उच्च ओहदाहरू- प्रमुख जिल्ला अधिकारी, क्षेत्रीय प्रशासक एवं विभिन्न मन्त्रालयहरूका उच्च पदहरूमा सेवा गरी हाल सेवा निवृत्त हुनुहुन्छ । सामाजिक अभियन्ता, आध्यात्मिक चिन्तक हुनुको साथै विभिन्न सामाजिक एवं धार्मिक सङ्घ सङ्स्थाहरूमा आवद्ध भई सक्रिय जीवन यापन गरिरहनु भएको छ । उहाँले लेख्नुभएका (१) नेपालको मुलुकी

प्रशासन र प्रशासनिक सुधारहरू (२) सङ्युक्त राष्ट्र सङ्घीय शान्ति सेवामा शाही नेपाली सेनाको सक्रिय योगदान (३) भावनाका तरङ्गहरू (कविता सङ्ग्रह) (४) गीता ज्ञान एवम् जीवन सार र (५) तीर्थ यात्रा पुस्तकहरू नेपाली पाठकहरूको माझ लोकप्रिय रहेका छन् ।

मेरो यो सानो लेखको सन्दर्भ अर्यालज्यूले लेख्नुभएको पुस्तक 'जीवन दर्शन' हो । म एक स्वयम् सामान्य पाठकको हिसाबले दर्शन शास्त्रका पुस्तकहरू पढ्न अभिरुचि राख्छु । दर्शन जस्तो अति गहन विषयमा मैले चासो राख्नु भनेको - पौडी खेल्न नजान्ने व्यक्तिले समुद्रमा डुबुल्की मार्ने जस्तो दुरूह प्रयास मात्र हुने ठान्दछु । तैपनि मैले दर्शन शास्त्रका केही पुस्तकहरू चियाइसकेको थिएँ ।

प्रस्तुत 'जीवन दर्शन' पुस्तकमा निम्नलिखित शीर्षकका ११ ओटा लेखहरू रहेका छन् । (१) जीवन दर्शन (२) गहना कर्मणोगति (कर्मको गति गहन छ) (३) धर्म (४) सम्भवामी युगे युगे (म युग युगमा अवतरित हुन्छु) (५) सुखमय जीवन (६) धूवाँ (७) माकुरो (८) कुर्सी (९) त्रिविधा भवति श्रद्धा (१०) कीर्तियस्य र जीवती (११) युध्यस्व विगत ज्वरः (सन्ताप मुक्त भएर लड) । यी सबै लेखहरू अध्यात्म दर्शनमै आधारित छन् ।

उल्लिखित लेखका शीर्षकहरूले पुस्तकको गहनताको छनक दिन्छन् । पाँच ओटा लेखहरूको शीर्षक सङ्स्कृत भाषामा रहेका छन् । पहिलो लेखको शीर्षकबाटै यस पुस्तकको नाम रहन गएको छ ।

## पुस्तकको भूमिका

यस पुस्तकको भूमिकामा प्रा. शिवगोपाल रिसालज्यूको शब्द - "जीवन दर्शनको दर्शन भएपछि" रहेको छ । रिसालज्यूले यहाँ दर्शनको बारे ज्यादै राम्रो शब्द निम्नअनुसार प्रस्तुत गर्नु भएको छ । जीवन नै एउटा दर्शन हो । मृत्यु अर्को दर्शन हो । सृष्टि पनि महान् दर्शन हो । सुसुप्तिमा जगत् छैन । समाधिमा जगत् छैन । नचिताएको बेलमा जगत् छैन भने जगत् कुनै हालतमा पनि छैन । यही हो दर्शनको पनि दर्शन । यही हो सर्वोच्च दर्शन, यही दर्शनलाई आत्मसात् गरी जीवन कालमा नै ब्रह्मात्मै क्यबोध गरी मुक्त हुनु नै जीवनको दर्शन हो । यो पुस्तक (जीवन दर्शन) लाई चिनाउनै पर्दैन, यहाँका प्रत्येक शीर्षक, अनुच्छेद, पङ्क्ति र शब्द-शब्दले बोलिरहेका छन् । यी कति गहन, गम्भीर र गतिशील छन् । यसरी प्रा. शिवगोपाल रिसालज्यूको लेखनीले पुस्तकको अति सुन्दर एउटा तस्बिर प्रस्तुत भएको छ ।

## आत्म निवेदन

लेखक श्री टीकाराम अर्यालज्यूले आफ्ना आत्मनिवेदन शीर्षकमा पोख्नुभएको निम्नलिखित कुरालाई पनि यहाँ उद्धृत गर्न सादर्भिक ठान्दछु ।

"जीवनदर्शन अत्यन्त गम्भीर र गहन विषय हो । सबैले आफ्नो जीवनको लक्ष्य परमात्मा प्राप्तिलाई बनाउनुपर्दछ भनेर, धर्मशास्त्र, वेद, पुराण, सन्त, महात्मा, तपस्वीहरूले उद्घोषण गर्नुभएको छ । हाम्रो मानवजीवन दर्शन हो, देख्न योग्य हो, दर्शनीय हो । कुनै पनि वस्तुको वास्तविकता बुझ्ने कोसिस नै दर्शन हो । जड र चेतनको सूक्ष्मभन्दा पनि सूक्ष्म तत्त्वलाई केलाएर देखाउनुलाई दर्शन भनिन्छ ।" यसरी अर्यालज्यूले आफ्नो लेखको अन्तमा दर्शनको बारे अझ व्यापक रूपमा निम्नअनुसार व्याख्या गर्नुभएको छ । मानव जीवनको जटिलताबारे चिन्तन गरिने मानसिक क्रियाकलाप दर्शन हो । दर्शन दिमागी कसरत मात्र नभएर जीवन पद्धति पनि हो । कुनै पनि ज्ञानको गहिराइतर्फको यात्रा नै दर्शन हो । जीवनमा प्राप्त अनुभूतिहरूको आधारमा बुद्धिको माध्यमले गरिएको अन्तिम सत्यको खोजी नै दर्शन हो । हजारौँ वर्ष पहिलेका तत्त्वजिज्ञासु ऋषिहरूले ज्ञानको ज्योति बालेर यथार्थताको अन्वेषण गरे । त्यही अन्वेषण नै पूर्वीय दर्शनको आधारस्तम्भ बन्यो । मान्छेले जीवन र जगत् अझै विसङ्गत अनुभव गर्न थाल्यो र त्यही विसङ्गतिबाट सङ्गति खोज्ने प्रयास नै मानव जीवनदर्शन हो, अन्तिम सत्यको खोजीमा मानिसले आफूलाई लगाइरह्यो । मृत्युको भयले मानिसलाई छोडेन । पाश्चात्य परम्परामा दर्शनको अर्थ ज्ञानप्रतिको प्रेम अथवा ज्ञानको अन्वेषण भन्ने हुन्छ । भारतीय (पूर्वीय) दर्शनको उत्पत्ति मानसिक असन्तोषको कारण हुन्छ तर पाश्चात्य दर्शनको उत्पत्ति बौद्धिक जिज्ञासाबाट हुन्छ । दर्शनको अध्ययन केवल ज्ञानप्राप्ति मात्र नभएर मोक्षप्राप्ति पनि हो । जीवनको चरम उद्देश्य मोक्षप्राप्ति हो ।

## सारसङ्क्षेपमा

हाम्रा पूर्वीय आध्यात्मिक दर्शनका असङ्ख्य शास्त्रहरूमा उल्लेख भएका सङ्स्कृत श्लोकहरूमध्ये लेखक श्री टीकाराम अर्यालज्यूले अति महत्त्वपूर्ण ८० ओटा श्लोकहरूलाई मूल आधार बनाई यो जीवनदर्शन पुस्तक तयार गर्नुभएको देखिन्छ । विशेष गरी गीताका श्लोक, श्रीमद्भागवतका श्लोक, उपनिषदका श्लोकहरू रहेका छन् । सम्पूर्ण शास्त्रहरू कुनै मानवले जीवनभरि अध्ययन गरे तापनि सम्पूर्णरूपमा अध्ययन गर्न सम्भव छैन । केवल पुस्तक अध्ययन गर्नु मात्रको अर्थ पनि छैन ।

जबसम्म शास्त्रले बताएका कुरालाई आफ्नो जीवनमा उतार्न सकिदैन, त्यसको कुनै मूल्य रहँदैन । मलाई लाग्छ, यो जीवनदर्शन पुस्तकको गहन अध्ययन गरी आफ्नो जीवनमा व्यावहारिक रूपमा उतार्न सकियो भने त्यसको जीवन धन्य हुन्छ । यस्तो महत्त्वपूर्ण पुस्तक तयार गरी प्रकाशन गर्नुभएकोमा श्री अर्यालज्यू धन्यवादका पात्र हुनुहुन्छ । वास्तवमा म पुस्तकको समीक्षक होइन । समीक्षा गर्ने क्षमता पनि ममा छैन । केवल मलाई लागेका २-४ शब्दहरूमात्र टिपोटको रूपमा यहाँ प्रस्तुत गरेको हुँ ।


श्री भीम तामाङज्यूले तयार गर्नुभएको रङ्गीन चित्रद्वारा यो कृतिलाई आकर्षित पारिएको छ । श्रीमती कृष्णकुमारी उपाध्यायले प्रकाशन गर्नुभएको यो पुस्तकको मूल्य मात्र रू.१००।- रहेको छ । आफ्ना माता स्व. श्रीमती शिवधरा उपाध्याय र पिता स्व. कलाधर उपाध्यायप्रति समर्पण गरिएको यो पुस्तक पठनीय र सङ्ग्रहणीय छ भन्ने मलाई लागेको छ । धन्यवाद ।

ॐ शान्तिः शान्ति शान्ति

****



लेखक टीकाराम अर्याल



# महर्षि याज्ञवल्क्य नाटकका दृश्य

**प्रारम्भ**

२०७६ वैशाख ३० गते डा. सत्यमोहन जोशीज्यूले आफ्नो स्वहस्ताक्षरमा 'डा. इन्दुल केसीज्यूमा शुभकामना' भनी सत्यमोहनप्रणीतं दार्शनिक नाटक महर्षि याज्ञवल्क्य रोहिणीराज तिमिल्सिनाले अनुवाद गर्नुभएको यो पुस्तक मलाई प्रदान गर्नुभएको थियो । यो पुस्तक संस्कृत भाषामा भएकोले मैले केही बुझ्न सकिनँ । पछि यसलाई सत्यमोहन जोशीज्यूले नेपाली भाषामा नै लेख्नुभएको महर्षि याज्ञवल्क्य नामको १३६ पृष्ठको पुस्तक मैले काठमाडौँको एउटा पुस्तक पसलमा भेट्टाएर किनेर ल्याएँ ।

महर्षि याज्ञवल्क्य जनकपुरका विदेहराज जनकराजको ब्रम्हसभाका सर्वश्रेष्ठ ब्रम्हविद् ब्रम्हवेत्ताको उपाधिद्वारा विभूषित हुनुभएको थियो । यज्ञवल्क्य ऋषिज्यूले तयार गर्नुभएको यज्ञवल्क्य स्मृति र बृहदारण्यकोपनिषद् दुवै अति महत्त्वपूर्ण ग्रन्थ मानिन्छन् ।

वैद्धिक कालदेखि नाटकको प्रारम्भ भएको हो । सङ्गीतका ३ ओटा अंगहरू - गायन, बादन र नृत्य हुन् । मानिसको हृदयमा उत्पन्न हुने उद्‌गारहरू मनोरञ्जनको रूपमा नाटककारले नाटक लेखिन्छ । यसमा विभिन्न पात्रहरूद्वारा भावभंगी अभिनय गरी प्रदर्शन गरिन्छ । समाजको स्वरूप दर्शाउने, मनको उजाडपन हटाउने, धर्म-अर्थ-काम-मोक्षको ज्ञान प्रदान गर्ने नाटक एउटा साहित्यिक माध्यम हो । सङ्स्कृत, अंग्रेजी, हिन्दी, नेपाली लगायत अनेकौं भाषामा नाटकहरू लेखिएका पाइन्छन् ।

**नाटक**

काव्यशास्त्रमा रूपकको एक प्रमुख भेद काव्यको दृश्य भेदअन्तर्गत पर्ने नाटक एउटा विशेष खालको विधा मानिन्छ । नाटकमा मानिसको जीवनमा आइपर्ने विभिन्न प्रकारको सुखदुःखका घटनाहर साहित्यका विभिन्न रसहरू (श्रृङ्गार, वीर इत्यादि) नाटकका नायक, नायिका आदि विभिन्न पात्रहरूले गरिने अभिनय र तिनीहरूले गर्ने सङ्वादहरू हुन्छन् । नाटककारले लेखेका नाटकलाई रङ्गमञ्चमा यसका कलाकार हरूले अभिनय गरी दर्शकको अघि प्रदर्शन गरिन्छ ।

**१. दृश्यहरू**

यो लेखमा चर्चा गर्न खोजिएको महर्षि याज्ञवल्क्य नाटकमा निम्नलिखित सात दृश्यहरू छन् । १) आफू देखिने यन्त्र, २) विधाबमन, ३) महाकाव्य, ४) ब्रह्मसभा, ५) दूरदर्शिता, ६) प्रतिक्रिया, ७) अंशबन्डा हुन् ।

**२. पात्र**

यस नाटकमा २३ जना पात्रहरू छन् । १) मिथिलाका राजा जनक, २) अस्चल (जनकराजका प्रमुख गुरु पुरोहित), ३) देवरात (यज्ञमुनि), ४) सुस्मा (देवरातकी पत्नी), ५) वल्क (देवरातका पुत्र), ६) मैत्री र कात्यनी (यज्ञवल्क्यकी जेठी र कान्छी पत्नीहरू), ७) बनिता र मधु (यज्ञवल्क्यका छोरीहरू), ८) वैशम्पायन, ९) अन्य भाइ, ७ जना ब्रम्हज्ञानीहरू, महारानी, राज्यमन्त्री, सेनानी, अधिकृत, चिकित्सक, अङ्गरक्षक, राजगुरु, पहरादार, स्वयम्सेवकध महिला, बुढाबुढी र गाउँलेहरू हुन् ।

**३. प्राक्कथन**

यस नाटकको सुस्मा बेढङ्को अनुहार शीर्षक दिएर नाटककारले प्राक्कथन लेख्नुभएको छ ।

**दृश्य १**

मिथिला - जनकपुर राजप्रासादको प्रवेशद्वारमा दिनको अपराह्न समयमा दर्शकहरू, राजगुरु, एउटा कुरूप मान्छेको बिच यज्ञवल्क्यले सङ्वादहरू दिइरहेको हुन्छ । देवरातको मुनिको घरपिंढी, कमला नदीको किनारमा हिंउदको अपराह्न पछि घटेको दृश्य हो ।

**दृश्य २**

विधाबमन उपशीर्षकअन्तर्गत कमला तट, चिसापानी गाउँनेर अपराह्न याज्ञवल्क्य आँखा चिम्ली लय हालेर उद्गार पोख्छन् ।

" त्यो परब्रह्म सदा पूर्ण छ ! यो कार्य ब्रह्म पनि सदा पूर्ण छ ! किनभने पूर्णताबाट नै पूर्णताको उत्पत्ति हुन्छ, अनि प्रलयकालमा कार्य ब्रह्मको पूर्णत्वलाई आफूमा लीन गरेर परब्रह्मको पूर्णत्वको शेष हुन्छ, त्रिविध तापको शान्ति हुन्छ । ॐ शान्ति ! शान्ति ! शान्ति !

यस दृश्यमा नाटकका विभिन्न पात्रले गरेका सङ्वादले पुस्तकको १२ पृष्ठ ओगटेको छ । अन्तम याज्ञवल्क्य ऐया ! ऐया ! भन्दै उठेको दृश्य छ ।

**दृश्य ३**

महावाक्य उपशीर्षकको यो दृश्य कमला नदी तटको माझगाउँ हो । समय अपराह्न घटना २० वर्षपछिको हो । यस दृश्यले पुस्तकमा २१ पृष्ठ ओगटेको छ । यहाँ याज्ञवल्क्य, उहाँकी पत्नी मैत्रेयी, केही गाउँले, जनक राजा, मधु, बनिता, राजगुरुको बिचमा भएका सङ्वादहरू छन् । याज्ञवल्क्यले ताडपत्रमा केही लेखिरहेका हुन्छन् । त्यो पुस्तकको नाम आफ्ना पति याज्ञवल्क्य नै नामकरण उचिन हुने मैत्रेयीले आफ्नो इच्छा व्यत्तः गर्छिन् । मानिसका चित्तमा, हृदयमा, अन्तस्तकरणमा बुद्धि र विवेकको बारे विभिन्न कोणबाट चर्चा परिचर्चा भइरहेको हुन्छ । जनक राजा

पण्डितहरूसँग याज्ञवल्क्यको आश्रममा आइपुग्छन् । "राजा भनेको जनभावनाकै प्रतीक हो नी, जनभावनाकै आधारमा राजा जननायक बन्छ, जनरक्षक हुन्छ र जनपदको स्वामी भएर बस्छ ।" उक्त कुराको यो दृश्यमा जुन चर्चा भयो, त्यो हाम्रो देशको वर्तमान समयमा कति सान्दर्भिक हुन्छ यो सोचनीय कुरा हो ।

**दृश्य ४ : ब्रम्हसा**

स्थान राजा जनकको सभा भवन, यो सभामा तत्वज्ञानको परीक्षा हुन गइरहेको छ ।

पुरुष जाति, स्त्री जाति सबै बराबर छन् । जाति, वर्ण र लिङ्गभेद हुनुहुँदन । सबैर्लाइ समान अधिकार छ । ब्रह्म भन्ने आत्मा हो त्यो हामी सबैमा नै अपरोक्ष भएर रहेको छ । आत्मालाई जानेपछि सङ्साररूपी बन्धनबाट मुक्त हुन्छ । यस प्रकारका ब्रह्म ज्ञान सम्बन्धी धेरै महत्त्वपूर्ण कुराहरू यस चौठो दृश्यमा भएको छ ।

**दृश्य ५ : दूरदर्शिता**

स्थान : कमला नदी आसपासको माझ गाउँ

समय : मध्याह्न हुनुभन्दा अगाडि

यस दृश्यमा 'ॐ' अक्षर अ, उ, म सङ्युक्त रूपमा रहेको जाग्रत, स्वप्न र सुषुप्तिको प्रतिक उहि 'ॐ' अक्षर हो । मानिसको अन्तस्करणमा रहँदा निर्गुण निराकरा र बाहिर निस्कँदा सगुण संस्कार बन्दछ । भन्ने कुराको चर्चा यस दृश्यमा हुन्छ ।

**दृश्य ६ : प्रतिक्रिया**

स्थान : उत्तर केवलानन्द आश्रम

समय : साँझ पर्न लागेको बेला

यहाँ विष्णु पुराणमा उल्लिखित 'गंगासार' जुन आदिकारमा हिमाली पाखाकै वर थियो, जुन आज धेरै पर पुगिसकेको छ । हिमाली पाखाका कर्णाली गण्डकी, कोशीको पानी त्यसैमा मिसिन जान्छ । 'गौरी शंकर' हिमालको भूगर्भ भित्र आत्मज्ञान दर्शनको असीमित विशेषताहरू छन् । हिमाली पाखो तपोभूमि भएको छ, मुक्तिक्षेत्र मानिएको छ, पाशुपत क्षेत्र कहलिएको छ ।

'जनक' भनेको राजा, महाराजाधिराजप्रति आदरार्थी भावमा प्रयोग हुने पद हो । यसको खास प्रयोग राष्ट्रपिता होस्, राष्ट्र नायक हो, लोकपालक हो, धर्म रक्षक हो । जनक शब्दमा अर्थालंकार र काव्यालंकार भरिपूर्ण छ । विवाह पञ्चमी श्रावणको झुला महोत्सवको प्रशंग र अन्तस्करणको शुद्धि गरेर मात्र ज्ञानको सिर्जना हुने कुरा समेत यस दृश्यमा देखाएको पाइन्छ ।

**दृश्य ७ : अंशबन्डा**

स्थान : केही वर्षपछि जनकपुरको नवनिर्मित 'ज्ञानकूप' आश्रम ।

समय : मध्याह्न हुनुभन्दा अगाडि

यस दृश्यमा याज्ञवल्क्य भन्नुहुन्छ - "म गार्हस्थ आश्रमबाट सन्न्यास आश्रममा उठ्न चाहन्छु । (जनै समाएर) अब मलाई यी जाग्रत, स्वप्न, सुषुप्तिका तीन डोरोसँग केही माया-ममता छैन, (टुपीतिर हात लगी) न यी मन, वचन, कर्मको एकताको प्रतीक शिखासँग नै, (देह छामी) न यो दाहसङ्स्कारयुक्त शरीरसँग नै ! मलाई त अब पारिव्राज्य स्वीकार्नु छ ।"

सम्वादको क्रममा याज्ञवल्क्य पुनः भन्नुहुन्छ - "धनले अमरता त मिल्दैन, न जीवनमुक्तिको प्राप्ति नै ! धनले त भोगमय जीवनमै जीवनलाई अल्भ्काइराख्छ । धनले त भौतिक उन्नतिलाई मात्र टेवा दिन्छ ।"

"यो विश्व ब्रह्माण्डमा अमृतत्व प्राप्तिको एकमात्र साधनभूत मार्ग आत्माको दर्शन, श्रवण, चिन्तन र ज्ञान गर्नुमा नै छ ।"


"डोरीमा भ्रान्तिवश सर्प देखिने तर्क-वितर्कहरू जे-जति छन् ती सबलाई सबैले जान्न, बुझ्न र अनुभव गर्न समर्थ भएको भए, यो मनुष्यचोला कस्तो हुँदो हो हगि ?" यहाँ मैत्रेयी भन्नुहुन्छ - "नाशवान् धन दौलतादिको भागबन्डा स्वीकार गर्दिनँ, कहिल्यै नाश नहुने ज्ञानको अंशबन्डा पाएँ भने सहर्ष स्वीकार गर्दछु ।"

## मेरो निष्कर्ष

सत्यमोहन जोशीज्यूको यो नाटकको स्थान, पात्रहरू, तिनीहरूको सम्वादले नेपाल राष्ट्रको इतिहास, भूगोल, आध्यात्मिक, दर्शन, समाजमा महिलाको स्थान, नेपाली समाजको चालचलन, लोक व्यवहार, सम्पति भाग बन्डा, नैतिक शिक्षा आदिको बारे राम्रो दिग्दर्शन गरेको पाइन्छ ।



डा. सत्यमोहन जोशी



# ध्यानको ज्ञान र साधना

## प्रारम्भ

नेपाली साहित्यका हजारौं पुस्तकहरू प्रकाशन भइसकेका छन् । उपन्यास, कथा, नाटक, कविता, नियात्रा आदि विषयमा विभिन्न लेखकहरूले विभिन्न विधामा लेखिएका पुस्तकहरू दिनहुँजसो प्रकाशित भइरहेका छन् । यस क्रममा मलाई जानकारी भएअनुसार श्री एस.पी. आसाज्यूले २६ ओटा पुस्तकहरू लेखी प्रकाशित गरिसक्नु भएको छ । प्रत्येक प्रकाशित पुस्तकहरूका भिन्ना भिन्नै विशेषता हुने गर्दछन् । एस.पी. आसाज्यूले लेख्नुभएको "छयास्मिस" नामको पुस्तकमा रहेको 'ध्यानका अनेक प्रकार' शीर्षकको एउटा लेखमा म केन्द्रित हुन खोजिरहेको छु । एस.पी. आसाज्यू एक सुपरिचित लेखक हुनुहुन्छ भन्ने कुरा उहाँले लेख्नुभएका २६ ओटा पुस्तकका बारे हजारौं पाठकहरूलाई जानकारी भएको हुनुपर्छ । उहाँले लेख्नुभएका ती पुस्तकहरूको साथै स्वदेश तथा विदेशमा रहनुभएका विभिन्न लब्धप्रतिष्ठित विद्वान्हरूले श्री एस.पी.ज्यूको बारेमा लेखिएका आठ ओटा पुस्तकहरू पनि प्रकाशित भइसकेका रहेछन् ।

मेरो यो लेख छयास्मिस पुस्तकको टुक्राटाक्री खण्डमा रहेको एउटा लेख 'ध्यानका अनेक प्रकार'मा सीमित हुन खोजेको छु ।

## ध्यानका अनेक प्रकार

श्री एस.पी. आसाज्यूको त्यो पुस्तकको नाम नै छयासमिस रहेझैं त्यो लेखमा पनि ध्यानका अनेक प्रकाहरू पनि उहाँकै शब्दमा छयासमिस छ । तर मैले यसलाई छयास्मिस भन्नुभन्दा पनि पायस (खिर) भन्नु उचित ठानें । जसरी खिरमा दुध, चिनी, विभिन्न मसलाको रूपमा नरिवल, छोकडा, डाक, अलैंची, सुकुमेल आदि मिसाएर मिठो, स्वादिलो, पौष्टिक खाना तयार गरिन्छ, त्यसरी नै ध्यानका अति महत्त्वपूर्ण कुराहरू समिश्रण गरीं यो लेख तयार गर्नुभएको छ ।

पूर्वीय आध्यात्मिक दर्शन, धर्मशास्त्र र महापुरुषहरूले ध्यानको बारे भन्नुभएका केही अंशहरू समावेश गरी एस.पी. आसाज्यूले त्यो सङ्क्षिप्त लेख तयार गर्नुभएको छ । उक्त लेखमा श्रीमद्भागवत, गीता, रजनीश, विपश्यनाका ध्यान, भावातीत ध्यान, जैन धर्मको - शरीर ध्यान, योग शास्त्र - हठ योग, सूक्ष्म शरीर र स्थूल शरीर, षडचक्र, पिङ्ला, सुषुम्ना नाडी, ब्रह्मकुमारी राजयोगका अनेकौं ध्यानविधि, इस्कोनको हरेकृष्ण अभियान आदि कुराहरूका नामहरू उल्लेख गरिएका छन् । लेखक एस.पी. आसाज्यू स्वयम् भन्नुहुन्छ - "मैले जानेका छोटकरी परिचय गराएँ । यहाँ ज्ञानको

भण्डार छ । अझ कैयौ लुप्त छन् । जुन तपस्वी र साधकले यो समाजमा फैलाउने छन् ।"

छयास्मिस पुस्तकमा रहेको यो लेख नै छयास्मिसको एउटा नमुना जस्तो भन्ने लाग्छ । ध्यानको एउटा विशाल समुद्रलाई एस.पी. आसाज्यूले लोहोटामा भर्नुभएको देखिन्छ । ध्यानका बारे जान्न चाहने व्यक्तिहरूका लागि त्यो सङ्क्षिप्त लेखले ध्यान मार्गमा लाग्नेहरूका लागि मार्ग निर्देशन गर्नुभएको छ ।

हाम्रा ६ ओटा वैदिक दर्शनहरूमा योगदर्शन पनि एउटा हो । भौतिक शरीरलाई र चैतन्य शरीरलाई ध्यानले जोड्छ । ज्ञानलाई आत्मासँग जोड्ने, द्रष्टा र दृश्यलाई जोड्ने गरिन्छ । यसरी ध्यानको चर्चा गर्दा योग दर्शनको कुरा आउँछ ।

## ध्यानबारे अरू थप जानकारी

हाम्रा धर्म शास्त्रहरूमा उपनिषद्को विशेष स्थान छ । विभिन्न नामका १०८ ओटा उपनिषद्हरूमध्ये ध्यानको बारे चर्चा गर्दा (१) योग राजोपनिषद् (२) योग तत्त्वोपनिषद् (३) योग चूडामणि उपनिषद् (४) योग कुण्डली उपनिषद् (५) ध्यान विन्दू उपनिषद्हरूको अध्ययन पनि उपयोगी हुन्छ । यी कुराहरू एस.पी. आसाज्यूले यस पुस्तकमा उल्लेख गर्नुनभए तापनि उपनिषद्का सार कुरालाई छयास्मिस रूपमा राख्नुभएको देखिन्छ । यसैले प्रसङ्गवश मैले उल्लिखित पाँच उपनिषद्हरूको नाम जिज्ञासु पाठकका लागि उपयोगी हुने ठानी यहाँ उल्लेख गरैं ।

### १) रजनीश

ओशो रजनीशज्यूको नाम पनि एस.पी. आसाज्यूले उक्त लेखमा उल्लेख गर्नुभएको छ । वास्तवमा ओशो रजनीशज्यूले ध्यानलाई वैज्ञानिक रूपले चर्चा गर्नुभएको पाइन्छ । उहाँले ध्यानका २१ ओटा सक्रिय विधिहरू, २१ ओटा निष्क्रिय विधिहरू पनि हामीलाई प्रदान गर्नुभएको छ ।

### २) विपश्यना

प्रसङ्गवश एस.पी. आसाज्यूले बुद्धको विपश्यना ध्यानको नाम पनि उल्लेख गर्नुभएको छ । शान्त, मौन भई आन पान - केवल श्वासको गति हाम्रो नाकको प्वालबाट प्रवेश गराउने र निष्काशन गर्ने कुरालाई केन्द्रित गरी गरिने क्रियालाई विपश्यना ध्यान भन्ने गरिन्छ ।

### अन्तमा

पतञ्जलि ऋषिले अष्टाङ्ग योगको प्रतिपादन गर्नुभएको हो । अष्टाङ्ग योगका आठ ओटा अङ्गहरूमध्ये ध्यान पनि एक अङ्ग हो । ध्यानको सैद्धान्तिक पक्षको ज्ञान र उक्त ज्ञानलाई प्रयोगका रूपमा गरिने क्रिया नै साधना हो । यस साधनाले ब्रह्म

तत्त्वको साक्षात्कार हुने बताइन्छ । ध्यानको बारे चर्चा गर्दा (१) शिव सङ्हिता (२) घेरेन्द्र सङ्हिता (३) पतञ्जलि ऋषिले देखाउनुभएको अष्टाङ्गयोग (४) खप्तड स्वामीज्यूको धर्मविज्ञान पुस्तक (५) स्वामी श्री विशुद्धदेवज्यूले रचना गर्नुभएको चरित्र विज्ञान पुस्तक (६) महात्मा सुशीलज्यूले लेख्नुभएको पाशुपत योग पुस्तक इत्यादिले दिएको ज्ञान हासिल गर्नु उपयोगी हुन्छ । पुस्तक मात्र पढेर ज्ञान आर्जन गर्नुभन्दा ध्यानलाई स्वयम्ले प्रयोग गरी - साधनाद्वारा यसबाट पाइने फाइदा प्राप्त गर्नु अति उपयोगी हुन्छ ।

आसा प्रकाशन केन्द्रबाट प्रकाशित यो छयास्मिस पुस्तक नेपाली साहित्यका अनुरागीहरू तथा ध्यानका मुमुक्षीहरूको लागि ज्यादै उपयोगी पुस्तक सङ्ग्रहणीय भएको मैले पाएँ ।

****




लेखक एस.पी. आसा

# बौद्ध दर्शनका पुस्तकमा एक सङ्क्षिप्त दृष्टि

## विषय प्रवेश

दर्शन स्वयममा एक गहन विषय हो । कोही भन्छ - दर्शन शास्त्रले मानिसको मथिंगल खलबल्याउँछ । सरल शब्दमा भन्ने हो भने - कुनै विषयमा कसैले गहन चिन्तन मनन् गरी विस्तृत र व्यापक रूपमा निकालिएको विचार हो । यसलाई अंग्रेजी भाषामा Philosophy (She Study for Knowledge) भनिन्छ । सामान्य बोलिचालीमा दर्शनको अर्थ आफ्नो मान्यजन व्यक्ति आफ्नो आस्थाको प्रतिमूर्तिलाई देख्नु आदरभावले अभिवादन गर्नु पनि हो । संसारमा धेरै दार्शनिकहरू जन्मे, तिनीहरूले विभिन्न विषयका दर्शनहरू प्रतिपादन गर्नुभयो । यहाँ चर्चा गर्न लागेको कुरा बौद्ध दर्शन हो । यसलाई अति संक्षिप्त रूपमा भन्नुपर्दा - दु:खलाई हटाउने ठिक ज्ञानको दृष्टि नै बौद्ध दर्शन हो ।

## गौतम बुद्धको संक्षिप्त चिनारी

बौद्ध दर्शनको केन्द्रबिन्दुमा सिद्धार्थ गौतम बुद्ध हुनुहुन्छ । धेरै नेपालीलाई बुधको जीवन बारे ज्ञानकारी भएको मानिन्छ । नेपालको कपिलवस्तु, लुम्बिनीको शालवनमा ई.पू. ५६३ मा वहाँको जन्म भएको थियो । शाक्य राजा पिता शुद्धोदन र माता मायादेवीको वहाँ पूत्र हुनुहुन्छ । यशोधरा नामकी कन्यासँग उनको विवाह भयो र उनको छोराको नाम राहुल हो । सिद्धार्थको स्वभाव चाल चलन व्यवहार विशिष्ट प्रकारको थियो । सिद्धार्थले कहिँ बाटोमा एक वृद्ध बुढो लरखराउँदै हिँडिरहको, विरामी अशक्त रोगी मान्छे, एक मृत व्यक्तिको पार्थिव शरीरलाई जलाउन लगिरहेको मलामीहरूको एक दृष्य र एउटा भिक्षु (सन्यासी)लाई देख्नुभयो । यी ४ वटा दृष्यहरूले सिद्धार्थको मनमा हलचल पैदा गऱ्यो । मानिसहरूको भिन्न-भिन्न अवस्था, दु:ख र सुखको परिदृष्यले उसको मनमा ठूलो प्रभाव पऱ्यो । मानिसमा आइरहने दु:ख निवारण कसी हुन सकिन्छ ? भन्ने पत्ता लगाउने दृढ इच्छा पैदा भयो ।

बुद्धका जीवनको उपलब्धिलाईनै बौद्ध दर्शनको मूल आधार मानिन्छ । यही बुद्धको जीवनलाई अत्यन्त सङ्क्षिप्त रूपमा राहुल साङ्कृत्यायनले उल्लेख गरेका छन् - "सिद्धार्थ गौतमले २९ वर्षको उमेरमा (ई.पू. ५३४) घर छाडे । ६ वर्षसम्म योग

आदि [illegible] त्याग गरे ।"

बुद्धले आफ्नो जीवनका ४५ वर्षसम्म धर्म दर्शनको जुन उपदेश गर्नुभयो, ती सबैको सङ्कलन नै मूल बौद्ध ग्रन्थ हुन् । बुद्धले आफ्नो उपदेश तत्कालीन जनभाषाका रूपमा रहेको पाली भाषामा अत्यन्त सरल किसिमका उदाहरण र दृष्टान्तहरूको अवलम्बन गरेर दिनुभएको पाइन्छ ।

## दर्शनका पुस्तकहरू

विभिन्न विद्वान् लेखकहरूले विश्वका विभिन्न भाषाहरूमा बौद्ध दर्शन सम्बन्धि लेखिएका अनेकौं किताबहरू प्रकाशित भई सकेका छन् । यस लेखमा केवल दुई वटा किताबहरूमा रहेका बुद्ध र बौद्ध दर्शनका केहि पक्षहरूलाई मात्र सङ्क्षिप्त टिपोटको रूपमा प्रस्तुत गर्ने सानो प्रयास गरेको छु ।

१) राहुल सांकृत्यायनद्वारा लिखित - ललिजन रावलले नेपाली भाषामा अनुवाद गरिएको बौद्ध दर्शनको किताब हो । यसलाई इन्डिगो इन्क प्रा.लि.द्वारा २०७६ सालमा प्रकाशित २०३ पृष्ठको किताब हो ।

२) श्री गोपीरमण उपाध्यायद्वारा लिखित - बौद्ध दर्शन सरल अध्ययन पुस्तक हो । यसलाई नेपाल प्रज्ञा प्रतिष्ठानले २०७६ सालमा प्रकाशित ३०४ पृष्ठको पुस्तक हो ।

उक्त पुस्तकमा निम्न शीर्षकका पाँच अध्यायहरू रहेका छन् ।

| अध्याय | अनुवादक ललितजन रावल |
|---|---|
| | शीर्षकहरू |
| १ | गौत्तम बुद्धका मूल सिद्धान्त |
| २ | गौत्तम बुद्ध |
| ३ | नागसेन |
| ४ | बौद्ध सम्प्रदाय |
| ५ | बौद्ध दर्शनको विकास |

## सिद्धान्त

विद्वान्हरूद्वारा प्रतिवादित सत्य रूपमा ग्रहण गरिएको मूल विचार, तर्क र अनुभवद्वारा स्थापित मतलाई सिद्धान्त भनिन्छ । बुद्धको उपदेशहरूलाई सिद्धान्तको रूपमा पनि लिएका छन् । ती सिद्धान्तहरू:

१) ईश्वरलाई नमान्नु, अन्यथा मनुष्य स्वयम् आफ्नो मालिक हो - यस सिद्धान्तको विरोध हुनेछ ।
२) आत्मालाई नित्य नमान्नु, अन्यथा नित्यलाई एकरस मान्दा त्यसको परिशुद्धि र मुक्तिका लागि गुन्जाइस रहने छैन ।
३) कुनै अन्यलाई स्वतः प्रमाण नमान्नु अन्यथा बुद्धि र अनुभवका प्रमाणिकता हराउँदै जानेछ ।
४) जीवन - प्रवाहलाई यसै शरीरसम्म परिमित मान्नु अन्यथा जीवन र त्यसका विचित्रताहरू कार्य कारण नियमसार उत्पन्न नभएर मात्र आकस्मिक घटनाहरू हुन जानेछन् ।

## नागसेन (१५० ई.पू.)

नागसेन एक बौद्ध धर्मका विद्वान् एवम् प्रखर वक्ता हुनुहुन्छ । सुरूमा उहाँले आफ्नो पिताको घरमा ब्राह्मणहरूको विद्या वेद, व्याकरण आदि अध्ययन गरेका थिए । पछि एक विद्वान् भिक्षु रोहणसँग सम्पर्कमा आएपछि बौद्ध विचारबाट प्रभावित भई बौद्ध वाङ्मयको अध्ययन गर्नुभयो । उनले बुद्धको दर्शनकै आत्मवाद, धर्ममा पुनर्जन्म, नाम-रूप (मन र भौतिक तत्त्व) निर्वाण आदिलाई बढी विशद गर्ने प्रयत्न गरे । कर्म या पुनर्जन्म आत्मालाई नमान्दा गरिएका असल खराब कर्महरूको जिम्मेवारी तथा त्यस अनुसार परलोकमा दुःख-सुख कसरी भोग्नु पर्ने हुन्छ भन्ने कुराको नागसेनले विस्तृत चर्चा गर्नुभयो । नाम र रूप बुद्धले विश्वका मूल तत्त्वलाई (विज्ञान नाम) र भौत्तिक तत्त्व (रूप) वा बाँडेको कुराको पनि व्याख्या गर्नुभयो । यसरी नै निर्वाणको सम्बन्धमा पनि विस्तृत व्याख्या गरी एउटा सामन्त (राजा) मिनान्दलाई प्रभावित गर्नुभयो । मिनानन्द र नागसेनको संवादले - भारतमा नयाँ विचार धाराहरूको आरम्भ भयो ।

## सम्प्रदाय

बौद्ध सम्प्रदायको ऐतिहासिक पृष्ठभूमि- बुद्ध निर्माण (४८३ ई.पू.) पछि र महासङ्घिकका छ ओटा र स्थविर वादका १२ ओटा गरी १८ ओटा निकायका पिटक (सुत्र, विनय, अभिधर्म) रहेका छन् । बौद्ध धार्मिक सम्प्रदाय, बौद्ध दार्शनिक सम्प्रदाय, नागर्जुनको शून्यवाद,योगाचार र अरू बौद्ध दर्शनको बारे चर्चा पनि यस पुस्तकमा गरिएको छ । बौद्ध दर्शनका चार ओटा वादको रूपमा (१) शून्यवाद (२) विज्ञानवाद (३) बाह्य-अर्थवाद र (४) बाह्य-आभ्यन्तर अर्थवाद रहेका छन् ।


## बौद्ध दर्शनको विकास (६०० ई.पू.)


बौद्ध दर्शनको क्षेत्रमा असङ्ग र बसुबन्ध नामका दुई दाजुभाइको विशेष स्थान छ । असङ्ग र बुद्ध बचन धर्मका सादृश्य, बुद्ध-शासनको अर्थमा प्रज्ञाप्ति, बुद्ध-बचनका ज्ञेयहरूको अधिष्ठामान धर्महरूको सञ्चय, बोधिसत्व भूमि आदिबारे व्यापक रूपमा लेखिएको पाइन्छ । उसलाई क्षणिक विज्ञानवादीको रूपमा लिइन्छ । 'लङ्कावतार सूत्र' सधिनिमोचन सूत्र जस्ता महायान सूत्रहरूलाई बुद्ध-बचन भनिन्छ । यी विज्ञानवादको प्रकाश असङ्गभन्दा पहिले नै भएको देखिन्छ ।

बौद्ध दर्शन क्षण परिवर्तनशील मनभन्दा पर कुनै पनि नित्य जिवआत्मालाई मान्दैन । मर्नुको मतलब हो, एक शरीर प्रवाहबाट एक मन प्रवाह च्युत हुनु हो र उत्पत्तिको मतलब एक मन प्रवाह अर्को शरीर-प्रवाहमा उत्पन्न हुनु हो । महायान सूत्रका गाथाहरूद्वारा बौद्ध दर्शनको अनित्यवाद यो क्षणिकवादलाई असङ्गले मूल सिद्धान्त मानेको पाइन्छ । बुद्धको दर्शनमा "सबै अनित्य हो" यसलाई बौद्ध दार्शनिकहरूले क्षणिकबाद भनेर चर्चा गरियो । ज्ञानका साधनहरू (१) प्रत्यक्ष प्रमाण इन्द्रिय प्रत्यक्ष (२) मानव प्रत्यक्ष (३) स्वसंवेदन प्रत्यक्षहरू हुन् । यी तीन प्रकारका प्रत्यक्षहरू अतिरिक्त बौद्धहरूले एक चौथो प्रत्यक्ष योगि प्रत्यक्ष प्रमाण मानेका छन् । समाधि (चितको) एकाग्रताबाट जति ज्ञान पैदा छन् ती सबै योगि-प्रत्यक्ष-प्रमाणमा पर्दैन । बसुबन्ध बौद्ध जगतका प्रमुख दार्शनिकहरू समुद्र गुप्तका पुत्र चन्द्रगुप्त र विक्रमादित्यका अध्यापक हुन् ।

****

## सम्बन्धित पुस्तकहरू



# भजन र जीवनको अन्तर्सम्बन्ध

## विषय प्रवेश

केशव-सुषमा भजन ज्ञानगुठी नेपालबाट २०७१ सालमा प्रकाशित किताब भजनगङ्गामा मैले स्नान गर्न खोजें । यस गुठीका प्रमुख सङ्रक्षक भजनकवि केशवराज राजभण्डारीले रचना गर्नुभएका २४ वटा सगुण र निर्गुण भजनहरू यसमा समावेश भएका रहेछन् । आफ्नो मन्तव्यका क्रममा शताब्दीपुरूष डा. सत्यमोहन जोशीले श्रीमद्‌भागवतको एक भक्तिसम्बन्धी श्लोक उद्‌धृत गर्नुभएको छ- श्रवणं कीर्तनं विष्णोः स्मरणं पादसेवनम् । अर्चनं वन्दनं दास्यं सख्यमात्मनिवेदनम् ।

अर्थात् १. ईश्वरको गुणगानको भजन श्रवण गर्ने, २. ईश्वरको नामको कीर्तन गर्ने, ३. ईश्वरको नाम हृदयमा सधैं राखिछोड्ने, ४. ईश्वरको पाउको सेवा गर्ने, ५. ईश्वरको सक्दो भक्तिभावले पूजाआजा गर्ने, ६. ईश्वरलाई भित्री हृदयदेखि नै वन्दना, नमस्कार गर्ने, ७. ईश्वरको परमभक्त सेवक भइरहने, ८. ईश्वरलाई नै आफ्नो हित्तचित्त मिलेको परममित्र सम्झिराख्ने, ९. पाप लाग्ने कुनै कार्य नगरी शुद्ध मनले ईश्वरलाई परमपिता सम्झेर आफ्नो मनको कुरा बताउने ।

श्रीमद्‌भागवत महापुराणको सप्तम स्कन्ध अध्याय ५ को श्लोक २३ मा उल्लिखित उक्त श्लोक भक्त प्रह्लादबाट आफ्ना पिता हिरण्यकशिपुलाई भक्तिका प्रकारबारे जानकारी गराइएको हो । यसैले यी कुराहरू भक्तजनका लागि अमूल्य छन् र हीरामोतीहरू हुन् । भजनगङ्गामा डुबुल्की मार्ने भक्तजनले प्राप्त गर्ने यी अनमोल रत्न हुन् ।

ईश्वरप्रति आस्था राख्ने हामी सम्पूर्ण भक्तहरू मूर्ति, तस्बिर, शिला र लीलाअनुसार आआफ्ना आराध्य देवदेवीहरूको नामगुणहरूको बखान गरी भक्तिगीत, भजनकीर्तन गर्छौं । भजन गर्ने एक्लो व्यक्ति होस् या सामूहिक रूपमा होस्, सस्वर अर्थात् मुखारविन्दबाट देवताको भजन गर्ने गर्दछन् । विनाआवाज मनैमनले भजन गरिए तापनि हृदयको धडकनभित्रभित्रै सङ्गीत बजिरहेको हुन्छ । आस्तिकहरू ईश्वरको भजन गर्छन् । नास्तिकहरू पनि कुनै न कुनै व्यक्तिको चाकडी गरी आफ्ना मालिकलाई खुसी पार्न प्रशंसायुक्त शब्दहरू प्रयोग गरी सङ्गीतको सहारा लिई भजन नै गर्दछन् । (इन्दुल केसी व्यक्ति एक दृष्टि अनेक पुस्तकको १०५ पृष्ठमा रहेको 'सङ्गीतमय आध्यात्मिक भक्ति संसार' शीर्षकको लेखबाट साभार गरिएको)

यसै किताबका लेखक केशवराज राजभण्डारीकै शब्दमा १."जीव र निर्जीवले

भरिएको ईश्वरबाट रचित यो संसार सदैव सङ्गीतमय रहिआएको छ । ... भगवान् शिवको डमरुबाटै विश्वमा सङ्गीतको सिर्जना भएको हो । हाम्रा गुम्बा र मन्दिरहरूमा भगवान्को प्रार्थना अर्थात् भजन गर्नुको मनसाय विश्वशान्ति कायम रहिरहोस् भन्ने उद्देश्यप्राप्तिका लागि नै हो ।" २. "भजनविनाको जीवन निरर्थक हुन्छ, भजन आनन्द र मोक्षप्राप्तिको सिँढी हो ।"

भजनरचनाकार केशवराज राजभण्डारीले २०६३ सालदेखि २०७० सालसम्मको समयमा राख्नुभएका किताबमा समाविष्ट ज्यादै राम्रा-राम्रा भजनहरूमा सङ्गीतकारहरू कमल परियार, रामचन्द्र अन्जान, धनबहादुर गोपाली, फत्तेमान राजभण्डारी, गङ्गाधर बज्राचार्य, मधु क्षेत्रीसमेतले कर्णप्रिय मधुर सङ्गीत दिएका छन् । भजनका शीर्षकहरू हुन् - प्रभुको नासो, जीवन, मन्दिर-मस्जिद धर्म रहेछ, गणेश भजन, भजन, चौरासी लाख योनि, निर्गुण भजन, बुद्ध भजन, सपना, बालक, असल जीवन, गौतम र लुम्बिनी, भगवती भजन, अब जाने पालो मेरो, राम भजन, बुद्ध धर्म, श्रीस्वस्थानी भजन, स्वर्ग, भक्ति दर्शन, सरस्वती बन्दना, पशुपतिनाथ ।

उल्लिखित भजनरचनाहरूको मूल विषय या मूल तत्व ईश्वरको महिमा, गुणगानको वर्णन नै रहेको छ । रचनामा प्रयोग भएका शब्दहरूको चयन तथा वाक्यका पङ्क्तिहरू गेयात्मक रहेकाले रचनाकार केशवराज राजभण्डारी भजनरचनामा निपूण हुनुहुन्छ देखिन्छ । उहाँका ३ वटा पुस्तकहरू त्रिवेणी (२०५९), जीवन सङ्गीत (भक्तिगीतसङ्ग्रह, २०६३), सगुण पनि निर्गुण पनि (भजनसङ्ग्रह, २०६८) हरू पहिले नै प्रकाशित भइसकेको जानकारी यसै पुस्तकमा दिइएको छ । साथै उक्त गुठीबाट ३ वटा भजन एल्बमहरू, ६ वटा भजन सीडीहरू, प्रकाशित कृति भाग १ र २ को प्रत्यक्ष प्रशारण (२०६०) भएको जानकारी पनि पाइयो ।

केशव सुषमा भजन ज्ञानगुठीको चित्रमय आत्मकथाका रूपमा २९९ वटा रङ्गीन चित्रावली नामले ज्यादै राम्रा चित्रहरू समावेश भएको रहेछ । यी चित्रहरूमा उक्त गुठीले पहिले सञ्चालन गरेको विभिन्न कार्यक्रमहरूमा उपस्थित रहनुभएको विशिष्ट व्यक्तिहरूबाट गायन प्रस्तुत भएको देखिन्छ ।

यस पुस्तकमा पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले आफ्नै हस्ताक्षरबाट केशवराज राजभण्डारीलाई धन्यवाद दिनुभएको ऐतिहासिक फोटोसहितको पत्र र विभिन्न सङ्घसंस्थाले त्यस गुठीलाई प्रदान गरेका १३ वटा सम्मानपत्रको फोटो पनि यस किताबमा समावेश भएका छन् ।


किताबको परिशिष्टमा उक्त गुठीबाट विभिन्न समयका कार्यक्रमहरूमा सम्मान गरिएका भक्तजन, भजनस्रष्टा तथा भजन संस्थाहरूको विवरणसमेत समावेश भएका

छन् ।

यसरी सङ्गीतभक्तको भक्तिमार्गमा सहायक, भगवान्हरूले पनि सङ्गीत गाएका, वाद्यवादन प्रयोग गरेका, सङ्गीतको वनस्पति जगत्मा समेत प्रभाव पर्ने गरेको, साथै सङ्गीत भनेको मानिसलाई हुने तनाव आदि रोगको उपचारका लागि पनि प्रयोग हुने सरल एवम् सुलभ साधन हो र सङ्गीत सम्पूर्ण संसारभरि नै विश्वभाषाका रूपमा मानिएको पाइन्छ । तसर्थ भजन र सङ्गीतमय जीवन नामक केशवराज राजभण्डारीको किताब ज्यादै उपयोगी हुँदा सबै भक्तजनले पढ्न उपयुक्त हुने विश्वास गरेको छु ।

****






भजन गायक केशवराज राजभण्डरी

# प्राचीन विश्वइतिहासको सङ्क्षिप्त चर्चा : मेरा आँखामा

**प्रारम्भ**

साहित्यका पुस्तकहरू पढ्नु मेरो रूचि हो । मैले विभिन्न पुस्तकहरू पढ्ने क्रममा श्री जीवनाथ अधिकारीज्यूले लेख्नुभएका विभिन्न विधाका निम्न लिखित ४ ओटा पुस्तकहरू उहाँले मलाई उपहार दिनुभएको थियो । उक्त पुस्तकहरू हुन् : (१) जुनभित्रको आगो (छन्द कविता सङ्ग्रह २०५९), (२) प्राचीन विश्वको इतिहासको सङ्क्षिप्त चर्चा (२०६१) (३) अविदित यात्रा (छन्द कविता सङ्ग्रह २०७७० (४) मास्कले थिचिएको जिन्दगी (छन्द कविता सङ्ग्रह २०७७) । उक्त पुस्तकमा रचनाकारको भाव, विचार, अभिव्यक्तिलाई बुझ्ने प्रयास गरेँ । छन्दहरूमा (१) पञ्चचामर (२) शार्दूल विक्रीदित (३) मालिनी (४) शिखरिणी (५) सुग्धारा (६) अनुष्टुप (७) मन्दाकान्ता (८) उपजाति (९) भुजङ्ग प्रयात आदि छन्दहरूमा रचिएका कविताहरू हुन् । हुन त मैले आफ्नो विद्यार्थी जीवनमा अध्ययन गर्दा नेपाली भाषाको छन्दको बारेमा पनि केही पढेको थिएँ । तर खासै भन्नुपर्दा मलाई विस्तृत जानकारी छैन । उहाँका कविताका शीर्षकहरूको चयन, शीर्षकहरूसँग मिल्दो विभिन्न विषयका विभिन्न भावहरूमा लेखिएका कविताहरू मलाई ज्यादै राम्रो लाग्यो । तर मेरो यो रचना केवल "प्राचीन विश्व इतिहासको सङ्क्षिप्त चर्चा"मा मात्र केन्द्रित भएको छु ।

जीवनाथ अधिकारीज्यूले लेख्नुभएको "प्राचीन विश्व इतिहासको सङ्क्षिप्त चर्चा" पुस्तिकामाथि मेरो दृष्टि पर्यो । यो लेख उक्त पुस्तिकामाथि सङ्क्षिप्त चर्चा मात्र हो । समयलाई विभाजन गर्ने हिसाबले भुतकाल, वर्तमानकाल र भविष्यकाल भनी वर्गीकरण गरिन्छ । अझ यसलाई पनि वर्गीकरण गर्दा हिजोका दिनहरूलाई हालै वितेको समय, धेरै पहिले वितेको समयलाई प्राचीन समय भनी छुट्याइन्छ । अतीतकालको समयमा यो विश्वमा घटीत अनेकौं घटनाहरू वर्णन विश्लेषण गरी अधिकारीज्यूले यो पुस्तिका तयार गरेको देखिन्छ । आफ्नो माता नर्वदा अधिकारी तथा पीता नन्दलाल अधिकारीज्यूहरूमा समर्पण गरी प्रकाशित केवल ३२ पृष्ठको यो पुस्तिका २०६१ सालमा नै प्रकाशन भएको रहेछ । इतिहासकार जीवनाथजी अन्नपूर्ण, दिप्ला, भोजपुर जिल्लामा २०१८ सालमा जन्मनु भएको हो । उहाँ शिक्षण पेशामा संलग्न हुनुहुन्छ । उहाँकै शब्दमा "इतिहास आफैमा वर्तमानको ऐना हो ।" विश्व

इतिहासको यो प्राचीन गाथा विशेषगरी किशोर तथा युवावर्गलाई विश्व इतिहासको प्राचीन गाथा सरल ढङ्गले सम्प्रेशन होस् भन्ने उहाँको ध्यय रहेछ ।

**सन्दर्भ**

यो पुस्तिका आकारमा सानो भएतापनि यसलाई तयार गर्न निकै मिहनत गरी सम्बन्धित विभिन्न पुस्तकहरू अध्ययन पश्चात यसलाई तयार गर्नुभएको देखिन्छ । यस पुस्तिकामा सन्दर्भ सामग्रीको रूपमा निम्न ५ वटा पुस्तकहरूलाई आधार मान्नुभएको रहेछ ।

क) फ्रेडरिक एन्गेल्स, 'परिवार निजी स्वामित्व र राज्यको उत्पति' (नेपाली अनुवादक : राजेन्द्र मास्के), मास्को, प्रगति प्रकाशन -१९८६

ख) फ्योदोर कोरोब्किन, 'प्राचीन विश्व इतिहासका परिचय' (हिन्दी अनुवादक : बुद्धिप्रसाद भट्ट), मास्को, प्रगति प्रकाशन - १९८६

ग) विष्णु प्रभान - 'मार्क्सवाद र त्यसको विकास प्रकृया', काठमाडौं, पैरवी प्रकाशन - २०४७ (१९९०)

घ) मोदनाथ प्रश्रित, 'जीवाणुदेखि मानवसम्म', लिसन प्रकाशन - २०४३

ङ) मोदनाथ प्रश्रित, 'नारी : बन्धन र मुक्ति', सिलगुडी, सूर्योदय प्रकाशन - सन् १९८६

**उत्पत्ति**

लेखकले उल्लिखित महत्त्वपूर्ण पुस्तकहरूको सार यस पुस्तिकामा चर्चा गरिए अनुसार अर्बौं वर्ष पहिले सूर्य केन्द्रको रूपमा रहेको र त्यसैबाट टुक्रिएर यो पृथ्वीको उत्पत्ति भएको हो । यसरी नै मानिसको उत्पत्ति कहिले भएको र वनस्पति तथा उत्पत्ति कसरी भयो ? सुरूका मानिस जसलाई आदिमानव पनि भनिन्छ, तिनीहरूको रहनसहन - कन्दरा, गुफामा बस्ने, नरमाससमेत भोजन गर्ने, कन्दमूलको आहारा, शिकारी जीवन, पछि खेतीपाती, पशुपालनसमेत गर्न थालियो । यसरी खेतीपाती पशुपालनको लागि आवश्यक साधन कुन रूपको थियो ? सोको चर्चाको साथै तिनीहरूले जङ्गली युगको चरणपछि आफूलाई चाहिने भाँडाकुडा निर्माण, ढुङ्गे हतियारको निर्माण कसरी गरियो ? भन्ने विषयको चर्चा अति रोचक ढङ्गले गर्नुभएको छ ।

वंश, गोत्रको सामूहिक क्रियाकलापको समाप्ति पश्चात आदिम साम्यवादी युगको अन्त्यपछि क्रमशः विभिन्न युगहरू - दास युग प्रारम्भ हुन पुग्यो । प्राचीन मिश्र, मेशोपोटामिया, प्राचीन भारतीय उपमहाद्वीप, प्राचीन चीनमा, प्राचीन युनानमा, रोममा चलेको दास प्रथाको चर्चा यस पुस्तिकामा पाइन्छ । दासहरूले गरेको विद्रोहको

परिणाम वर्ग सङ्घर्ष भएको बारे पनि यहाँ चर्चा पाइन्छ ।

प्राज्ञ मानव (होमोसेपिन्स)हरूले करिब ३० हजार वर्ष अघि नै चित्रकलाको शुरूवात गरेको र तिनीहरूमा धार्मिक विश्वासको जन्म के-कसरी भयो ? बारे पनि चर्चा भएको पाइन्छ । झण्डै १८ हजार वर्षपहिले पृथ्वीमा प्राकृतिक वातावरण परिवर्तन भई गर्मी बढेको, उत्तरी क्षेत्रको हिउँ हराउँदै गएको, पशुपालनको मानिसहरूले कसरी शुरूवात भयो ?, फिरन्ते जीवनबाट एकै ठाउँमा बसोबास गर्ने र समूहका कबिलाका मुखिया सेनापतिले भूमि वितरण कसरी गऱ्यो ?, समाजमा धनी र गरिब, शासक र शासित, मालिक र दासको वर्ग विभाजनको साथै दास युगको आरम्भ कहाँ-कहाँ, कुन रूपमा भयो ? ती स्थानहरूको नाम माथि उल्लेख भइसकेको छ ।

## लेखन कला

मानिसहरूले आफ्नो आवश्यकता परिपूर्ति गर्ने क्रममा अक्षर, अङ्कहरूको आविष्कार गरेको र मिश्रमा, मेसोपाटामियामा, भारतमा र चीनमा लेखनकला कहिले र कसरी भयो ? भन्ने कुराको पनि यस पुस्तिकामा उल्लेख भएको पाइन्छ ।

अन्तमा

यो पुस्तिका आकारमा सानो भएतापनि एउटा हिन्दी उखान 'गागरमे सागर' भनेजस्तै धेरै कुराहरूको महत्त्वपूर्ण तथ्य, तथ्याङ्कसहितको यो पुस्तिका केवल विद्यार्थीहरूको लागि मात्र होइन, सबैलाई अत्ति नै उपयोगी ऐतिहासिक कुराहरूको वर्णन गरिएको छ । यस पुस्तिका लेखक इतिहासकार जीवननाथ अधिकारीज्यू धन्यवादका पात्र हुनुहुन्छ ।

****






जीवनाथ अधिकारी

# उत्तरी ध्रुवसमेतको जीवन-यात्रा

**प्रारम्भ**

हुनत सबै प्राणीको जीवन नै एउटा यात्रा हो । यात्राको दौरानमा मानिस एक स्थानबाट अर्को स्थानमा विभिन्न कामले यात्रा गरिरहन्छ । रहरले, बाध्यताले, कामकाजको सिलसिलामा, तीर्थ यात्री भएर, कसैको भरिया भै भारी बोकेर, मनोरञ्जनको लागि, सोखले, नयाँ-नयाँ ठाउँ, हिमाल, पहाड, तराई, मरूभूमि, जङ्गल, देश विदेशमा यात्रा गरिन्छ । कोही पैदलयात्री, कोही सवारी साधनहरू प्रयोग गरी, साइकल यात्री, गाडा, वैलगाडी, टेम्पु, मोटरसाइकल, मोटर, हवाइजहाज, नाउ डुङ्गा, जहाज चढेर यात्रा गर्छन् । कोलम्बसले अमेरिका पत्ता लगाउँदा यात्री भएर, हुयान सेन, माउत्सेतुङले लङ मार्च गर्दा यात्री भएर कतिले विश्व भ्रमण गरेको कुरा इतिहासले बताउँछ । यसै क्रममा वासुदेव ढकालजीले एउटा कुरामा विश्व कीर्तिमान कायम गर्नुभयो । आफ्नो यात्रा वर्णनको क्रममा आफ्नो जीवनमा आफूले गरे-भोगेका विविध कुराको वर्णन, आफ्नो देश नेपाललाई आफू पुगेका स्थानका मानिसलाई नेपाली जीवन, कला सङ्स्कृति, रीतिरिवाज, योगका कुरा पुऱ्याउनुभयो । यसरी नै उहाँले आफू पुगेको स्थानको विकासनिर्माण, रहनसहन, चालचलनलाई देखेर बुझेर नेपालीलाई यस पुस्तकको माध्यमबाट प्रदान गर्नु भयो ।

नेपाली यात्रा साहित्यको इतिहास खोतल्ने हो भने वि.सं. १५५० सालमा तत्कालीन राजा गगनीराजले मुगुदेखि मुस्ताङसम्मको आफ्नो यात्रालाई लिपिवद्ध गरेको सङ्ग्रहलाई यात्रा साहित्यको प्रथम मानिन्छ । यसलाई पुस्तकको रूप दिने लेखक करवीर रावल हुनुहुन्थ्यो । डा. तारानाथ शर्माको यात्रा कृति 'बेलायततिर बरालिँदा' २०२६ सालमा प्रकाशन भएको थियो । चिरञ्जीवी शर्मा पौड्यालले १९६७ सालमा पद्यमा लेख्नुभएको डिल्ली शमशेर थापाको नाममा प्रकाशित श्री युरोप यात्रा कृति हो । वि.सं. १९७० मा शेरसिंह राणाको मेरो लन्डन यात्रा, पुरोहित रामप्रसाद सत्यालद्वारा मंगल गौरी पुस्तक प्रकाशन भएको पाइन्छ । यसरी धेरै नेपाली पुस्ताहरूले नियात्रा पुस्तकहरू लेखिसकेका छन् । नियात्राका पुस्तक लेख्नेहरूमा डा. हर्क गुरूङ, जनकलाल शर्मा, ध्रुवचन्द गौतम, कमलमणि दीक्षित, लैनसिंह वाङदेल मञ्जुल, गंगाप्रसाद उप्रेती, बुलु मुकारङ, प्रदीप नेपाल, चन्द्रप्रसाद भट्टराई, डा. वानिरा गिरी, कृष्णप्रसाद पराजुली, नरेन्द्रराज प्रसाई, श्रीओम श्रेष्ठ 'रोदन', राम दयाल, राकेश, सत्यमोहन जोशी, वासुदेव ढकाललगायत सयौं नियात्रा नेपाली साहित्यका स्रष्टाहरू

हुन् । असफल गौतम नियात्रा साहित्यको पार्श्वचित्र, जरोटुप्पो सङ्रक्षण साहित्य समाज नेपालद्वारा प्रकाशित हिमवत् खण्ड सौरभ पुस्तकको आधारमा उल्लिखित विवरण ।

## विषय प्रवेश

१) यस लेखमा योगाचार्य वासुदेव ढकालज्यूले लेख्नुभएको उत्तरी ध्रुवदेशको यात्रा साथै जीवन यात्रा २०५६ वासुदेव १०२ पृष्ठको यो पुस्तक लेखकका चार छोराहरू उपेन्द्र, देवेन्द्र, सुरेन्द्र र नरेन्द्रले २०५६ सालमा प्रकाशन गरेका रहेछन् । लेखकका पिता पण्डित माधवप्रसाद ढकाल तथा माता जगतमञ्जुरीदेवीमा शब्द श्रद्धाञ्जलि समर्पण गरिएको रहेछ । पुस्तकको मूल्य के कति ? तथा विषय सूचि लेखिएको पुस्तकमा देखिएन ।

यस पुस्तकमा निम्नलिखित शीर्षकका लेखहरू रहेका छन् :

१) उत्तरी ध्रुव प्रदेशको यात्रा

२) The Land of the Himalayas and the land of the midnight Sun

३) श्री ५ को सरकार परराष्ट्र मन्त्रालयको पत्र

४) पुस्तकको दोस्रो भागमा लेखकको जीवनयात्रा

लेखकको जीवनयात्रा अन्तर्गत कवि र लेखकको रूपमा, विश्वयात्रीको रूपमा, गृहस्थ योगीको रूपमा, पञ्च महाव्रतीको रूपमा, कामशास्त्रीको रूपमा, आत्माआलोकको रूपमा, अनुभवी शिक्षकको रूपमा, स्वाभिमानी राष्ट्रसेवकको रूपमा, वृद्ध जनसेवीको रूपमा शीर्षक एउटा सूचीमा दिइएको छ ।

उहाँको विभिन्न सात ओटा साहित्यिक कृतिहरू प्रकाशित भइसकेका छन् । अप्रकाशित साहित्यिक कृतिहरू चार, अन्य स-साना प्रकाशित २००४ सालदेखि २०३४ सालसम्ममा विभिन्न शीर्षकका ३४ ओटा कृतिहरूको विवरण यस पुस्तकको पृष्ठ ४२, ४३, ४४ र ४५ मा समावेश भएका छन् ।

### विश्व पर्यटकको रुपमा

यस पुस्तकमा यात्रा वृतान्तको विवरण २००४ सालदेखि २०५६ सालसम्ममा जम्मा ५७ ओटा विभिन्न यात्रा वर्णनहरू उल्लेख गर्नुभएको छ ।

गृहस्त योगिको रूपमा योगसम्बन्धी केही टिपोटहरूका उपशीर्षकहरू :

१) कविरत्न श्री कृष्णप्राद घिमिरे, (२) योगी परमहंस श्री सच्चिदानन्द सरस्वती (श्री खप्तड स्वामी), (३) श्री स्वामी शिवानन्द, (४) ओशो रजनीश, (५) महर्षि महेश योगी, (६) स्वामी राम, (७) योगि नरहरिनाथ, (८) डा. स्वामी रामानन्द गिरी । उल्लिखित व्यक्तिहरूको निकट सम्बन्ध स्थापना गरी भक्तियोग, योगक्षेत्रमा अघि बढ्ने हौसला,

प्रेरणा पाएको उहाँहरूको योग सम्बन्धि ग्रन्थहरू पढेर ज्यादै प्रेरित र प्रभावित भएको देखाइएको छ । ओशो रजनीशको साहित्यिक, यौगिक, धार्मिक र आध्यात्मिक प्रभाव आफूमा परेको तथा सम्भोगसे समाधितक (From Sex to Super Consciousness) को सिद्धान्तमा आफू सहमत भएको कुरा उल्लेख गर्नुभएको छ । यसरी नै महर्षि महेश योगी भावातीत ध्यान (Transcendental Meditation) को अध्ययनको साथै आवश्यक उपदेश एवं मार्ग दर्शन पाउनुभएको रहेछ । स्वामी रामसँग उहाँको योग अध्ययनमा उहाँसँगै एकान्तमा योगसाधना सम्बन्धमा छलफल गर्नुभएको रहेछ । साहित्य, इतिहास, दर्शन, योग आयुर्वेद, धर्मशास्त्र, राजनीति, वेदवेदान्त, लिपि, विज्ञान, जडिबुटी विज्ञान, ज्योतिषविज्ञानका ज्ञाता योगी नरहरिनाथज्यूबाट आफूलाई (वासुदेव ढकाल) योगाचार्यको प्रशंसापत्र प्रदान भएको, २०५३ सालमा 'दार्शनिक विशिष्ठ ज्ञान यज्ञ प्रथमोदान शौण्ड प्रशंसापत्र प्राप्त गर्नुभएको तथा आफूले २०५३ सालमा स्थापना गरेको वासुदेव ढकाल गोरखनाथ पुरस्कार नामक योग सम्बन्धी गुठीका प्रमुख सङ्रक्षक हुनुभएको कुरा यहाँ उल्लेख छ । महेश सन्यास आश्रम र महेश सङ्स्कृत गुरुकुलम्का सङ्स्थापक अध्यक्ष डा. स्वामी रामानन्द गिरीज्यूले देवघाटको आश्रममा गुरुकुलका विद्यार्थीहरूलाई पढाउने अवसर प्रदान गर्नुभएको कुरा उल्लेख भएको पाइन्छ ।

बासुदेव ढकालज्यूले योग सम्बन्धी श्रीमद्भागवत् गीताको वासुदेव्य नेपाली अनुवाद, महामन्त्र ॐ अन्तर्यात्रा आफैंभित्र नियाल्दा, योग आजको आवश्यकता, अनिवार्यता, अपरिहार्यता प्रकाशन गर्नुभएको छ ।

ढकालज्यूले निम्न तीर्थ पञ्च महाव्रतहरू प्रतिपादन पनि गर्नुभएको छ ।

क) यथासम्भव आयाचक, सकेसम्म नमाग्ने ।

ख) यथासम्भव स्वावलम्बन, आफैं जस्तो बन्ने, आफ्नो काम आफैं गर्ने ।

गं यथासम्भव व्ययमा परमित्रता, मितव्ययी हुने, फजुल खर्च नगर्ने ।

घ) यथासम्भव अमानित्व, आफैं जानका ठूलो बन्न नखोज्ने ।

ङ) यथासम्भव स्वाध्ययन, आफैंबाट सिक्ने, प्रकृतिबाट सिक्ने, आफ्नो गुरु आफैं बन्ने कामशास्त्रीको रूपमा, सम आत्मालोचकको रूपमा, एक अनुभवी शिक्षकको रूपमा, तालिम र सेमिनारमा आफूले भाग लिएका विवरण, आफूले गरेको अध्यापनको अनुभव, स्वाभिमानी राष्ट्रसेवकको रूपमा, वृद्ध जनसेवीको रूपमा पनि रहेको विवरण यस पुस्तकमा पाइन्छ ।

उहाँले प्रकाशन गर्नुभएका सात ओटा पुस्तकहरूको नाम, अप्रकाशित चार ओटा कृतिहरूको नाम, उहाँले घुमेका १८ ओटा मुलुकहरूको नाम र उहाँको एउटा

फोटो सहित आफ्नो नाम, जन्म मिति, शैक्षिक योग्यता, विशेषता, सङ्स्थापक अध्यक्ष भएको समेतको विवरण दिनुभएको छ ।

श्री वासुदेव ढकाल २०३६ साल आषाढ २९ गते आइतबार कर्कट रेखा पार गरी सङ्सारको सिरानी उत्तरी ध्रुव प्रदेशको फिनल्यान्डको उत्तरी भेग लापल्यान्ड आजसम्म नेपाली पाइलाले नकुल्चिएको एक नेपाली यात्रीको हैसियतले उहाँ पुग्नुभएको रहेछ । फिनल्यान्डमा ६० हजार तलाउ र ३० हजार टापुहरू रहेछन् । त्यस देशको राजधानी हेलसिन्कीलाई White City of the Blue Sea अर्थात् नीलो समुद्रमा अवस्थित सेतो शहर भनिन्छ । फिनल्यान्डमा उहाँको सात हप्ताको बसाइ थियो । त्यहाँ रहेका लुचोरेक चर्च, ओलम्पिक स्टेडियम, २३ तले टावर, युनिभर्सिटी, बैंक अफ फिनल्यान्ड, सिटी हल, प्रेसिडेन्ट्स नेसनल अपेरा, स्टुडेन्ट हाउस, हेड पोस्ट अफिस, सेन्ट्रल हरिचटेल, सुन्दर अत्याधुनिक कलाकौशल एवं कालिगडीले पूर्ण भएको ताप्पिओलसमेतका स्थानहरू उहाँले अवलोकन गर्नुभएको रहेछ ।

फिनल्यान्डका सहरहरूको भ्रमण गर्दा आफूलाई भाषाको कठिनाइ, सज्जन र दुर्जनहरूको सौजन्य र दौजर्न्य ठाउँ-ठाउँमा आफूले व्यहोर्नु परेको एक्लो यात्री, अज्ञात स्थान, नबुझिने भाषा, सीमित अवधि, सयौं माइलको भ्रमण, पानीजहाज, हवाइजहाज, रेलगाडी, मोटरकारमा र पैदल यात्रासमेत गर्नुभएको रहेछ ।

यूएन फेलोसिपअन्तर्गत पर्यटन सम्बन्धी अध्ययन भ्रमणको निमित्त करिब चार महिनाका लागि वासुदेब ढकालजी स्कन्दनिवियाका मुलुकहरूको भ्रमणमा जानुभएको रहेछ । यसै क्रममा उहाँ नयाँ दिल्ली, देहरादुन, फ्रयाङ्कफ्रोट, डेनमार्कको कोपेनहेगन पुग्नुभयो । त्यहा लासफैक्ट्री र टुवर्ग वियर फ्याक्ट्रीको अवलोकन, पटक-पटक डेनिस परिवारमा सम्मिलित भई त्यहाँको रीतिथिति, चालचलन, कल्चर र जनजीवनको जानकारी हासिल गर्नुभएको रहेछ ।

यात्राको अर्को देश स्विडेनको राजधानी स्टकहोम, नर्वेको राजधानी ओस्लो रिमा निदानी सहरको दृश्यावलोकन, एउटा इमा सङ्ग्रहालय जहाँ ८० हजार जति विभिन्न भाषाका पुस्तकहरू रहेको पुस्तकालय, खनिज पदार्थहरूको सो केस, फिनल्यान्डमा पाइने विभिन्न थरीका चराहरूको नमूना अवलोकन, स्कन्दनिकावियाको र फिनल्यान्ड भ्रमण, सोभियत रूसको इलाकासम्म फैलिएको सेना सेफ भ्रमण गरी सम्पन्न गर्नुभयो ।

यस पुस्तकको अर्को पक्ष अङ्ग्रेजी भाषामा लेखिएका निम्न विभिन्न शीर्षकका पाँच लेखहरू छन् :

१) The land of the himalayas and the land of the midnight sun यो लेख

आफू श्री ५ को सरकार, नेपाल पर्यटन विभागको सूचना विभागको सूचना अफिसरको हैसियतले फिनल्याण्डको परराष्ट्र विभागमा प्रस्तुत गर्नुभएको रहेछ ।

अर्को लेख

Nepalese UN Scholar interested in Tourism in Scanadinavia (1) Language Problems, (2) Panchayat Democracy (3) Tourism is already imported to Nepal (4) The mountain of Sundal are only Hills of UN Fellow Dhatial from Nepal (5) Visitors from Far away area learning how to run hotel in thro...

अन्तमा

यो पुस्तक नेपाली पाठकले पढ्नै पर्ने एउटा महत्त्वपूर्ण पुस्तकको रूपमा तयार गर्नुभएको छ । म स्वयम र श्री वासुदेव ढकालजी दुवै एउटै मन्त्रालय - तत्कालीन सामान्य प्रशासन मन्त्रालय, हरिहर भवनमा हाम्रो जागिरे जीवनमा दुवै उक्त मन्त्रालयको उपसचिवको पदमा रही काम गरेका सहकर्मी, एक मित्रको हैसियतले ढकालजीले यो यात्रा सम्बन्धी पुस्तक तयार गर्नुभएकोमा धन्यवाद ज्ञापन गर्दछु ।

****



लेखक बासुदेव ढकाल



# मुटुको चिरफार

**प्रारम्भ**

कथाकार श्री पशुपतिमान प:मां (प्रधान)का ११ ओटा कथाहरूको सङ्ग्रह 'नुगः घाः' शीर्षकको पुस्तक मैले पढ्ने मौका पाएँ । पुस्तकको आवरण पृष्ठमा नेपाल भाषाबाट नुगः घाः लेखिएको छ । यस पृष्ठमा एउटा बुढो मान्छे हातले लौरो समातेको, नेपाली टोपी, दौरा, सुरुवाल र इस्टकोट, जुत्ता लगाएको, शिर निहुराई थकाइ मार्न घरको बाहिरी पेटीमा बसिरहेको छ । आकाशमा एउटा हवाइजहाज उडानमा रहेको कलाकार युवक श्रेष्ठको आवरण चित्रले पुस्तकमा सङ्गृत कथाहरूको झन्डै सबै छनक दिइरहेको देखिन्छ ।

योगा टोल, जगाती, भक्तपुर नगर निवासी कथाकार पशुपतिमानले हालसम्ममा ८५ ओटा गृष्म, शरद, वसन्त ऋतुहरू पार गरिसक्नुभएको छ । सुख-दुःख, सङ्योग-वियोग, मान-सम्मान इत्यादि सामाजिक, आर्थिक, साहित्यिक अनेकौं भोगाइहरू भोगिसकेका हुनुहुन्छ । बिए-बीएड शिक्षा हासिल गरी १२ वर्ष विभिन्न विद्यालयहरूमा शिक्षक र प्रधानाध्यापक, ३१ वर्ष शिक्षा क्षेत्रमै सरकारी सेवा गरी निवृत्त भइसक्नुभएको छ । नेपाल साहित्य मन्दिर भक्तपुर, नेपाल स्काउट जस्ता सङ्स्थाहरूमा उहाँले उल्लेखनीय योगदान पुयाइआउनुभएको छ । नेपाल भाषामा लोकंह्वागु वाखं, श्री स्वस्थानी वाखं, भिंम मनू (श्रव्यनाटक) पुस्तकहरूको प्रकाशन गरिसक्नुभएको छ । यसरी नै विभिन्न पत्रपत्रिकाहरू र स्मारिकाहरूमा उहाँका लेखरचनाहरू प्रकाशन भइरहेका छन् ।

मैले यो लेखमा चर्चा गरिरहेको उहाँको पुस्तक 'नुगः घाः' हो । यसै पुस्तकमा यो शीर्षकलाई नेपाली भाषामा चोट र अङ्ग्रेजी भाषामा Agony नाम दिनुभएको छ । एक सय साठी पृष्ठको यस पुस्तकमा ११ ओटा कथाहरू नेपाल भाषा, नेपाली भाषा र अङ्ग्रेजी भाषाहरूमा सङ्गृहित छन । उक्त पुस्तक कुत पिकाक तिवुक्छे-८, ख्वप, नेपाल मण्डल नेपाःले आफ्नो २०५ औ प्रकाशनका रूपमा प्रस्तुत गरेको छ ।

वाङ्मय शताब्दी पुरुष सङ्स्कृतिविद् डा. सत्यमोहन जोशीले उहाँकै निवास ललितपुर बखुंबहालको रमणीय बगैंचामा एक भव्य समारोहको आयोजना गरी लोकार्पण गर्नुभएको अवसरमा म स्वयम् पनि उपस्थित हुने मौका पाएको थिएँ ।
यस पुस्तकको सन्दर्भमा भन्नुपर्दा निम्न विशेषताहरू रहेको पाएँ :

१. वाङ्मय शताब्दी पुरुष सङ्स्कृतिविद सत्यमोहनज्यूकै निवासमा उहाँबाटै लोकार्पण हुनु ।
२. एउटै पुस्तकमा ११ ओटा कथाहरू ३ ओटा भाषाहरू नेपाल भाषा, नेपाली भाषा

र अङ्ग्रेजी भाषामा प्रकाशित हुनु ।

३. यस पुस्तकमा रहेका ३ ओटा भाषाका ११ ओटा कथाहरूलाई निम्नअनुसारको तालिकामा प्रस्तुत गरियो भने एकैचोटि पाठकले शीर्षकहरूको तुलनात्मक रूपमा अध्ययन गर्न सक्नेछन् ।

तालिका

| क्र.सङ्. | नेपाल भाषा | नेपाली भाषा | अङ्ग्रजी भाषा |
|---|---|---|---|
| १. | जि याक | म एक्ली | Me in Isolation |
| २. | नुगः घाः | चोट (दुखाइ) | Agony |
| ३. | त्वय्कन | हिरिसयो | Baffled Hope |
| ४. | क्वाःजः | स्पर्श | Condescesion |
| ५. | दान | दान | Eye Donation |
| ६. | वाध्यता | वाध्यता | Obligation |
| ७. | लयँःलुगु बाखं | बाटामा पाएको कथा | The Story found on the way |
| ८. | झसुकाः | सुस्केरा | Sighing |
| ९. | रूपा | रूपा | Rupa |
| १०. | लक्ष्मीपुजा | लक्ष्मी पूजा | Laxmi Pooja |
| ११. | गज्यागु फन्दा | कस्तो फन्दा | What a Dilema |

४. एउटै कथासङ्ग्रह तीनओटा भाषामा एउटै पुस्तकका रूपमा प्रकाशन भएको सम्भवतः यो पहिलो हो ।

५. कथाकारले आफ्नो कथासङ्ग्रह समर्पण त्यस्ता साहित्यकारहरूलाई गर्नुभएको छ, जसले आफ्नो भाषा र साहित्यलाई विकास गर्न आफ्नो जीवनलाई समर्पित गर्नुभएको छ । प्रत्येक लेखकहरू आफ्नो पुस्तक पाठकहरूले पढुन् भन्ने चाहना राख्छन । पुस्तकहरू लेख्नेले आफ्ना पुस्तक आफ्ना मातापिता, पतिपत्नीलाई वा अन्य कसैलाई समर्पित गरेको पाइन्छ । तर पशुपतिमानले यो पुस्तकलाई समर्पण गर्नुभएको प्रक्रियालाई उहाँको आफ्नो मातृभाषा र साहित्यप्रतिको अपार श्रद्धा अनुकरणीय उदाहरण मान्नुपर्छ ।

६. उक्त पुस्तकमा निम्नलिखित अग्रलेखहरू ४ ओटा रहेका छन् -

श्री विमल ताम्राकारको कुत प्रकाशनबाट प्रकाशित लेख ।

नेपाल साहित्य मन्दिरका अध्यक्ष श्री तिलकप्रकाशको नुगःघाः दुनेया वाखंया वाखं अर्थात् यस कथासङ्ग्रहभित्र रहेका कथाहरूको कथा ।

समालोचक श्री इन्द्र मालीको समीक्षा नुगःघाः वर्तमान समाजको अनुहार ।

## कथाकारज्यूको जिगु धापू (आफ्नो भनाइ)

उक्त तालिकाको नं. ५ मा दान नेपाल भाषा र नेपालीमा तर अङ्ग्रेजी भाषामा

Eye Donation लेखिएको छ । उक्त कथामा वास्तवमा मृत्युपश्चात् दाहसङ्स्कारको प्रक्रिया सुरु हुनुभन्दा पहिले अरूको हितका लागि आँखा नदेखी दुःख पाइरहका कसैले आँखाले देखेर नयाँ जीवन पाउने कुराको चर्चा भएकाले यो कथाको शीर्षक केवल दान मात्र नलेखी आँखा दान राखिनु राम्रो हुने मलाई लाग्छ ।

७. कथाकार पशुपतिमानले आफ्ना ११ ओटा कथाहरूलाई सर्वप्रथम आफ्नो मातृभाषा नेपाल भाषामा तयार गर्नुभयो । पछि यी कथाहरूलाई नेपाली भाषामा अनुवाद पनि गर्नुभएको छ । यसरी उहाँ एक सफल भाषा अनुवादक पनि हुनुहुन्छ भन्ने परिचय दिनुभएको छ ।

८. पुस्तकमा सङ्गृहित कथाहरूलाई अङग्रेजी भाषामा वरिष्ठ साहित्यकार श्री ज्ञानकाजी मानन्धर, श्री ध्रुवराज कर्णजित, श्री हरिशङ्कर मानन्धर तथा सुश्री प्रीति तपोलले अनुवाद गर्नुभएको हो । म भाषाविद् नभएकाले यहाँ प्रयोग भएका ३ ओटा भाषाहरूबारे केही भन्ने लेख्ने दुस्साहस गर्न चाहन्नँ । नेपाली भाषाका अनुवादलाई एक सामान्य पाठकको दृष्टिले हेर्दा मलाई कथाकारको लेखन भाषा सरल शुद्ध रूपमा रहेको पाएँ ।

९. श्री पशुपतिमान पःमांको 'नुगः घाः' कथाहरूलाई लिएर सङक्षेपमा निम्न रूपमा चर्चा गर्न चाहन्छु :

सङ्गृहित विभिन्न शीर्षकका कथाहरूमा प्रायः कुनै न कुनै नुगः घा चोट (Agony) पाइन्छ । तसर्थ किताबको नाम 'नुगः घाः' चयन गर्नु भएको सार्थक देखिन्छ ।

हरेक मानिसलाई बेलाबेलामा विभिन्न प्रकारको घाउचोट लागेको हुन्छ । शरीरमा लागेको घाउचोटलाई मल्हमपट्टी र औषधि-उपचार गरी निको पार्न सकिन्छ । तर मुटुमा परेको चोट मानसिक हुन्छ । मानसिक चोट सितिमिति निको पार्न सकिँदैन । मानसिक चोटलाई निको पार्न बडो गाह्रो हुन्छ । यिनै कुरालाई कथाकारले कथाहरूद्वारा व्यक्त गर्नुभएको छ । कथामा अधिकांश पात्रहरूलाई विभिन्न परि स्थिति, सामाजिक, आर्थिक, मानिसहरूको व्यवहार, घृणा, बेवास्ता, अपहेलना, उचित मानसम्मान प्राप्त नहुनुले मनमा चोट लाग्छन् । यिनै मनका विभिन्न चोटहरू नै यस पुस्तकको मूल केन्द्रविन्दु हो भन्ने ठान्दछु ।

१०. कथाका शीर्षकहरू कथामा देखापरेका पात्रहरू, कथाका विषयवस्तुहरू सबै हाम्रा आधुनिक, वर्तमान समाजको राम्रो चित्रण हो । कथा पढ्दै जाँदा कतिपयलाई आफ्नै कथा आफ्नै परिवेशमा घटित घटनाहरूजस्तो लाग्ने भएकाले यो कथासङग्रह 'नुगः घाः' पुस्तक नेपाली साहित्यक्षेत्रमा एउटा अनुपम कृतिका रूपमा देखिन्छ ।

११. 'नुगः घाः' अर्थात चोट शीर्षकको कितावमा समावेश ११ ओटा कथाहरूमध्ये चोटलाई नियाल्दा कथाका मुख्य पात्र उमेशबहादुरको पारिवारिक, सामाजिक, आर्थिक

एक्लो विधुर (श्रीमती स्वर्गे भइसकेको), छोराहरू चार जना, आफ्नो घर अलग भई बुढा बुबालाई कसैले हेरचाह नगरेको कानुनी व्यवस्थाले आफ्नो कमाइ, धनसम्पत्ति सबै छोरीहरूलाई अंशबन्डा गरी दिइसकेको, गुजाराका लागि केवल आफ्नै पेन्सनको रकमले निर्वाह गर्नुपर्ने, खाना आफैले पकाएर वा पसलमा पाकेको खाना किनेर छाक टार्नुपर्ने, नितान्त एक्लो स्वर्गीय भइसकेकी श्रीमतीलाई सम्झी अलग्गिसकेका छोराछोरी, नातिनातिनालाई सम्झी मनमा उठेको दर्दनाक भक्कानो नै मुटुको घाउ हो । बुबाको मुख हेर्ने दिन अमेरिकामा रहेका छोराले पठाएका Happy Fathers' Day to Pappa Umesh लेखिएको केक, थरीथरीका रोटी, फलफूलहरू आफू एक्लैले नखाई कुनै एक वृद्धाश्रममा लगी बाँडचुड गर्न लगेको, त्यो केक सोही वृद्धाश्रममा रहनुभएका ९४ वर्षे सर्वेन्द्र नेपालीबाट केक काट्न लगाउँदा आफूले माया गरी हुर्काएको प्यारो छोराले आफूलाई वृद्धाश्रममा छाडेर कता हिँडयो, कता गयो, फर्केर कहिल्यै भेट्नसमेत नआएको कुरा सम्झी भक्कानो छाडेर रून थालेपछि त्यहाँ भएका सबै वृद्धवृद्धाहरू आ-आफ्नो दुःख, पीडा, मुटुको घाउ सम्झी रून थालेको चित्रण कथाकार पशुपतिमानको मात्र होइन, वर्तमान नेपाली समाजकै मुटुको घाउ हो ।

अग्रलेखक श्री तिलकप्रकाशको भनाइमा यो पुस्तक 'नुगःघाः दुनेया बाखंया बाखं' अर्थात् चोट चोटैचोटको कथाको कथा भन्ने भनाइ शतप्रतिशत ठिक छ भन्ने मलाई लागेको छ ।

यसरी नै समालोचक श्री इन्द्र मालीको दृष्टिमा उहाँका कथाहरू अनुशीलन गर्दा कतैबाट आयातित, नक्कल र कतैबाट प्रभावित भएको देखिँदैन । आफ्नै समाजमा घटेका घटना, आफैले देखेका, अनुभव गरेका, आफू र आफ्नै वरपर घटेका घटनाहरू समाजको वर्तमान अवस्थाका दृश्यहरूलाई आत्मसात् गरी कथा सृजना गर्ने आफ्नै पन छ भनेर छर्लङ्ग पार्नुभएको हुँदा मैले सोही कुरा दोहोऱ्याइरहनु आवश्यक ठानिनँ । कथाकार पःमांज्यूका अन्य आफ्नै घतलाग्दा कथाहरू पढन पाउने आशा राख्दछु । (यो लेख डा. इन्दुल के.सी.को व्यक्तित्व र कृतित्वको तेस्रो आयाम पुस्तकबाट साभार)

****



लेखक पशुपतिमान प्रधान



# धनियाः कथा र व्यथा

## प्रारम्भ

वरिष्ठ आख्यानकार परशु प्रधानज्यूले लेख्नुभएको, श्री विमल भौकाजीले सम्पादन गर्नुभएको र डिकुरा पब्लिकेसन काठमाडौले प्रकाशन गरेको यो कथा सङ्ग्रह २०७५ सालमा प्रकाशित भएको हो । कथाकार श्री परशु प्रधानज्यूले स्वहस्ताक्षरमा "सादर स-प्रेम प्रिय मित्र डा. इन्दुल केसीमा समर्पण" भनी यस कथा सङ्ग्रहको एक प्रति मलाई २०७५ आश्विन १९ गते उपहार दिनुभएको थियो । यसरी प्राप्त २६४ पृष्ठको यस पुस्तकको एक पाठकको हिसाबले मैले सरसर्ती पढेँ । विद्यार्थी अवस्थादेखि साहित्यका विभिन्न पुस्तकहरू मैले पढ्ने गरेको मध्ये कथा विधा पनि एक हो । कथामा मूलतः निम्न र मध्यम वर्गका पात्रहरूको पारिवारिक र आर्थिक अवस्था, तिनीहरूको अभिरुचि, समाजमा हुने विभिन्न प्रकारको सङ्घर्षको प्रतिनिधित्व गर्ने साहित्यको एक विधा मानिन्छ । परशु प्रधानजीलाई नेपाली साहित्यको आकाशको एउटा चम्किलो तारा भन्न म रुचाउँछु । उहाँको परिचय मैले खासै दिइरहनु पर्दैन । सबै नेपाली साहित्यको अनुरागीलाई उहाँ परिचित हुनुहुन्छ भन्ने ठान्दछु । उहाँ कथाकार, निबन्धकार, सिद्धहस्त आख्यानकार, नविन चिन्तक, नयाँ पुस्ताको लागि उत्प्रेरक, अथक साधक पनि हुनुहुन्छ ।

मेरो र परशु प्रधानजीको सम्बन्धका कुरा गर्ने हो भने हामी एक अर्काका घनिष्ट मित्र हौँ । हामी २०३० सालदेखि सरकारी जागिरमा शिक्षा मन्त्रालयअन्तर्गत विभिन्न कार्यालयहरूको अधिकृत स्तरका जागिरे-सहयात्री, साहित्यिक सहयात्री, विभिन्न धार्मिक स्थलहरूमा परिवारसहित धार्मिक तीर्थयात्री पनि हौं । स्रष्टा समाज नामको साहित्यिक सङ्स्थाको उहाँ सस्थापक अध्यक्ष र म त्यो सङ्स्थाको विधान मौस्यादाकार तथा आजीवन सदस्य हौं । प्रेस (छापाखाना) का हामी द्वय सह-सञ्चालक पनि थियौं । म योग तथा प्राकृतिक उपचारकको नाताले कहिलेकाँहि उहाँको अनुरोधमा उहाँकै स्वास्थ्य समस्या समाधानको लागि सेवा गर्ने एक उपचारक पनि हुँ । मैले गरेको उपचारको प्रशंसा गरी उहाँले आफ्ना लेखहरूमा उल्लेख पनि गर्नुभएको छ ।

## कथा विधा र यौन

नेपाली साहित्यको क्षेत्रमा कथोपन्यास (Hyper Novel) मा उहाँ पहिलो प्रयोगकर्ताको रूपमा हुनुहुन्छ । मनोवैज्ञानिक सिग्मन फ्राईडको यौन (sex) सम्बन्धी विचार, सम्भोगबाट समाधिका विश्वविख्यात लेखक रजनीस ओसो, श्री विश्वेश्वरप्रसाद

कोइरालाज्यूको यौन साहित्यबाट परशु प्रधानज्यूलाई प्रभाव पारेको हो कि जस्तो मलाई लाग्छ । परशुज्यूको कथालेखनका पात्र चयन, अधिकांश नारी पात्रको प्रधानता र यौन विषयले प्राथमिकता पाएको हुन्छ । यस सन्दर्भमा यस पुस्तकका सम्पादक श्री विमल भौकाजीको शब्दमा -"नारी पात्रबिना पुरुषको कथा लेख्नै सकिन्न र पुरुषको कथा नहुने हो भने फेरि एक्लै नारीको कुनै कथा बन्न सक्दैन, नारीको इतिहास बन्न सकिँदैन । एक आपसमा अभिन्न नारी र पुरुष न पुरुषबिना नारी र नारीबिना पुरुष ।" साहित्यमा कथाको विधागत सैद्धान्तिक मान्यता प्रवर्तन गर्ने काम सन् १९४३ एडगर एलेन पोलेले गरेको मानिन्छ । कथाको रचना गर्दा एउटै भावमा केन्द्रित भएर गरिन्छ ।

## धनिया कथा

परशुजीको यो कथा सङ्ग्रह 'धनिया' मा विभिन्न शीर्षकका ४४ ओटा कथाहरू सङ्ग्रहित छन् । ती कथाहरूमध्ये केही कथाहरू मैले पहिल्यै नै उहाँका अरू पुस्तकहरूबाट पढिसकेको थिएँ । यसै क्रममा सीताहरू नामको उहाँको कथासङ्ग्रह मैले पहिल्यै नै पढिसकेको थिएँ । त्यो कथा पनि यस पुस्तकमा समावेश भएको रहेछ । यस पुस्तकमा रहेका ४४ ओटा कथाहरूमध्ये एउटा कथा यो धनिया कथा पनि हो । त्यही धनियाको नामले नै यो पुस्तक प्रकाशित भएको छ । मैले यो लेखमा त्यही धनिया कथा एउटामा मात्र सीमित हुन खोजेको छु ।

यस पुस्तकको कभर डिजाइन अर्मिता शाक्यले गर्नुभएको रहेछ । त्यहाँ नेपाली गाउँको एउटा चित्रको पृष्ठभूमिमा डालिमा (हाँगा) केही फलहरू फलिरहेको, आगलागीले गाउँ जलिरहको, तराई क्षेत्रको पहिरनमा एक नारीको चित्र छ । त्यो चित्रले यस धनिया कथाको कलाकारिताको प्रतिनिधित्व गरेको जस्तो मलाई लाग्यो । नेपाली समाजको सामाजिक, आर्थिक पृष्ठभूमि वर्गीय चरित्रमा निर्मित भएको कथा धनिया हो । नेपालको मोरङ जिल्ला, विराटनगरको सिमानापारि जोगबनी (भारत) बजारको परिवेश छ । यस कथाका विभिन्न पात्रहरू - धनिया, रामदेव, राम लगन, जुङ्गे हवाल्दार, गाउँका धनाढ्य सेठ, वडा अध्यक्षसमेत हुन् । यस कथामा करिब १४,०० शब्दहरू छन् । धनियाको लोग्नेको टिबी रोगले मुत्यु भइसकेको छ, धनिया २५ वर्षे एक विधवा नेपाली नारी हुन् । तिनको गर्भमा एउटा बच्चा छ । धनियाको देवर रामदेव आफ्नी भाउजूलाई दाइको मुत्युपछि आफ्नो हक लाग्ने भनेर अनुचित सम्बन्ध राख्ने गरिआएको रहेछ । सीमापारीको त्यो जोगबनीमा किनमेल गर्न एक दिन धनिया पुग्दछे, त्यहाँ एउटा भट्टीमा धनियाले नचिनेका, नशामा लठिएका व्यक्ति रामलखनले धनियाको जबरजस्ती यौन शोषण गरेको छ । गाँउका एउटा धनी सेठ आफू निसन्तान भएकाले धनियालाई किनेर आफ्नी श्रीमती बनाउने र बच्चालाई आफ्नो सन्तान

बनाउन चाहन्छ । एक दिन त्यो गाउँमा वडा अध्यक्षको उपस्थितिमा गाउँसभा हुन्छ । त्यो सभामा देवर रामदेव, चौकीदार हवल्दरसमेत मिलेर धनियालाई बिक्री गर्न सहमत हुन्छन् । सभा चलिरहेको हुन्छ केही केटाहरू त्यहाँ आई धनिया अलि परको रूखमा झुन्डि रहेको जानकारी दिन्छन् । सबै मानिसहरू त्यो घटना स्थलमा पुगी हेर्न जाँदा साच्चै नै धनिया रूखमा पासो हाली झुन्डेर मरिसकेको दृश्य देखिन्छ । यसरी कथा समाप्त हुन्छ ।

यस कथामा धनियालाई बिक्री गर्दा प्राप्त हुने रकम आपसमा भागबन्डा गरी आफूले पाउने रकम वडा अध्यक्षज्यूले आउँदो चुनावमा खर्च गर्न रकम प्राप्त गर्न चाहेको, हवाल्दार पनि आफ्नो भागमा केही रकम पाउन सहमत भएको, देवर रामदेवले आफ्नी भाउजु आफ्नै सम्पत्ति जस्तो मानेर बिक्री गरी केही आर्थिक धन प्राप्त गर्न खोजेको रहेछ तर धनियाले झुन्डिएर आत्महत्या गरेको घटनाले अनुचित अर्थलाभ गर्ने सबैको इच्छा चकनाचुर भएको कुरा नै यो धनिया कथाको इतिवृत्ति हो । धन्यवाद !

****



लेखक परशु प्रधान



# मतिनाया स: (प्रेमको आवाज)

कवि प्रेमकृष्ण ताम्रकारजुं च्वयादीगु चिनाखँ (कविता) सफू खः । ताम्राकार समाजया कुलदेवता उग्रचण्डी माई सङ्रक्षण समिति, (भजन समिति) यलं प्रकाशन जूगु थ्व नेपालभाषा साहित्य ख्यलय् बिस्कंगु (विशेषतापूर्ण) सफू धायेमाः ।

## कवि भाजुया म्हसिका (परिचय)

वय्कः भीगु स्वनिगः दुने यलदेय् (ललितपुर) वि. सङ्. १९९४ सालय् अबु कृष्णबहादुर ताम्रकारजुया पुत्ररत्न जुयाः जन्म जुयादीम्ह खः । वय्कःया म्हसिकाया ज्वलय् निगू प्यंगू शब्द थुकथं जुल । वय्कःया लजगाः कालिगढ, सरकारी जागिर, मुर्तिकार, व्यापारी, कला कुटिर ह्याण्डिक्राफ्टया प्रोप्राइटर, इलय् ब्यलय् थीथी पत्र पत्रिकाय् च्वसू प्रकाशन यानाः च्वनादीम्ह छम्ह साहित्यकार, बाल विकासालय (पुस्तकालय) या सङ्स्थापक, थीथी सङ्स्थाया दुजः, भारत, जापान, हङकङ, कोरिया, अष्ट्रेलिया देसय् भ्रमण यायेधुंकूम्ह खः । थौंकन्हय् वय्कः सुथय् बहनी थीथी भजनय् सङ्लग्न जुयादीम्ह, अले निक्वः जंकु सिधेयेधुंकूम्ह हनेबहःम्ह जेष्ठ नागरिक न खः । श्री उग्रचण्डी भजन सङ्ग्रह सफूया सङ्कलक व सम्पादक नं खः । काव्य सुगत सुभाषित कविता सङ्ग्रह सफू न वय्कलं पिथनादिइधुंकूगु दु । यलया थीथी भजन मण्डलया वय्कः दुजः अले थःम्ह हे हारमोनियम थानाः सुमधुर सङ्गीतमय् भजन हालादीम्ह भजन गायक नं खः । यलय् जक मखु स्वनिगः यँ, यल, ख्वप व स्वनिगलं पिने थीथी जिल्लाय् इलय् ब्यलय् झायाः भजन प्रस्तुत यानाः च्वनादीम्ह खः । वय्कलं च्वयातःगु नेपालभाषाया भजन म्यँयात डिभिडी चक्कातक पिथनेधुंकूगु दु । थुगु भ्यूजियल सङ्किपा थीथी टि.भी. च्यानलं प्रसारण जुयाच्वंगु खनेदु । नापं चिनाखँ मुनाः सफू 'खिचाया न्हिप्यँ' पिकायेत्यंगु नं दु । थुकथं प्रेमकृष्ण ताम्रकारजु बहुआयामिककथं म्हसीकेफु ।

## मतिनाया सफू

थ्व सफुतिइ सच्छि व च्यापू (१०८ पौ) दु । सफूया आवरण चित्र महाद्यःयात पार्वती स्वाँमाः क्वखायेकाच्वंगु अतिकं बांलाःगु रंगीन चित्रं छायेपियातःगु दु । सफूया दुने राधा-कृष्ण, बुद्ध भगवानया रंगीन फोटो अले मेगु सान्दर्भिक प्यपाः रंगीन फोटोत नापं, थुकिइ दुगु कवितालिसे स्वापू दुगु यक्व चित्रतपाखें थ्व सफूयात छायेपियातःगु

दु ।

ताम्रकार समाजया नायः रबिन्द्रराज ताम्रकारजुया मन्तुना, साहित्यकार समालोचक डा. पुष्पराज राजकर्णिकारजुया भिन्तुना नापं 'न्हू प्रेष्टिज नेपाः' राष्ट्रिय लयपौया सम्पादक नरेन्द्रबहादुर राजभण्डारीजुं बियादीगु भिन्तुनाय् व्यक्त जुयाच्वंगु बिचाः थ्व सफूयात कयाः बांलाक च्वछायातःगु खनेदु । थ्व सफू २०७२ सालय् छगू भव्य समारोहय् अतिक हनबहः म्ह शताब्दी पुरुष डा.सत्यमोहन जोशीजुं विमोचन यानादीगु खः । थ्व सफुतिइ दुगु ९२ पू कवितायात विधागत रूप स्वयेबलय भजन, मतिना, देशप्रेम, झीगु सङ्स्कृति, धार्मिकग्रन्थवेद, नेपाःया सङ्विधान, शहीद, शान्तिक्षेत्र, योग/ध्यान, पुजा, दान, जीवननापं स्वापू दुगु महत्त्वपूर्ण पक्षतय्त विषयवस्तु दयेकाः कविता (चिनाखँ) चिनातःगु खनेदु । धात्थें धायेगु खःसा प्रेमकृष्ण ताम्रकार छम्ह आध्यात्मिक चिन्तक, नेवाः देय्या छम्ह सपुत खः धइगु थ्वहे सफुतिं क्यं । सफूया आकार स्वयेबलय् छगू बःचाधंगु सफू थें च्वं । तर थुकि दुने कविजुं प्वंकातःगु विषयवस्तुया विविधताय् ब्वलनाच्वंगु भावयात दुनुगलंनिसें थुइकेगु स्वयेबलय् थ्व सफुतिइ विभिन्न भाव लुइकेफु । छाय् धाःसा थुकी दुथ्याःगु कवितात गुलि तःब्या अले गुलि तःजाः (गहिराइ) दु धयाथें च्वं । वय्कःया थुगु सफूरूपी समुद्रय् दुहाँवनाः मालाकायेफुसा (मोति, माणिक, शंख, इत्यादि अनेक अमुल्य वस्तुत लुइकेफइ थें ताः । जिं थ्व सफुतिइ च्वंगु भजन व मतिना नितायात जक कयाः छुं विचाः प्वंकेगु कुतः याना ।

**भजन**

भजनया खँय् छत्वाःचा खँ थन न्ह्यब्वयेगु पाय्छि जुइ धयागु जिं ताय्का । झीथाय् थःथः आराध्य द्यःया नां कायेगु द्यःया महिमायात कयाः कीर्तन भजन यायेगु चलन दु । भजन धाल कि द्यःप्रति निष्ठा, आस्था व भक्ति भावना प्वंकेगु ज्या खः । द्यःया भक्तियानाः मुक्ति जुइ धइगु छगू विश्वासकथं तपस्या, यज्ञ, होम, ध्यान, उपासना व पुजा यायेगु छगू पक्ष खःसा व थेंतुं भजन यायेगु दकले अःपुगु छगू माध्यम नं खः । थ्व सन्दर्भय् झीगु धर्मशास्त्र श्रीमद्भागवत् महापुराण सफूया निगू श्लोक थन सान्दर्भिक जुइ धकाः न्ह्यब्वयेगु पाय्छि जुइगु तायका ।

१) श्रवणं कीर्तनं विष्णोः स्मरणं पाद सेवनम् । अर्चनं बन्दनं दास्य सङ्ख्य मात्मनिवेदनम् ॥

अर्थात थ्व श्लोक ९ प्रकारया (नवदा) भक्तित मध्ये कीर्तन भक्ति नं छगू खः कीर्तनभक्ति द्यःपिनिगु (ईश्वर) नाम गुणया खँय् चर्चा जुइ ।

२) नाँह वसमि बैकुण्ठे योगिनं हृदयेन च । मद्भक्ता यत्र गायन्ति तत्र तिष्ठमी नारद ।। अर्थात् छन्हु नारद ऋषि नारायणद्यःयात न्ह्यसः तयादिल कि हे 'ईश्वर छि गन च्वनादी' ? धाःगु न्ह्यसःया लिसलय् श्री नारायणद्यःनं लिसः बियादिल, 'जि बैकुण्ठय् नं मखु, योगीतय्गु नगलय् नं च्वनीम्ह मखु, बरू गन भक्तिपूर्वकं जिगु भजन याइ, जि अन हे च्वनीम्ह । खः ।" धकाः लिसः बियादिल ।

कवि भाजुं थःगु खँया सार कयाः भजन-म्यँ च्वयेगु, भजन कीर्तन यायेगु, ज्या यानादीगु ला धइथें जिं तायका । वयकःया थ्व सफुतिइ सरस्वती बन्दना, अनित्य सङ्सार, उग्रचण्डी मां लुमंकाः, पुजा, वेद, अनित्य जीवन, बटुक भैरवनाथ, ईश्वर म्हसीके, प्रभुया महिमा, उग्रचण्डी माईया भजन, मखुगु कर्मय् वनाः, करूणामय भजन, सुलकासा म्हिताः, पुष्पाञ्जली नांया समेत झिखुपू भजन-म्यँ थ्व सफुतिइ दुथ्यानाच्वंगु दु । थुपिं फुक्क भजनत, लयात्मक, भक्तिभाव प्रधान छन्दोबद्ध, अन्त्यानुप्रास मिलेजूगु अलंकारयुक्तगु खनेदु । थथे धायेबलय् कवि प्रेमकृष्ण ताम्रकारजुया कलमं पिहाँवःगु कवितात मार्मिक जुयाः दुनुगलंनिसें हे नालाकायेबहः जू । भजनय् लय्, तरज, ताल, सूर, फुक्कं मिलेजुइक छ्यलातःगु जिं तायकाच्वना ।

## मतिना

सफूया नां हे 'मतिनाया सः' जूगुलिं थुकिइ दुने छु दु धकाः दुवालाः स्वयाबले सफूया ४३ पृष्ठखय् थ्वहे नांया छपु कविता दु । अले थ्व सफुतिइ मतिनालिसे स्वापू दुगु माया सुया तःधं ? (२) देय्या माया सीमखु गुबलें (३) भ्रीथाय् छ जक मदुगु ? (देश प्रेम) (४) माया मरू माया क्यंकाः (५) मयःम्हेसित जिगु मतिना । ६) माया यायेगु रहर (७) छंगु लँपु स्वयाः (८) प्रेम व घृणा (९) मतिना (१०) मतिनाया म्यँ - नांया चिनाखँनापं झिपु कविता थुकिइ दुथ्याकाःतःगु दु।

मतिना धयागु छु विषयवस्तु वा मनूया स्वभाव व गुणप्रति मनय् लुयावइगु आकर्षण वा आत्मीयता खः, अनुराग खः । थथेंतुं - रूप, गुण, स्वभाव - सामीप्य वा कामवासनं यानाः - मिसा मिजँया दथुइ जइगु अनुराग खः । अथेतुं मनय् लुयावइगु दया - माया खः । प्रेमी - प्रेमिकाया प्रेम सम्बन्धी खँल्हाबल्हा नं मतिनाया दुने लाःवः । माया, पिरती, प्रेम, रसवस, बासना अले ल्यायम्हभाजु व ल्यासेमयजु थवंथवय् जुइगु रतिकासा, ज्या फुक्क मतिना शब्दया दुने लानाच्वंगु दु । प्रेमकृष्णजुया थ्व सफुतिइ दुगु मतिना सम्बन्धि कविताय् गनं देश प्रेम, गनं घृणा अले प्राकृतिक नियमकथं मिजँ मिसाया दथुइ जुइगु मतिना (प्रेम) अनेक खँग्वलं दुस्यःगु भावत पिज्वयाच्वंगु दु ।

मतिनाया सः नांया कविताय प्यंगू चरण दु । 'गथे ल्वःमंके मधुमय वाक्य' ?, 'गथे ल्वःमके छंगु लुमन्ति' ?, 'गथे जिं माःवये अदृष्य मार्गय्' ?, 'गथे ल्वःमके छंगु मतिना ? कविजु थन प्यंगू न्ह्यसः तयाः प्रेमीया लुमन्ति चाकुस्य माकुस्य च्वंगु धापू गथे यानाः लुमंके ?, न्ह्याबलें नुगलय् लुयाः वयाच्वनीगु लुमन्ति अले खनेमदुगु लँपुइ गथे माःवये ?, मतिनायात गथे ल्वःमंके ? धकाः अतिकं बालाःगु गेयमात्मक (सङ्गीतया लयनापं वइगु), कविता च्वयादीगु दु । थ्व कवितां कविजुया नुगःघाः उलाक्यंगु दु ।

थुकथं कवि प्रेमकृष्ण ताम्रकारजुया 'मतिनाया सः' सफू नेपालभाषा साहित्य अनुरागी पाठक, धर्मकर्म, भजन हालीपिं भक्तजनतय्त जक मखु, देश प्रेम, शान्ति मार्गय् जुइपि, देय्या लागि शहीद जुयादीपिन्त थःगु शब्दं श्रद्धाञ्जली नं बियादीगु दु । थ्व सफुलिइ मेमेगु नं यक्व यक्व खँ दुगुलिं थुकियात जिं छगू सागर हे ताय्काच्वना । वय्कःया थज्याःगु हे ग्यसुलाःगु मेमेगु सफूत नं ब्वनेखनी धयागु आशा याना ।

****



लेखक प्रेमकृष्ण ताम्राकार



# कालो पहाडको दृश्य/चित्र

**प्रारम्भ**

प्रजापति तिमल्सिनाले नेपाली साहित्यक्षेत्रमा 'अनेरूवा' उपन्यास (२०७३), 'विधुवा वासना' (२०७६), तथा 'कालो पहाड' उपन्यास (२०७८) सालमा प्रकाशित गर्नुभयो । प्रकाशित कृतिहरूको समयमा मात्र हेर्ने हो भने उहाँले विगत ६ वर्षदेखि आफ्ना कृतिहरू पाठकसमक्ष पस्किँदै आउनुभएको छ । कुनै लेखकले आफ्नो पुस्तक प्रकाशन गर्नुभन्दा पहिले निकै समय आफूले साहित्यका विभिनन पुस्तकहरू अध्ययन गर्ने, विभिनन फुटकर लेखहरू लेख्ने र पत्रपत्रिकामा आफ्ना लेखहरू प्रकाशित गर्ने गर्दछन् । यसको अर्थ प्रजापति तिमल्सिनाको साहित्यिकयात्र कहिलेदेखि कसरी सुरु भयो भन्ने कुरा एकिनका साथ म भन्न सक्दिनँ ।

उपन्यास

नेपाली भाषामा लेखिएका उपन्यासको इतिहासलाई हेर्ने हो भने गिरिशवल्लभ जोशीको 'वीरचरित्र' नामक पुस्तक वि.सं. १९६० मा प्रकाशित भएको मानिन्छ । रूद्रराज पाण्डेको 'रूपमती' वि.सं. १९९१ मा प्रकाशित भएको थियो । यसपछि रूपनारायण सिङ्हको 'भ्रमण' नामको उपन्यास प्रकाशित भएको थियो । त्यसपछिका धेरै उपन्यासकारहरूमा लैनसिङ्ह वाङ्देल, डाइमन्ड शमशेर, रूद्रराज पाण्डे, पुष्कर शमशेर आदिको नाम आउँछ । नवोदित उपन्यासकारहरूको पङ्क्तिमा प्रजापति तिमल्सिना पनि देखा पर्नुभयो । उपन्यासकारहरूले मानिसको अनुभवलाई आफ्नो काल्पनिक रङ्ग दिएर कुनै निश्चित परिवेशमा पात्रहरूको कामलाई सुत्रवद्ध गरिएको हुन्छ । खासगरी समाजमा रहेका विभिन्न वर्गका पात्रहरूका पारिवारिक, आर्थिक, सामाजिक, अभिरूचि इत्यादि कुराहरूलाई उपन्यासमा दर्साइने गरिन्छ ।

कालो पहाड

यो उपन्यासलाई उपान्यासकार तिमल्सिनाले निम्नलिखित पाँचओटा परिच्छेदहरूमा विभक्त गर्नुभएको छ।

१) शब्द हराएको कथा, २) लुगा च्यातिएको पिर छैन तर मनै च्यातिन्छ कि भन्ने पिर, ३) आँधीमा चिराक जल्दैन, ४) त्यसैले होला पशुले आँसु नझार्ने, ५) पुरूष भेडो जात पो हो ।

उल्लिखित परिच्छेदहरूको शीर्षकले यस उपन्यासका पाठकहरूलाई कौतुहलता जगाउँछ । ती कौतुहलताभित्र केही प्रश्नहरू उब्जिनछ । उदाहरण्को लागि :

१) कसको कथा ?, २) के कुरामा के शब्द हराएको ? ३) किन मनै च्यातिन्छ कि भनने पिर ?

यसरी नै आँधीबेरी, हुरी चलेको बेला हावाको झोक्काले कुनै पनि बत्ती बल्न सक्दैन । यो कुरा सबैलाई थाहा नै भएको होला तर यहाँ उपन्यासकारले कस्तो आँधी र कस्तो चिराक भन्न खोको हो ? भन्ने कुराले सबैलाई कुरिकुरी लगाउँछ । दु:ख पर्दा मानिसको आँखाबाट आँसु झर्छ यो स्वाभाविक छ तर किन पशुको आँसु झर्दैन ? यसरी नै यो उपन्यासको अन्तिम परिच्छेदको शीर्षकले पुरुष भेडो जाता हो भनेर किन भनियो ?

उपन्यासकार प्रजापति तिमल्सिनाले यस उपन्यासको अग्र भागमा उपोद्घात शीर्षकअन्तर्गत यो उपन्यास कुन परिवेशमा कसरी तयार गरियो भन्ने कुरालाई प्रकाश पार्नुभएको हो । यस उपन्यासका पात्रहरू माइला, अमृत, रूपालगायतले आफ्नो समाजमा भोगिआएको वर्गीय विभेद, लैङ्गिक र जातीय विभेदको एक सशक्त चित्रण उपान्यासकारले अति रोचक साथै मार्मिक रूपमा प्रस्तुत गर्नुभएको पाइन्छ ।


यस उपन्यासबारे विद्वान्को दृष्टि

यो उपन्यासलाई डा. यज्ञश्वर निरौलाले सीमान्तकृत दृष्टिकोणमा कालो पहाडअन्तर्गत निम्न उपशीर्षकहरूमा विस्तृत चर्चा गर्नुभएको छ ।
१) कालो पहाडमा सिमान्तियता, २) महिलाको परिचय, ३) वर्गीय आधारमा महिला, ४) लैङ्गिक विभेदमा महिला, ५) जातीय आधारमा महिला, ६) वर्चश्व/प्रभुत्वको आधारमा महिला, ७) लेखकीय दृष्टिकोण र ८) निष्कर्ष गरी ८ ओटा बुँदाहरूमा विवेचना गर्नुभएको छ । डा. निरौलाले यहाँ प्रस्तुत गर्नुभएको ९ पृष्ठको समीक्षा उच्च कोटिको रूपमा रहेको मैले पाएँ ।

अन्तमा

पुष्पापराग साहित्य प्रतिष्ठान भक्तपुरले प्रकाशन गरेको २१७ पृष्ठको यो पुस्तकको मूल्य रू. ३७५ मात्र रहेको छ । सन्तोष दाहालले तयार गर्नुभएको आवरण डिजाइन आकर्षक छ । नेपाली साहित्यमा अभिरुचि राख्ने पाठकहरूले यो उपन्यास पढ्नलायक तथा पुस्तक सङ्ग्रहणीय छ भन्ने मलाई लाग्दछ ।






उपन्यासकार प्रजापति तिमिल्सिना

# विषय र विवेचना कृतिको उपयोगिता

## प्रारम्भ

२००४ सालमा जन्मनुभएका चूडाप्रसाद चौलागाईंले लेख्नुभएको 'विषय र विवेचना' (लेखसङ्ग्रह) पुस्तकबारे म सङ्क्षिप्त टिप्पणी प्रस्तुत गर्दैछु । लेखकको यस पुस्तकमा रहेका ४० ओटा लेख यसभन्दा पहिले नै 'नेपालभूमि राष्ट्रिय साप्ताहिक' पत्रिकामा प्रकाशित भइसकेका हुँदा कतिपय पाठकहरूमा उहाँको लेखनीबारे ज्ञात भइसकेको हुनुपर्छ । प्रभा माध्यमिक विद्यालय काभ्रेपलान्चोकबाट प्रकाशित १४४ पृष्ठको यो पुस्तकका लेखक चौलागाईंज्यू ४५ वर्षसम्म शिक्षण पेसामा लाग्नुभएकाले उहाँका विद्यार्थी, अभिभावकलगायत हजारौं व्यक्तिहरूले उहाँको स्वभावबारे सहजै जान्नु बुझ्नुभएको हुनुपर्छ । अब यो कृतिलाई अझ व्यापक जनसमुदाय, साहित्यप्रेमीहरूले उहाँको सोचविचार, दृष्टिकोणबारे नयाँ-नयाँ कुरा अझ बढी थाहा पाउनुहुनेछ भन्ने मलाई लाग्छ ।

## विषय

यो कृतिको मूल विषय साहित्य, सङ्स्कृति, धर्म र आध्यात्मिकता हुन् । प्रायः यसमा रहेका लेखहरूमा दर्शनजस्तो गहन विषयलाई उहाँले सरल भाषामा प्रस्तुत गर्नुभएको छ । दार्शनिक चिन्तकहरू जस्तै सुकरात, प्लेटो, अरिस्टोटल, अल्बर्ट आइनस्टाइन, कार्ल मार्क्सका साथै अध्यात्मवादी चिन्तक वेदव्यासले रचना गर्नुभएका धर्मशास्त्र, वेद, कथा, पुराणको चर्चा यस कृतिमा भएको छ । चौलागाईंको शब्दमा अध्यात्मवाद र भौतिकवाद एक नदीका दुई किनारा हुन् । पूर्वीय दर्शन र पाश्चात्य दर्शनको भिन्नता देखाउनुहुँदै उहाँ भन्नुहुन्छ - 'पूर्वीय दर्शन शरीरको मासु हो र पाश्चात्य दर्शन शरीरको हाड हो ।'

## साहित्य

प्रस्तुत पुस्तकमा साहित्यतर्फ रहेका लेखहरू नियाल्दा चाणक्यनीति तथा कविवर सिद्धिचरण श्रेष्ठको प्रभाव लेखनमा परेको बुझिन्छ । उहाँ साहित्यको नौलो

परिभाषा दिनुहुन्छ- 'साहित्य मुटुको बोली हो, मस्तिष्कको खुराक हो, जीवनको ऊर्जा हो । हाँसो र आँसु पनि सहित्य हो ।' यो उहाँको अभिव्यक्ति साहित्य -अनुरागीहरूका लागि एउटा मिठो खुराक हो ।

## निबन्ध

निबन्धकार चौलागाईज्यूको अर्को विशेषता निबन्धहरूको शीर्षक छनोटमा पनि देखिन्छ । यसमा 'प्रेम' सम्बन्धमा तीन ओटा निबन्धहर छन् । (१) सच्चा प्रेम र जीवनको ऊर्जा, (२) आहा, यस्तो प्रेम पो प्रेम, र (३) प्रेम गरौं, प्रेम गर्न सिकाऊँ । यी निबन्धहरूले प्रेमका विभिन्न पहलुहरूलाई उजागर गरेका छन् । प्रेम सन्देशमूलक रूपमा जीवनसँग गाँसिएको कुरा यहाँ प्रस्तुत भएको छ ।

## महिला

यसरी नै महिलाबारे दुई ओटा लेखहरू छन् (१) नयाँ पुस्तक राम्री तरुनी, र (२) पुरुषहरू महिलाको वशमा । यी निबन्धहरूले महिलाका बारे जुन विचार निबन्धकारले दिनुभएको छ, त्यो हाम्रो समाजको वास्तविक पक्ष हो । चौलागाई सचेतकका रूपमा देखापर्नुभएको छ । शुभकार्य सबैले गर्नुपर्छ सबैले भन्ने गर्दछन् तर अशुभ कार्यमा पनि सबैको ध्यान जानु आवश्यक छ । मानिसमा अहम् भाव हुनु राम्रो होइन । कसैको सेखी नगरौँ भन्ने सन्देश यहाँ पाइन्छ .।

## आत्मा, सत्सङ्ग र तपस्या

आत्मा, सत्सङ्ग र तपस्याबारे निबन्धकार चर्चा गर्नुहुन्छ । धर्म के हो भन्ने प्रश्नको जवाफमा अन्नदान भन्नुभएको छ । मानिसहरू आफूलाई दुःख पर्ला भन्ने चिन्ताले पिरोलिने गर्दछन् तर दुःखलाई वरदानका रूपमा लिन सके राम्रो हुने सल्लाह दिनुभएको छ । ज्ञानको महत्त्व ठूलो छ । त्यसैले ज्ञानको चाहना गरिन्छ । यहाँ लेखकले ज्ञानलाई तीन भेदहरू सात्विक, राजस र तमस नामले विभाजन भएको चर्चा गर्नुभएको छ ।

यो पुस्तकको परिशिष्टमा गीता मञ्जुश्रीले लेख्नुभएको वाक्य 'चूडाप्रसाद चौलागाई राम्रो अध्येता, राम्रो पाठक, राम्रो लेखक, राम्रो चिन्तक, राम्रो समीक्षक' भएकोमा यो टिप्पणीकार सहमत छ । 'विषय र विवेचना' (लेखसङ्ग्रह) शीर्षक

पुस्तकमा समावेश भएका निबन्धहरूसँग राम्रो तादात्म्य छ । समग्रमा भन्नुपर्दा यो पुस्तक पठनीय, सङ्ग्रहणीय भएकाले लेखक चूडाप्रसाद चौलागाईं, शब्दयात्रा प्रकाशन, यसका सबै पाठकहरूमा मेरो साधुवाद छ ।

****



लेखक चूडाप्रसाद चौलागाई



आफ्नो जीवन·

# आफू अरूका लागि कृतिको सार

स्मृति निबन्धकार निर्मला श्रेष्ठज्यूले लेख्नुभएको "आफू अरूका लागि" पुस्तक शब्द यात्रा प्रकाशनको १३५ औं प्रकाशन पुष्पको रूपमा पाठक समक्ष आएको छ । यस पुस्तकमा दिइएको परिचयअनुसार लेखिका उच्च शिक्षा हासिल गरेकी र स्वेदश तथा विदेशहरूमा भ्रमण गरी धेरै अनुभव बटुलिएकी, लिङ्कन इन्टरनेसनल बोर्डिङ स्कुल बेनपालगायत विभिन्न नौओटा सङ्घ सङ्स्थाहरूका सङ्स्थापक, नेपाल रेडक्रस सोसाइटीलगायत १२ ओटा सामाजिक सहकारी, राष्ट्रिय बैंक, आदि सङ्स्थाहरूमा आवद्ध सक्रिय महिला हुनुहुन्छ ।

नाला टुसाल, काभ्रेमा २०२५ सालमा जन्मनुभएकी श्रेष्ठ महिलावर्गको सशक्तीरणका लागि जीवन बिताइरहेकी अभियन्ताको रूपमा सुपरिचित छिन् । यस पुस्तकको माध्यमबाट नेपाली साहित्य क्षेत्रमा एक नारी हस्ताक्षरको रूपमा झुल्कन आउनुभएको छ ।

अधिकांश मानिस अरूका लागि होइन, आफ्नै व्यक्तिगत जीवनका लागि बाँच्तछन् तर निर्मला श्रेष्ठ आफू अरूका लागि बाँच्ने महिलाको रूपमा बाँचिरहनुभएको प्रमाणको दस्तावेज यस पुस्तकको माध्यमबाट दिनुभएको छ । यस पुस्तकमा जम्मा १९ ओटा निबन्धहरू छन् । आफ्नो जन्मस्थान नालाको परिचय, आफूलाई जन्म दिने आमा-बुबा, परिवारजन, मित्रहरू, अभिभावक, गुरुहरूको यथोचित्र सम्मानआदरका भावनाहरू प्रचुर मात्रामा आकर्षक ढङ्गले प्रस्तुत गर्नुभएको छ ।

आफ्नो शारीरिक अवस्था "खोल्टी" हुनुपरेको र बाल मस्तिष्कमा परेको अमिट छाप, आफ्नो देब्रे गोडा कमजोर र बाङ्गो भएको, शान्त भवन अस्पतालमा अपरेसन गरिएको, पोलियोबाट पीडित, अहिले पनि सामान्य व्यक्तिसरह जुत्ता लगाउन आफू असमर्थ भएको ज्यादै दुःखदायी जीवनको व्यथालाई - "आफूलाई प्राप्त दुःखलाई पनि अवसरका रूपमा स्वीकार गर्न सकेको खण्डमा भने आफूलाई खुम्च्याएर बस्नु नपर्ने मेरो व्यावहारिक उपलब्धि हो ।" भनी गर्व गरिएको उहाँको भनाइ अरूका लागि ज्यादै महत्त्वपूर्ण प्रेरणा मान्नुपर्छ ।

भगवान कणकणमा व्याप्त हुन्छन् । हाम्रो नाङ्गो आँखाले नदेखे तापनि सबैतिर

भगवान् बसेका हुन्छन् भन्ने अदृश्य दैविक भक्तिप्रति आफू इमान्दार रहेको तर कुनै मन्दिर गएर पूजा गर्न र आफ्नो मनकामना पूरा गर्ने अभिलाषामा, कुनै व्रत पूजा अहिलेसम्म गरी नसकेको यथार्थ र स्पष्ट कुरा निबन्धकारले लेख्नुभएको छ ।

रामचन्द्रजी उहाँको व्यावहारिक गुरु, जीवन बादे श्रेष्ठ महिला सशक्तीकरणमा गुरु, प्रतिभा सुवेदी सहकारी अभिभावक, भारतका प्रेमपाल रावत आफूलाई चिनाउने आध्यात्मिक गुरु तथा यो पुस्तक लेख्न आवश्यक सरसल्लाह र प्रेरणा दिनुहुने डा. इन्दुल केसीलाई मान्नुहुन्छ ।

हाम्रो देश कृषि प्रधान भएकाले आफू पनि बाँच अनि अरूलाई पनि बचाऔँ भन्ने भावनाले अर्गानिक खेतीको अभियानमा लाग्नुभएको छ । विषादी र रसायनिक मलको अन्धुन्न प्रयोगले हाम्रो समाजमा कडा प्राण घातक रोगहरू क्यान्सर, सुगर, प्रेसर, छाला, हड्डी खिइने, नसा च्यापिने, हर्ट एट्याक सम्बन्धी विविध रोगहरू लाग्ने भएकोले कृषि प्रवर्द्धनको लागि युवा वर्गलाई अर्गानिक खेतीतर्फ लाग्नु उहाँ प्रेरकको रूपमा रहनुभएको देखिन्छ । "विदेशी होइन, स्वदेशी खोजौं, विषादी होइन, अर्गानिक नै रोजौं" भन्ने मूल नारा बोकी उद्यमशीलता विकास गर्ने निर्मला श्रेष्ठको धोको रहेको छ ।

पुस्तकको उपसङ्हारमा - आफ्नो जीवन अरूका लागि उपयोग गर्न चाहने सम्पूर्ण सचेत व्यक्तिका लागि यो पुस्तक, आफ्नो अभियान र आफ्नो जीवन समर्पित गर्नुभएको अभिव्यक्ति पोख्नुभएको छ ।

आफ्नो बाल्यकालदेखि वर्तमान समयसम्म पारिवारिक, सामाजिक, आर्थिक, शैक्षिकलगायत विविध पक्षमा सङ्घर्षशील भई आत्मविश्वासका साथ अघि बढिरहेको कुरामा आधारित आत्मकथात्मक निबन्धहरूलाई उहाँले रोचक र मार्मिक रूपमा यस पुस्तकमा प्रस्तुत गर्नुभएको छ । जीवन भोगाइका क्रममा हरेक मानिसले अनेकौँ उकाली र ओराली पार गर्छ, सुखदुःख भोग्छन् । आफ्नो सीमित परिवारको स्वार्थपूर्तिका लागि जीवन व्यतीत गर्ने गर्छन् । केही नगन्य रूपमा निर्मला श्रेष्ठ जस्ता व्यक्तिहरू मात्र समाजमा देखा पर्छन्, जसले व्यक्तिगत स्वार्थका लागि होइन, समाज र राष्ट्रका लागि अभियन्ताका रूपमा जीवन अर्पण गर्छन् ।

पुस्तकको प्रकाशक शब्दयात्रा प्रकाशनका अध्याक्ष हरि मञ्जुश्रीले प्रकाशकीय लेखनमा भन्नुभएको "यो पुस्तक पढ्दा पाठकहरूलाई सकारात्मक सोच राख्ने हो भने

अरूको हितमा आफूलाई समर्पित तुल्याउन सकिँदो रहेछ भन्ने प्रेरणा प्राप्त हुनेछ" भनाइ सत्य सावित हुन्छ भन्ने यो टिप्पणीकारलाई लागेको छ । इन्जिनियर रोशन मञ्जुश्री अधिकारीज्यूले आकर्षक ढङ्गमा साजसज्जा गर्नुभएको मूल्य मात्र रू.१३०।- रहेको यो पुस्तक पठ्नीय छ ।

****



लेखक निर्मला श्रेष्ठ



# मान्छे, प्रकृति र भेगन
# एक उपयोगी कृति

**प्रारम्भ**

"प्रकृति र मानव-अस्तित्वलाई सहज ढङ्गले निरन्तरता दिन टेवा पुग्ने काममा सचेत बनौं र अरूलाई पनि सचेत बनाऔं । दीर्घायु, समृद्धि, विकास र शान्तिका लागि कृत्रिमतालाई प्राथमिकता नदिई प्रकृतिप्रेमी बनेर अगाडि बढौं । कृत्रिमतालाई मात्रै अँगालेर प्रकृतितर्फ नफर्किने हो भने हाम्रो अस्तित्व यति सुन्दर पृथ्वीबाट सदाका लागि मेटिन सक्छ ।" यस भनाइ पुस्तकका लेखक श्री साधुराम गिरीज्यूको हो । यो पुस्तक नेपाली साहित्य क्षेत्रमा लेखकको पहिलो पाइला हो । यस पुस्तकलाई श्री दामोदर घिमिरेज्यूले सम्पादन गर्नुभएको हो ।

काभ्रे जिल्ला निवासी श्री साधुराम गिरीज्यूले लेख्नुभएको यो मान्छे, प्रकृति र भेगन (बिरौला सङ्ग्रह) नामक पुस्तक नेपाली साहित्यक्षेत्रमा एउटा विशिष्ट प्रकारको पुस्तक हो । यो पुस्तक शब्दयात्रा प्रकाशन, बनेपाको १२२ औं प्रकाशन पुष्पको रूपमा पाठक समक्ष आइपुगेको छ । साहित्यको ठुलो बगैंचामा यो एउटा सुन्दर फुलझैं फुलेको छ । जम्मा ८६ पृष्ठको यस भित्र पहिलो भागमा चार ओटा कविताहरू दोस्रो भागमा दुई ओटा सङ्स्मरण सम्बन्धी निबन्धहरू र तेस्रो भागमा छ ओटा नेपाली भाषाको साथै दुई ओटा अङ्ग्रेजी भाषामा लेखिएका लेखरू समावेश छन् ।

यस पुस्तकमा श्री भरत जंगम, डा. इन्दुल के.सी. प्रशिक्षक तथा विश्लेषक : मानव अधिकारका अभियन्ता श्री राजु सरकार, नवजीवन परोपकार समाज नेपालका अध्यक्ष श्री दुर्गानाथ दाहाल, प्रा. डा. मोहन खरेल तथा अध्यात्म गुरु श्री ब्रह्म श्री मित्रज्यू समेत छ जना महानुभावहरूले आ-आफ्नो भाषा शैलीमा लेखकको कार्यलाई दिनुभएका शुभकामना मन्तव्यहरू समावेश गरिएका छन् । शब्दयात्रा प्रकाशनका अध्यक्ष हरि मञ्जुश्रीले आफ्नो प्रकाशकीयमा लेख्नुभएको छ "मान्छे, प्रकृति र भेगन" पुस्तकका रचनाकार साधुराम गिरीका कविता, सङ्स्मरण र लेखहरूको त्रिआयामिक सङ्ग्रह हो । त्यसैले यसलाई विरौला सङ्ग्रह नाम दिइएको छ । यस सङ्ग्रहमा रचनाकारका विविध विचारहरू, भावहरू र दृष्टिकोणहरू मुखरित भएका छन् । विशेषतः मानव

जीवनले अँगाल्नुपर्ने सकारात्मक पक्षहरूको चर्चा यस सङ्ग्रहका रचनाहरूमा गरिएको छ" यस पुस्तकको आवरण सज्जा इ. रोशन मञ्जुश्री अधिकारीज्यूले तयार गरेको यो सुन्दर हरियाली प्रकृतिको चित्र छ ।

## पुस्तकमा रहेका साहित्यिक रचनाबारे

पुस्तकमा रहेका कविताहरूमध्ये पहिलो कविता "यसरी नै उदाउन सकूँ म" हो । बालकवि साधुराम गिरी कक्षा आठमा अध्ययन गर्दा रचिएको रहेछ । स्कुले विद्यार्थीको अवस्थामा रचिएको यो कवितामा भविष्यमा आफ्नो जीवन एउटा आदर्शवान् देशभक्त बन्न सकौं भन्ने आकाङ्क्षायुक्त भावले पूर्ण छ । दोस्रो कविता "वाह जिन्दगी !" मा कवि लेख्नुहुन्छ- "खाली हात जन्मेको खाली हातमै बिलाउनुपर्ने सपना पो रहेछ जिन्दगी" भन्ने शाश्वत उद्‌गार अभिव्यक्त भएको छ । आफ्नो जन्मस्थानको यादमा रचिएको "मेरो प्यारो खर्कडाँडा" मा आफ्नो गाउँको माया जीवनभर राख्ने भाव पोखिएको छ । "प्रकृतिप्रेमी भेगन" शीर्षकको कवितामा कवि भन्नुहुन्छ, "मानिसले श्वास लिन श्वास फाल्न प्रकृति नै चाहिन्छ । अनि मानिस भेगन बन्न सकेमा झनै राम्रो पुण्य यसै पाइन्छ" भन्ने सन्देश दिनुभएको छ ।

## लेखकको एउटा गहन विचार

"पशुवधशालामा अत्यन्तै घृणित र नारकीय दृश्य देख्दा ती निरीह पशुको हत्या गर्ने मानव ? कि दानव हो ? को कार्य र पशुभक्षक निर्दयी मानवदेखि जो कोहीलाई पनि घृणा लागेर आउँछ । एक्काइसौं शताब्दीका चेतनशील मानवको वास्तविकता यही हो ? लाज लाग्नुपर्ने हो साँच्चै विवेकशील मानव हो भने । यति सुन्दर देशलाई कहिलेसम्म यिनीहरूलाई नरक बनाउन दिइरहने हो ? एउटा गहन प्रश्न खडा भएको छ । व्यवसाय नै गर्ने हो भने निरीह प्राणीमाथि किन यस्तो क्रूर अन्याय र अत्याचार ?"

पुस्तकको तेस्रो भाग लेखखण्डमा रहेका केही लेखहरू सम्बन्धमा - मानव धर्म र आजको आवश्यकता शीर्षकको लेखमा लेखक भन्नुहुन्छ, "——— आ-आफ्नो धर्म र सङ्स्कृतिको पहिचान मानव-समाज रहुन्जेल अजम्बरी बनोस् त्यो पनि सम्पूर्ण मानव हितका लागि काल्पनिक, अदृश्य र अफिमरूपी धर्मभन्दा २१ औं शताब्दीका लागि सुहाँउदो एक मात्र मानव धर्मको विकास नै आजको आवश्यकता र समय सान्दर्भिक

हुन्छ । God created us and we create religions अर्थात् ईश्वरले हामीलाई बनायो र हामीले धर्मलाई बनायौं " भन्ने एउटा मननयोग्य भनाइ पुस्तकमा समावेश भएको छ । कृत्रिम नबनौं प्रकृतिप्रेमी बनौं लेखमा - "बेलैमा सचेत भई आधुनिकताभन्दा प्रकृतितर्फ फर्कन आफूलगायत सम्पूर्ण प्रकृतिप्रेमीहरूलाई प्रेरित गरौं र प्रण गरौं कि आजैदेखि अनावश्यक कृत्रिमतालाई त्यागेर प्रकृतितर्फ फर्कौं । त्यसका लागि सुरु आफैंबाट आजैदेखि गरौं ।"

## भेगन खाना

माछा, मासु, अण्डा मात्र होइन, पशुपन्छीको कुनै पनि उत्पादनको अंश भेगनमा हुँदैन । यो भनेको विशुद्ध शाकाहारी भोजन, बिरूवामा वा वनस्पतिमा आधारित खाना हो ।

मानिसले स्वस्थ जीवनयापन गर्नका लागि शाकाहारी भेगन हुनपर्दछ र यो असल जीवनशैलीको आधार पनि हो । भनिन्छ शाकाहारीभन्दा पनि विशुद्ध खानेकुरा भनेको भेगन हो । भेगन डाइट लिनुका विभिन्न फाइदा छन् । यस्तो भोजनले मन र शरीरलाई शान्त र स्फूर्त तुल्याउँछ । भेगन डाइटको सेवनले शरीरको तौल सन्तुलित राख्नुका साथै शरीरलाई आवश्यक सम्पूर्ण पोषक तत्त्व पनि प्राप्त गर्न सकिन्छ । भेगन डाइट वा भेगन भोजन मात्र गर्ने हो भने मुटुरोग, उच्च रक्तचाप, कब्जियत तथा क्यान्सरजस्ता रोगको जोखिम पनि कम हुने गर्दछ । भेगन डाइटले पाचन क्रिया पनि दुरूस्त रहने भएकाले पनि भेगन डाइट हामी सबैका लागि एक राम्रो विकल्प हुन सक्छ ।

लेखकले भोजनलाई तामसिक भोजन, राजसिक भोजन र सात्विक भोजन गरी तीन भागमा विभक्त गर्नुभएको छ, जसमध्ये यहाँ सात्विक भोजनको बारे लेखक भन्नुहुन्छ, "सात्विकको अर्थ निर्मल वा शुद्ध तत्त्व हो । सबैभन्दा शुद्ध आहार चेतनायुक्त आध्यात्मिक र स्वस्थ जीवनका लागि शरीरलाई पोषित गर्छ र शान्तिपूर्ण स्थितिमा राख्छ । आयुर्वेदका अनुसार शारीरिक बल, राम्रो मन, राम्रो स्वास्थ्य र दीर्घायुका लागि यो भोजन सर्वोत्कृष्ट हो । यसले मनलाई शान्त र शुद्ध पार्छ, जसले गर्दा मनले आफ्नो अधिकतम सामर्थ्य देखाउन सक्छ । यसले साँचो स्वास्थ्य, शान्त मन जसले समुचित शरीरलाई नियन्त्रण गर्न सक्छ, सन्तुलित शक्तिको बहने (मन र शरीरबीच) सुनिश्चित गर्दछ । यो भोजन शान्त, शुद्ध, स्थिर र चिन्तनशील जीवन व्यतीत गर्न


चाहनेहरूका लागि श्रेष्ठ हो । यो भोजनमा धेरै योगी, ऋषि, साधुसन्यासी, आध्यात्मिक गुरुहरूको आहार पर्छन् । फलफूल र तरकारी खानाले चुम्बकीय शक्ति विकास गर्न मद्दत पुऱ्याउने विश्वास राखिन्छ ।" म स्वयम् योग तथा प्राकृतिक चिकित्सा (वैकल्पिक उपचार) र योगसँग सम्बन्धित डाक्टरको नाताले लेखकको उल्लिखित भनाइप्रति पूर्ण सहमत छु ।

यस पुस्तकको मूल सन्देशका रूपमा जस्तो खाना त्यस्तै विचार हुने भएकोले पूर्ण शाकाहारी अर्थात भेगन भई लेखक स्वयम् कसरी किन शाकाहारी र पछि भेगन (Vegan) बन्न पुग्नुभयो भन्ने चर्चा गरिएको छ ।

****



लेखक साधुराम गिरी



# छेउ न टुप्पोमा दृष्टि पर्दा

**प्रारम्भ**

लेखक श्री प्रकाशप्रसाद उपाध्यायले लेखेको "छेउ न टुप्पो" शीर्षकको पुस्तक २०७५ सालमा प्रकाशन भएको रहेछ । शब्दार्थ प्रकाशन, चावहिल, काठमाडौंबाट प्रकाशित ७१ पृष्ठ रहेको यस पुस्तकको मूल्य रू. १५०/- मात्र राखिएको छ । वर्तमान समयमा एक कप चियाको मूल्य रू. २५/- पर्दछ, यसको अर्थले यो पुस्तकको मूल्य ६ कप चियाको मूल्य मात्र देखियो । तर यो बबुरो इन्दुलले पैसा तिर्नुनपर्ने गरी लेखक स्वयम्ले - "साहित्य स्रष्टा डा. इन्दुल केसीज्यूलाई सादर समर्पित" भनी स्वहस्ताक्षरले लेखी बिना मूल्यमा उपहार स्वरूप प्रदान गर्नुभयो । सित्तैमा पाएपछि एक माना चुक पनि पिउने नेपाली उखान जस्तै मैले पनि यो पुस्तकको बोक्रा (कभर) देखि भित्रभित्र पनि पल्टाउँदै सरसरती चुसैं (हेर्न थालैं) । एक धार्नी चाकु खाएर पनि गुलियोको स्वाद थाहा नपाउने भनेझैं मैले पनि यो पुस्तकको छेउ न टुप्पो फेला पार्न असमर्थ भएँ । तै पनि कनीकुथी गरी मैले त्यो पुस्तकको केही बुँदाहरूको टिपोट मात्र पुङ्गमाँगे ढाँचामा यहाँ प्रस्तुत गर्ने मैले धृष्टता गरैं ।

१) सर्वप्रथम म कुनै समालोचक, साहित्यकार, टिप्पणीकार पनि होइन । केवल साहित्यमा अभिरुचि राख्ने सामान्य पाठक मात्र हुँ । यसैले यो टिपोट (टिप्पणी) मा कुनै बान्की मिलेको, चट्ट परेको रूपमा नहुन सक्छ । कखरा गर्न - पढ्न थालेको भर्खर कक्षा एकमा पढ्ने विद्यार्थीले कनीकुथी गरी तयार गरेको यो लेखले पाठक वर्गलाई कुनै विशिष्ट कुरा पस्किने छैन भन्ने कुरा मलाई यकिन छ ।

२) नेपाली भाषा र हिन्दी भाषाका विगत ४० वर्षपहिलेदेखि साहित्यका विविध विधामा प्रकाशप्रसाद उपाध्यायले नेपाली साहित्य भण्डारमा निम्न शीर्षकका कृतिहरू प्रदान गर्नु भएको व्यहोरा यस पुस्तकैमा उल्लेख गर्नुभएको छ :

क) रेडियो जिन्दगी (अल इण्डिया रेडियोमा चार दशक), ख) वीर गणेशमान सिङ्ह की सङ्घर्ष गाथा, ग) गणतन्त्र के लिए सङ्घर्ष, घ) वीर जाति की अमर कहानी ङ) नेपाली लोककथा सङ्ग्रह (नेपाली र हिन्दीमा), च) हिन्दी-नेपाली शब्दकोश छ) नेपाली-हिन्दी शब्दकोश, ज) भारतीय भाषा कोश, झ) हिन्दी-नेपाली वार्तालाप पुस्तिका, ञ) छेउ न टुप्पो (निबन्ध-कथासङ्ग्रह)

३) यस पुस्तकमा १७ ओटा निम्नलिखित शीर्षकका लेखहरू समावेश भएका छन् : (क) पर्यटनको रोमाञ्च (ख) यमलोकको यात्रा (ग) घरमा लेखक (घ) वेदना (ङ) उपनामको खोजी (च) भिजिटिङ कार्ड (छ) लेखक बन्न खोज्दा (ज) बहालको घर (झ) लक्ष्मीको अभिवादन र... (ञ) कचकच (ट) रहरको पूर्ति (ठ) रत्नको खोजी गर्दा

(ड) निचोड (ढ) एक्काइसौं शताब्दीको चिन्तन (ण) प्रतीक्षा (त) गुन बैगुन (थ) लन्च आवर (द) ओउम् शान्ति शान्ति शान्ति

४) लेखकले यो पुस्तक आफ्नी माता अरूणादेवी एवम् पिता अग्निप्रसाद उपाध्यायको पावन स्मृतिमा श्रद्धापूर्ण समर्पण गर्नुभएको छ । मलाई लाग्छ आफ्ना मातापिताको साथै पुस्तक पढ्ने सबै पाठकहरूलाई पनि समर्पण गर्नुभएको होला ।

५) लेखक प्रकाशप्रसाद उपाध्याय भन्नुहुन्छ - "लेखन विशेष गरी हाँस्यव्यङ्ग्य वा वङ्ग्यविनोद लेख्नु निकै गाह्रो काम लाग्दछ किनभने यसमा व्यङ्ग्यको तत्त्व समावेश गर्दै पाठकलाई हँसाउने प्राथमिक कुरो हुन्छ ।"

६) यस पुस्तकमा समावेश भएको "कचकच" एउटा लेख भारतको राजधानी दिल्लीको नेपाली सम्मेलनद्वारा प्रकाशित गरिने स्मारिका प्रकाशनको दायित्व बोक्नुभएका श्री चूडामणि उपाध्यायज्यूको आग्रहमा लेख्नुभएको यो लेख उक्त स्मारिकामा प्रकाशित पनि भएको रहेछ । नेपाल र भारतबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिकामा प्रकाशित भैसकेका लेखहरूको सङ्ग्रह नै "छेउ न टुप्पो" को नामकरण कुनै अर्कै व्यक्तिले गर्नुभएको रहेछ ।

७) लेखकहरूले किन पुस्तक लेख्छन् ? भन्ने प्रश्नको जवाफमा काव्य प्रकाशकार मम्मटले साहित्यको उद्देश्यलाई निम्न पदमा उल्लेख गर्नुभएको छ :

*"कार्व्य यशसे ऽर्थ कृते व्यवहारविदे शिवेत रक्षतये*
*सघः परमि वृत्तये कान्ता सम्मित यो पदेश युजे"*

अर्थात् पैसा कमाउनका निमित्त, नाम कमाउनको निमित्त, व्यवहार ज्ञानका निमित्त, अकल्याणबाट बाँच्नका निमित्त, तुरून्त आनन्द प्राप्त गर्नका निमित्त काव्य (साहित्य) को प्रयोजन हुन्छ ।

(नेपाली समालोचनाको रूपरेखा डा. रविलाल अधिकारीको पुस्तकको पृष्ठ १० बाट उद्धृत)

अन्तमा

प्रकाशप्रसाद उपाध्यायले आफ्ना रचनाहरू किन लेख्नुभयो ? उहाँलाई नै थाहा होला तर मलाई लाग्छ, उहाँले आनन्द प्राप्त गर्न लेख्नुभएको हो ।

यस पुस्तकमा समावेश भएका कथा र निबन्धका शीर्षकहरू त्यस लेखभित्र रहेका विवरणहरू छेउ न टुप्पोसँग मेल खाँदैनन् । कारण प्रत्येक लेखको प्रारम्भ, मध्य र अन्तिम भागहरूमा लेखकले अति रोचक ढङ्गमा विविध कुराहरू पस्कनुभएको छ । कथाका पात्रहरू, घटना विवेचना, पात्रहरूको सङ्वाद, हस्यौलो पारामा व्यङ्ग्य, समाजको विभिन्न परिवेश, समस्या, विसङ्गतिहरूलाई आफ्नो मौलिक शैलीमा प्रस्तुत गर्नुभएको पाइन्छ । प्रकाशप्रसाद उपाध्यायको लेखन सशक्त र सजीव हुनुका साथै समाजलाई सुधार गर्नको लागि महत्त्वपूर्ण सुझाव-सन्देशहरू पनि दिइएको पाइन्छ ।

यसकारण लेखक एक सफल कथाकार तथा निबन्धकार भएको प्रमाण यो "छेउ न टुप्पो" पुस्तकले नै प्रमाणित गर्दछ । मलाई लाग्छ, यो पुस्तक नेपाली साहित्यका पाठकहरूका लागि पठनीय, सङ्ग्रहणीय होला भन्ने नै मेरो ठम्याइ हो । तसर्थ प्रकाशप्रसाद उपाध्याय धन्यवादका पात्र हुनुहुन्छ, उहाँलाई मेरो धन्यवाद छ ।

पर्यटनको रोमाञ्च लेखबाट - "म जात र जन्मजात बाहुन तर कर्मबाट लेखक, कलाकार । सङ्कुचित परिधिमा अल्झिएर कर्मकाण्डको सीमित लक्ष्मणरेखाभित्र साँघुरिएर बस्नको लागि अब न त सबैसित समय छ न कसैका लागि सम्भव नै । सबैले आफ्नो आफ्नो परिधिलाई फराकिलो पार्दै लक्ष्मण रेखालाई नाघ्दै गएका छन् ।" यमलोकको यात्रा शीर्षकको लेखबाट- "एकदिन लेखकले सपना देख्नुभएछ- त्यो सपनाको कुरो हो- मानिसले प्राण त्यागेपछि यमदूतहरूले मृतकलाई उसले गरेका पापपुण्यको लेखाजोखा गरी चित्रगुप्तको फैसला सुनाउँदै यमलोकको तनावपूर्ण वातावरण, यमदूतको भयावह रूप, कोर्राको तीव्र, भूलोकको भाषामा जातिवाद, कृपावाद भनौं उनको व्यक्तिगत प्रकृतिको तटस्थता आदि बायोडाटालाई आधार मानी चित्रगुप्तको फैसला- 'यस मानिसले पुण्य नगरेको भए पनि नर्कवास गर्ने खालको पाप भने गरेको रहेनछ ।' सपनाबाट बिउँझेर साह्रै डरलाग्दो सपना थियो भन्नुहुन्छ ।"

कथा र निबन्ध एकै स्थानमा मिसिएकोले कसैले यस पुस्तकलाई छ्यासमिसे - खिचडी जस्तो ठाने भने त्यो उनीहरूको व्यक्तिगत दृष्टिकोण भन्दछु । म त यसलाई खिचडी भन्नुभन्दा स्वादिष्ट व्यञ्जन खिर (पाएस) भन्ने ठान्दछु । जसरी खिरमा दुध, चामल, चिनीका साथ अनेकौं मसलाहरूको मिश्रण हुन्छ । अर्को शब्दमा भन्नुपर्दा - गङ्गा र जमुनाको एकाकार हुने स्थान दोभान भने जस्तो कथा र निबन्धको दोभान "छेउ न टुप्पो" हो । म पाठकवर्गलाई निःशुल्क सल्लाह दिन्छु । यस पुस्तकमा पसेर डुबुल्की मार्नुस्, शीतल कञ्चन जलको साथै यसभित्र बहुमूल्य मोतीहरू पनि पाउनुहुनेछ ।

****

२०७९ असार



लेखक प्रकाशप्रसाद उपाध्याय



# मेरी परी कृति नियाल्दा

**प्रारम्भ**

२०७९ सालमा प्रकाशित ६८ पृष्ठको यो पुस्तक २०७९ भाद्र २ गते श्री विष्णुप्रसाद ओलीजीले मलाई उपहार दिनुभयो र यस पुस्तकबारे मैले समीक्षात्मक टिप्पणी गरिदिन अनुरोध गर्नुभयो । म कुनै समीक्षक वा टिप्पणीकार नभए तापनि यस पुस्तकलाई एउटा सामान्य पाठकको रूपमा पढेँ । त्यसपछि केही बुँदागत टिपोट गरेँ । यसैलाई यो एउटा सानो लेखको रूपमा प्रस्तुत गर्न चाहेँ ।

१) श्रीमती देवी ओलीजीले प्रकाशित गर्नुभएको यो पुस्तक लेखकका आफ्ना पिता रामप्रसाद ओली, माता देवीमाया ओली, छोरी निरू ओली पोखरेलको सम्झनामा समर्पण गर्नुभएको रहेछ । यसमा २१० ओटा मुक्तकहरू छन् । कोभिड १९ ले आफ्नी प्यारी छोरी निरूलाई असमयमै हरण गरी लग्यो । आफ्नो मुटुको टुक्रा समानकी छोरीको देहावसानले मर्माहत हुनुभएका विष्णु ओलीजीले स्मृतिमा यो मुक्तकसङ्ग्रह तयार गर्नु भएको रहेछ । स्वर्गीय निरूजीले आफ्ना सम्पूर्ण स्वजनहरू माता-पिताको साथै २ वर्षे सानी छोरी आरूषीलाई पनि यो धर्तीमा छोडेर गइन् । मुक्तककार विष्णु ओलीजीले आफ्नी छोरी निरूको आत्माले शान्ति पाओस् भन्ने कामनासाथ शोकाकुल भै भन्नुहुन्छ - "...... यो पीडा शब्दमा व्यक्त गर्न कठिन हुन्छ । मेरी छोरी जहाँ रहुन् म सधैँ उनको स्मरण गरिरहनेछु ।"

२) मुक्तक साहित्यका बारे केही चर्चा :

कविताको छोटो रूप, प्रसङ्गविना नै रसबोध गर्ने कवितालाई मुक्तक भन्ने प्रचलन छ । मुक्तकलाई फुटकर कविता मानिन्छ । दोहा, सायरी, हाइकु, रूवाइ इत्यादीलाई जस्तै मुक्तकलाई कविताको रूपमा पनि लिइन्छ । प्रसङ्गवश यहाँ कविताको बारे दुई शब्द उल्लेख हुनु सान्दर्भिक देखियो । शब्दलाई ध्वनिसँग जोड्ने ताल छन्दका साथै अनुप्रास, बिम्ब अनुभूति, विचारलाई विशेष रूपमा प्रयोग गरिने साहित्यिक विधा विशेष, बोलीचालीभन्दा बढी सघन रूपले वाक्य गठन र विशिष्ट प्रकारको हुन्छ । आयामलाई आधार मानेर कविता लघुतम, लघु, मध्यम, वृहत् र वृहस्तर गरी पाँच प्रकारका हुन्छन् । मुक्तकको रचनाकार कवि पनि हो । कविता रचना गर्ने व्यक्तिले आफ्नो काल्पनिक शक्ति, प्रभावकारी अभिव्यक्ति क्षमता, सङ्वेदनशीलता र भाषिक प्रयोगको आधारमा कवितालाई हेरिने गरिन्छ । यस आधारमा मुक्तककारलाई निष्पक्ष रूपमा लिनुपर्छ भन्ने मेरो सोच हो ।

**यस सङ्ग्रहमा अरूको दृष्टि**

क) डा. शान्तराज सुवेदीले यस सङ्ग्रहलाई दिनुभएको शुभकामनामा- विष्णु ओलीजीलाई भन्नहुन्छ, "गीत, कविता, गजल र मुक्तक विधामा अब्बल सर्जक ।"

ख) डा. तुलसी भट्टराई - कवि विष्णु ओलीको मुक्तकयात्रा शीर्षकमा भन्नुहुन्छ, "यस मुक्तकसङ्ग्रहमा वर्तमान नेपाली समाज, सरकार, पार्टीहरूका तान्डव लीलासँगै केही प्रेम विछोड र विभिन्न सन्दर्भ जोडिएका मुक्तकहरू सङ्कलित छन् ।"

ग) उपन्यास समाज नेपालका अध्यक्ष श्री शङ्कर भारतिजीले मेरी परी मुक्तकसङ्ग्रह बारे भन्नुहुन्छ, "उहाँका मुक्तकहरूमा देश दुखेको छ । हरेक नागरिकको मन पोलेको छ । देशको दिन प्रतिदिन बिग्रँदो अवस्थालाई स्पष्टसँग प्रस्तुत गरिएका छ ।"

३) यस सङ्ग्रहमा रहेका मुक्तकहरू प्राय सबैमा अन्त्यानुप्रास रहेकोले यसलाई पढ्दा आनन्द आउने, सुन्दा कर्णप्रिय हुन्छन् । उदाहरणका लागि यस सङ्ग्रहमा ओलीजीले प्रयोग गर्नुभएका केही अनुप्रासयुक्त शब्दहरू :- ल्याउँदैछु मनकी परी - मेरो वरिपरि । आफ्नो कोही भएन - जति पिए पनि छोएन । दैव रमाउन नखोज - खुसी समाउन नखोज ।

मुक्तकहरूमा रहेका नैतिक भाव, पीडा भाव, देश दुखेको भाव, प्रेम भाव मुक्तककार ओलीजीले यस पुस्तकमा पस्कनु भएको छ भन्ने - "शङ्कर भारतीको विचार मलाई साह्रै घत लाग्यो ।" ओलीजीका यी मुक्तकहरूमा राष्ट्र, राष्ट्रियता, सरकारको दायित्व, मुलुकको, जनताको वेदना, समस्या, नेताहरूको अकर्मन्यता, नेपालको प्राकृतिक सौन्दर्य, मायाप्रति नागरिकको दायित्व, इत्यादि अति महत्त्वपूर्ण विषयहरूले प्रशस्त स्थान पाएका छन् ।

अन्तमा,

पुस्तकको कभर डिजाइन आकर्षक पुतली जस्तै परी जस्तै आफ्नी नातिनीको सुन्दर फोटो, पुस्तकको अन्तमा लेखकको परिचयअन्तर्गत व्यक्तिगत विवरण, प्रकाशित तीन ओटा कवितासङ्ग्रहहरूको नाम, आवद्ध सङ्स्थाहरू, आजीवन सदस्यबारे उल्लेख भएका छन् । यो पुस्तक नेपाली पाठकहरूको लागि पठनीय, सङ्ग्रहनीय भएको मलाई लाग्छ । मुक्तककार विष्णु ओलीजीलाई मेरो साधुवाद ।

****

२०७९ भाद्र



लेखक विष्णु ओली



# आँसुको दहभित्र मनको बह

## कवि पदम दाहाल र पुस्तकको सङ्क्षिप्त परिचय

कवि पदम दाहालज्यू एक उदीयमान साहित्यकार हुनुहुन्छ । नेपाली साहित्य भण्डारमा कवि पदम दाहालज्यूको 'आँसुको दह' - कवितासङ्ग्रह एउटा नयाँ कृति थपिएको छ । दाहालजीका रचनाहरू नेपाल भूमि, हिमालय टाइम्स, गोरखापत्र, मधुपर्क आदि विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइरहने भएकाले साहित्यिक पाठकहरूको माझ उहाँ चिरपरिचित हुनुहुन्छ । यसभन्दा पहिले उहाँका तीन ओटा कृति 'बादलका तरेलीहरू' कवितासङ्ग्रह २०७६, 'एक-अर्काका दृष्टिः दुई व्यक्तिका कृति' कृति विश्लेषण, सहलेखन २०७७, 'जीवनयात्रा (सङ्स्मरण) : डम्बरप्रसाद ढुंगान' (सम्पादन, २०७६), पुस्तकहरू प्रकाशित भइसकेका छन् ।

शब्दयात्रा प्रकाशनबाट प्रकाशन पुष्प १४० औं पुस्तकका रूपमा प्रकाशित यस पुस्तकमा शास्त्रीय छन्दमा रचिएका ५३ ओटा कविताहरू सङ्ग्रहित छन् । यस सङ्ग्रहमा स्रग्विणी छन्द, भुजङ्गप्रयात छन्द, अनुष्टुप छन्द, उपजाति छन्द, वसन्ततिलका छन्द, शार्दूलविक्रीडित छन्द, चित्रा छन्द र वंशस्थ छन्द गरी आठ ओटा छन्दहरूमा कविताहरू पदमजीले पाठकको लागि पस्कनुभएको छ । छन्दले कवितालाई सरसता, ललितता, रोकता र मधुरता प्रदान गर्छ ।

पुस्तकको शीर्षक आँसुको दह प्रतीकात्मक छ । सङ्गृहित ५३ ओटा कविताहरूमा अनगिन्ती आँसुको थोपाहरू छन् । ती आँसुहरूका एउटा दह नै बन्न पुगेको छ । एउटा कविताको शीर्षक नै आँसुको दह रहेको छ । आवरण चित्रमा आँखाबाट झरिरहेको आँसुका थोपाहरू तथा एउटा गहिरो दह रहेको छ ।

मानिसको सुखद् अवस्थाको हाँसोमा पनि आँसु निस्कन्छ, दुःखद् अवस्थाको रूवाइमा पनि आँसु निस्कन्छ । यी दुई अवस्थाका आँसुलाई तुलना गर्दा सुखद् अवस्थाका हाँसोका साथ निस्केका आँसु शीतल चिसो र दुःखमा रूदा निसक्ने आँसु केही गरम नूनिलो हुन्छ । रसायनशास्त्रको आधारमा विश्लेषण वर्गीकरण गरिएको आँसुले स्वास्थ्यमा पर्ने प्रभावबारे एउटा छुट्टै चर्चा गर्न सकिएला । तर यहाँ साहित्यिक कुराको विवेचनालाई मात्र समावेश गर्नु सान्दर्भिक ठान्दछु ।

सङ्कलित कविताहरूका शीर्षकहरूलाई केलाउँदा भक्तिभाव ईश्वरवन्दना, प्रकृति प्रेम, राष्ट्रप्रेम, जन्मथलो, मातृभूमिको प्रेम, युवाप्रेम (जवानीको रसरङ), नेपालीहरूका चाडबाड, सङ्स्कृतिका साथै सन्देशमूलक सचेतना प्रदान गर्ने आदि

विषयमा कविताहरू रचिएका पाइन्छन् ।

कविजीले यस पुस्तकमा आफ्नो मनमा उब्जेका भावहरूलाई पोखिँदै रचिएका ५३ ओटा कविताहरू मध्ये एउटा कविताको शीर्षकनै आँसुको दह राख्नुभएको छ । अनुष्टुप छन्दमा रचिएको यस कवितालाई १२ ओटा श्लोकमा विभक्त गरिएको छ । कविताको शीर्षक स्वयम् प्रतीकात्मक छ । कविताको छैठौं र ११ औं श्लोकमा गरी २ पटक आँसुको दह शब्द प्रयोग भएको छ ।

आँसुको सुखद् कारण यौवनको अवस्थामा आफ्नी प्रियसीसँगको मिलनमा मनको पीर बोझ हटेको अनुभूति हुँदा आँखाबाट शीतल आँसु झर्ने कुरा यहाँ चर्चा गरिएको छ । आँसु बग्दा कविजी तेस्रो पक्षमा भन्नु हुन्छ ।

*"पीडा आँसु तप्केको मर्म बुझ्ने मनुष्य हौ*
*दुखेको दिलमा शान्ति छर्ने बुद्ध र शिष्य हौ ।"*

यस कविताको यो अन्तिम श्लोक निचोडको रूपमा छ । चुनिएका सुन्दर शब्दहरू, छन्दोबद्ध लयात्मक भावभङ्गी र समाजलाई संसारको यथार्थ सत्य सन्देश यस कविताले दिन खोजेको छ ।

## चुनिएका आठओटा कविताहरू

यस कृतिमा रहेका ५३ ओटा छन्दोबद्ध कविताहरू छन् । ती कविताहरूमध्ये आठओटाको सङ्क्षिप्त रूपमा केहि चर्चा गर्ने जमर्को गरेको छु । हाम्रो धार्मिक मान्यताअनुसार कुनै पनि कार्यको सुरुवातमा सर्वप्रथम मङ्गलाचराको रूपमा शीर्षक कविता स्राग्विणी छन्दमा रचिएको सरस्वती बन्दना शीर्षक रहेको छ । कविताको शीर्षकले नै यसको स्वरूपको आभाष दिन्छ ।

आध्यात्मिक भक्ति भावले भरिएको यस कवितालाई सस्वर बाचन गर्ने बेलामा सबैमा देवीप्रति भक्तिभाव प्रकट भएको पाइन्छ ।

छनौटमा परेको अर्को कविता वंशस्थ छन्दमा रचिएको "अनन्य ईश्वर" शीर्षकको रहेको छ । यस कवितामा ब्रम्ह, ॐकार मन्त्र आत्मा, हंसमा रहेको चेतन तत्त्व जस्तो आध्यात्मिक विषयसँग सम्बद्ध अति गहन कुरा राखिएका छन् ।

गहन आध्यात्मिक विषयवस्तुलाई सरल रूपमा कविताको माध्यमबाट कवि पदमजीले प्रस्तुत गर्नु कविजीको विशेषता हो ॥ प्रचलित एउटा कहावट छ - बगेको खोला र बितेको समय फर्किदैन । कवि पदम दाहालजीले वसन्ततिलका छन्दमा "बेला बितेपछि पछुतो"शीर्षकको कविता रच्नुभएको छ । यस कवितामा मानिसहरू कमाउ धन्दमा मात्र लागेर पाठ पूजन, धर्मकर्म जस्ता पवित्र कार्य पन्छाउनेहरूलाई बेला बितेपछि पछुताउनुपर्ला है भनी सचेत गराउन खोज्नुभएको छ ।

वर्तमान समयमा हाम्रो देशका धेरै मानिसहरू रोजगारी 'नोकरी' गरी धन कमाउने इच्छाले विदेश जाने गरेका छन् । विदेश गएकाले विदेशमा पसिना बगाई केही कमाइ पनि गरिरहेका छन् । विदेश जान म्यानपावर कम्पनीलाई लाखौं रूपैयाँ बुझाउन आफ्नो भएको खेतबारी बन्धक राखी चर्को ब्याज मोली ऋणमा डुबिरहेका हुन्छन् । कतिपय नेपाली विभिन्न कारणले विदेशको कारागारमा परिरहेका हुन्छन् । अर्कोतर्फ दिनहुँ जसो विदेशमा मृत्यु वरण गरेका ठुलो सङ्ख्यामा नेपालीहरूको लास नेपाल ल्याइरहेको कुरा पत्रपत्रिकामा समाचार प्रकाशन भएबाट नै अवगत हुन्छ । कवि पदम दाहालज्यूले भुजङ्गप्रयात छन्दमा "म फिर्दै छु छोरो" शीर्षकको एउटा कविता यस सङ्ग्रहमा राख्नुभएको छ । यस कवितामा एउटा विदेशमा बस्ने छोरो मान्छे आफू स्वदेश फर्कदै छु भनी फर्कनुको कारण कवितालाई माध्यम बनाएर नेपाली समाजलाई जानकारी पढाइ रहेझैं लाग्छ ।

*"न सम्झेर माटो नफर्केर गाउँ*
*सबै शून्य भो शून्य सुन्दै छु ठाउँ*
*म फिर्दै छु छोरो ढिलो भो म फिर्न*
*छ बाँझै बिरौटो छ रून्टो विदीर्ण ॥"*

छ ओटा चरणको यस कविताले विदेशको मोहभङ्ग गरी स्वदेशसित माया बसाई ममताको बखान गरिएको यो कविताले वर्तमान विदेश जान लर्को लाग्नेको लागि सचेत तुल्याउँछ । यस कविताले विदेसिन खोज्नेहरूलाई एउटा गतिलो स्वदेश प्रेमको पाठ सिकाएको छ । कवितामा प्रयोग भएका केही शब्दहरू - फिर्दै छु, फिरौं, राँटो, पाला, बिरौटो, रून्टो, विदीर्ण आदिलाई आम नेपालीहरूले बोलिने चलन चल्तीका शब्दहरू यस कवितामा प्रयोग भएका छन् भन्ने लाग्छ । अनुप्रासयुक्त शब्द शब्दावली अत्यन्त मिठो शैलीमा उपयुक्त पारी राखिएका छन् ।

अब अर्को शार्दूलविक्रीडित छन्दको "मेरो आत्मीय सङ्खुवासभा" शीर्षकको कवितातर्फ लागौं । आफू जन्मेको जन्मथलो, जहाँ हुर्के बढेको ठाउँ हुनाले त्यस्तो जन्मथलो सबैलाई प्यारो लाग्छ । कवि हृदय भएकाहरूले कवितामा आफ्नो जन्मथलोको बयान गर्ने प्रचलन नेपाली साहित्यमा उल्लेखनीय उदाहरण पाइन्छन् । उहाँ हाल मध्यपुर ठिमी लोकन्थली भक्तपुरमा बस्नुभएको छ तापनि जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसि भन्ने महत्त्वपूर्ण श्लोकलाई आत्मसात गरी आफू जन्मेको सङ्खुवासभाको प्राकृतिक सौन्दर्य, नदी, नाला, भौगोलिक अवस्था त्यहाँ भएका विभिन्न जडिबुटीलगायत कुराको वर्णन यस कवितामा उहाँले गर्नुभएको छ ।

नेपाली भाषाको गीतगायन क्षेत्रमा दोहोरी गीतको प्रचलन नयाँ होइन । विशेष

गरी गाउँघरको चौतारीमा गाउँका केही सङ्गीतप्रेमीहरूको उपस्थितिमा युवा र युवतीले एक अर्कालाई माया प्रीतिका कुरा, एकअर्कालाई अलि छेडछाडका कुरा व्यङ्ग्यात्मक गीतको भाखामा मिलाई प्रस्तुत गर्ने पनि गरिन्छ । हिजोआज यो दोहोरी गीतको प्रचलन सहरबजारमा पनि दोहोरी साँझ, डान्सबारहरूमा प्रयोग हुन थालेको छ ।

आँसुको दह कविता सङ्ग्रहमा "जवानीको राग र कल्पनाको दरबार" शीर्षकको उपजाति छन्दमा एउटा कविता रचिएको पाइन्छ । यस कवितामा युवतीले प्रस्तुत गरेका तीन चरण र युवले प्रस्तुत गरेका तीन चरणको छन्दोबद्ध कवितामा एक आपसको प्रेमिल सम्बन्ध झल्किन्छ । युवतीलाई लागेको जवानीको राग यस्तो छ ।

*"म यारको खोज हजारमा छु*
*म मूलढोका निर द्वारमा छु ।"*

जवानी उमेरमा युवती जो प्रकृतिको प्रतीक हो उसलाई पुरुषको आवश्यकता पर्छ र उसले कुन पुरुष जीवनसाथी बनाउने भन्ने खोजमा लागेकी हुन्छे । यो स्वाभाविक र प्रकृतिजन्य उद्गार हो । यस कवितामा युवकले दिएको जवाफ भने यस्तो छ ।

*"मुहूर्त, बेला शुभ बारमा छु*
*मिठास मोहान्ध छ प्यारमा छु ।*
*नौलो जुनीको अवतारमा छु*
*म कल्पनाको दरबारमा छु ।"*

उक्त जवाफका हरफहरूले युवक पनि मोहमा अन्धो बनेर प्यारमा रहेको र अनेकौँ कुराको कल्पनामा रहेको कुरा पोखिएको छ । जवानीमा मायाप्रेम, भनेको प्रकृतिले नै विपरीत लिङ्गीप्रति आकर्षित गरिने सत्य कुरालाई पदम दाहालजीले यस कवितामा प्रस्तुत गर्नुभएको छ ।

यस लेखको लागि छनौटमा परेको अन्तिम कविता "कोकोहोलो कोरोना" हो । चित्रा छन्दमा रचिएको यो कविता हाल विश्वमा महामारीको रूपमा फैलिएको कोरोना जुन अत्यन्त सोचनीय अवस्थामा - कोकोहोलोको रूपमा छ । अति विकसित युरोप, अमेरिका मात्र होइन चीन, बेलायत विकासोन्मुख देशहरू र एसियाका धेरै देशहरूमा पनि कोरोनाले लाखौं मानिसको ज्यान गइसकेको अवस्था छ । यसको रोकथामको लागि अरबौं-खरबौं खर्च भइसकेको छ । उपचारको लागि कैयौं मानिस हस्पिटलमा उपचाररत रहेका छन्, कैयौ मानिस आइसोलेसनमा छन् । यस्तो विश्वकै लागि एउटा ठुलो समस्या र चुनौतीलाई विषय बनाएर पदमजीले यो कविता विश्व परिप्रेक्ष्यलाई समेटेर लेख्नुभएको छ ।

*"दन्क्यो ज्वालो, भुङ्ग्रालो भो अन्मियो देश देशै*
*कोकोहोलो भो, कोरोना विश्व साम्राज्य उस्छ*
*खायो, बुत्यायो रित्यायो राक्षसी, राक्षसै भो*
*दौड्यो पौड्यो पस्ता रकौलो भाग्य दुर्भाग्यझैं भो"*

कविजीले कोरोनालाई राक्षसको प्रतीकको रूपमा लिनु भै त्यो राक्षसको ताण्डव नृत्यलाई यहाँ बडो रोचक ढङ्गले प्रस्तुत गर्नुभएको छ भन्ने लाग्छ । कोरोनाले आज विश्वलाई तहसनहस बनाइरहेको परिप्रेक्ष्यमा यो कोरोनाले मानव जङ्गलमा तहल्का मच्चाएको वास्तविक यथार्थलाई काव्यात्मक भावमा उनेर यो कविता उहाँले रच्नुभएको छ ।

****



कवि पदम दाहाल



# सङ्गीत मन्थनाञ्जलीको आचमन

## प्रारम्भ

लेखिका सह-प्राध्यापक सरोजनी तण्डुकार तथा सहायक लेखक प्राध्यापक सङ्गीत प्रवीण श्री राम आचार्य द्वयद्वारा लिखित 'सङ्गीत मन्थनाञ्जली' नामको पुस्तक यहि २०७९ माघ महिनामा एक भव्य समारोहबिच लोकार्पण भएको छ । उक्त पुस्तकको एक प्रति लेखकज्यूले मलाई उपहार दिनुभयो । सङ्गीत शास्त्रको गहण अध्ययन गर्न चाहने एवम् सङ्गीतमा अभिरूचि राख्ने नेपाली पाठकहरूको लागि २९३ पृष्ठको यो पुस्तक ज्यादै उपयोगी हुने देखिन्छ । नेपालको सङ्गीत क्षेत्रमा विशिष्ट स्थान हासिल गरिसक्नुभएका यस ग्रन्थकार द्वयको व्यक्तित्व र कृतित्वको विस्तृत विवरणहरू यस पुस्तकमा स्पष्टसँग दिइएको छ । उहाँहरूले यस अघि सङ्गीत विषयका विभिन्न नामका पुस्तकहरू धेरै पहिले पनि प्रकाशन गरिसक्नुभएको छ ।

## सङ्गीत क्षेत्रका विभिन्न विशिष्ट व्यक्तिहरूको दृष्टिमा यो पुस्तक

१) प्रा. इन्दिरा पाण्डेको शब्दमा - "सङ्गीतज्ञहरूको माझमा नेपाली सङ्गीत पद्धतिको मौलिक धरातलमा रही २४ श्रुतिश्वर स्थापना, ३२ थाट-राग, मूर्च्छना, पाँचथरी जाति, पाश्चात्य स्वर लिपि पद्धति तथा राग सङ्ख्या विस्तारका साथै मौलिक नामका रागहरूको सृजनाले नेपाल राष्ट्रलाई नै गौरावान्वित बनाएको छ ।"

२) प्रा. दीपक जङ्गम, त्रिभुवन विश्वविद्यालय, वरिष्ठ सङ्गीतकारको शब्दमा - "विगत वर्षहरूमा उहाँहरूले आफ्ना विभिन्न ग्रन्थहरूको माध्यमबाट सङ्गीत सम्बन्धी नविन विचारहरूको प्रस्तुती तथा प्रयोग गर्नुभएको छ । यसले सङ्गीतमा अनुसन्धान गर्न खोज्नेहरूको लागि मार्ग प्रशस्त भएको छ ।"

३) प्रा.डा. धुर्वेश चन्द्र ऐमी, प्रमखु केन्द्रीय ललितकला विभाग, त्रिभुवन विश्वविद्यालयको शब्दमा - "लेखकद्वय सङ्गीतको शास्त्र तथा प्रयोगात्मक दुवै विद्याहरूमा सन्तुलित ज्ञान राख्ने विद्वत व्यक्तिको श्रेणीमा पर्नुपर्छ । यो पुस्तकमा श्रुतिश्वर सम्बन्धी विवेचना, गायक तथा वादकका गुण र दोष, नवीन मूर्च्छनाका प्रकारहरू र यीनबाट उत्पन्न हुने अनेकों नवीन रागहरू, रागका वर्गीकरणहरूका साथै गायकका लागि अत्यावश्यक स्वर साधनाको केही महत्त्वपूर्ण विषयहरूलाई सरल ढङ्गबाट प्रस्तुत गरिएको छ । प्रयोगात्मक पक्ष अन्तर्गत प्रचलित विभिन्न रागहरूका साथै प्रचलनमा नदेखिएका र अन्य कतै उल्लेख नभएका नरज्योति, महालक्ष्मी र कन्दरा आदि जस्ता रागहरूलाई उल्लेख गरिनु यो पुस्तकको नवीन र मौलिक पक्ष हो ।"

सङ्गीत क्षेत्रका मूर्धन्य उल्लेखित व्यक्तिहरूको उक्त अभिव्यक्तिले यो पुस्तकको महत्त्व स्पष्ट भएकै छ ।

## व्यक्तित्व र कृतित्वको सम्बन्धमा

वास्तवमा कुनै कृतिको चर्चा सम्बन्धित लेखकद्वारा लेखिएका पुस्तकलाई नै केन्द्रविन्दु मानेर टिप्पणीकारहरू, समीक्षकहरूले आ–आफ्नो विचारहरू प्रस्तुत गर्ने प्रचलन छ । जहाँसम्म व्यक्तित्वको सम्बन्ध छ, सम्बन्धित लेखकको स्वभाव, क्रियाकलाप, आनीबानी, व्यहोराको आधारमा लेख्ने गरिन्छ । यस टिप्पणीकार र उक्त लेखकद्वयसँगको सम्बन्धका केही चर्चा यहाँ सान्दर्भिक होला भनी प्रस्तुत गर्दैछु ।

सङ्गीतबारे अनविग्य तर सङ्गीतमा अभिरूची राख्ने म एक सामान्य व्यक्ति मात्र हुँ । विगत १५ वर्षदेखि उहाँहरू द्वयसँग सङ्गीतकै कारणले मेरो घनिष्ठ सम्बन्ध रहनगएको छ । म बच्चैदेखि ईश्वरको भजनकीर्तन गर्ने, गायन गर्ने, जानि नजानी आफैले हार्मोनियम बजाई वृज भाषामा रचिएका कृष्णका विभिन्न लिलाका रास भजनहरू, जयदेवरचित भजनहरू, ब्रम्हानन्द भजनहरू, गोविन्दमान सिं राजभण्डारीज्यूले रचना गर्नुभएका भजनहरू तथा अन्य भजनहरू समेत मैले गाउने र बजाउने गरी आएको छु ।

श्री राम आर्चायज्यूको पूर्व प्रकाशित कृतिहरू सङ्गीतामृत प्रथमाहुति, आस्रयरागामृत प्रथमाहुति, सङ्गीतामृत द्वितीयाहुति पुस्तकहरू तथा सरोजनी तण्डुकारज्यूले लेख्नुभएको धमार गायनको परम्पारगत नामको पुस्तकसमेत मैले पहिलै नै पढ्ने मौका पाएको थिएँ ।

शताब्दी पुरूष डा.सत्यमोहन जोशीज्यूले समुद्घाटन गर्नुभएको कला, संस्कृति भजन महागुठि, भक्तपुरको म संस्थापक अध्यक्षको नाताले भक्तपुरका विभिन्न स्थानहरूमा, विभिन्न समयमा आयोजना भएका सङ्गीत कार्यक्रमहरूमा मेरै अनुरोधलाई स्वीकार गरी उहाँहरूले सुमधुर सङ्गीत प्रस्तुत गर्ने गरी आउनुभएको छ ।

२०६८ सालमा नेपाल स्रष्टा समाज, काठमाडौले प्रकाशित मेरो पुस्तक 'भुँईचालो' (कविता सङ्ग्रह)मा रहेको "सारतत्व" शीर्षकको कवितमा श्रीराम आचार्यज्यूले सङ्गीत दिनुभई उक्त किताबको लोकार्पण कार्यक्रममा सयौंजना साहित्यिक व्यक्तिहरूलाई उहाँ स्वयम्ले गाएर सुनाउनुभएको थियो ।

भक्तपुर नगरको बाराही पीठ विकास समितिको म निर्वाचित अध्यक्ष रहेको समयमा त्यस स्थानमा बाद्यबादन सङ्ग्रहालय उनै श्रीराम आचार्यज्यूबाट गराएको थिएँ । त्यस सङ्ग्रहालयको भवनमा राखिएको ताम्र पत्रको प्रतिलिपि एक यसै लेखको साथ समावेश गरेको छु ।

ललितपुरको मदन पुरस्कार गुठीमा रहेको यलमाया हलमा एक भव्य समारोहबिच आचार्यज्यूको एकल सङ्गीत प्रस्तुत कार्यक्रममा तथा काठमाडौं पशुपतिनाथ क्षेत्रको विभिन्न स्थानमा विभिन्न बेलामा आयोजित सङ्गीत कार्यक्रमहरूमा उहाँले मलाई निम्तो दिई सहभागी गराउनुभएको थियो ।

भक्तपुर नगर नासमना, मङ्गलाछें टोलमा रहेको श्री श्यामसुन्दर रास भजन मण्डल, तचपाल टोल श्री दत्तात्रय रास भजन मण्डल, भद्रकालीस्थित रास भजन मण्डल, श्री बाराही पीठ रास भजन मण्डल लगायतका विभिन्न भजन घरमा श्रीराम आचार्यज्यूले सङ्गीतमय भजनहरू मेरो अनुरोधमा प्रस्तुत गर्नुभएको थियो ।

भक्तपुरका प्रख्यात गायक श्री सत्यनारायण मानन्धरज्यूको विशेष सहयोगमा श्रीराम आचार्यज्यूले तयार गर्नुभएको सगरमाथा रागको समुद्घाटन एक कार्यक्रमका बीच भक्तपुरमा सुसम्पन्न भएको थियो ।

## सङ्गीत मन्थनाञ्जली प्रथमाहुतिमा मेरो सङ्क्षिप्त दृष्टि

विश्व प्रसिद्ध हाम्रो प्राचीन ग्रन्थ - सामवेद नै सङ्गीतको मूल स्रोत मानिन्छ । भरत नाट्य शास्त्रपछि अन्य सङ्गीत शास्त्र अनुसार स्वराङ्कित भयो । भातखण्डे, पं. सारङ्गदेव, रत्नाकर, मञ्जरीकारज्यूहरूले श्रुतिहरूमा स्वरस्थापना गर्नुभएका थिए । सङ्गीत शास्त्रका पं. विष्णुनारायण भातखण्डेले पहिले तयार गर्नुभएका धेरै कुराको सारसमेत यस पुस्तकमा - परिमार्जित श्रुतिश्वरलाई २४ वटा श्रुतिको तालिका नै यसमा प्रस्तुत गरिएको छ । उत्तर मूर्च्छनाकै आधारमा भरतको सारण चतुष्टयीको २२ वटा श्रुतिहरूको तालिका समेत थप दुई श्रुति र शारदा तथा विशारका जाति समेत समावेश छन् ।

यस पुस्तकका लेखक भन्नुहुन्छ - "नेपाली सङ्गीत पद्धति अब धेरै नै वैज्ञानिक रूपले गणितीय आधारमा परिमार्जित र व्यवहारिक भइसकेको, श्रुति विभाजन, श्रुति स्वर व्यवस्था तथा आन्दोलन सङ्ख्याको माध्यमद्वारा प्रमाणित भएको स्पष्ट बुझिन्छ ।" पुस्तकलाई सैद्धान्तिक पक्ष र व्यवहारिक पक्ष गरी दुई भागमा विभक्त गरिएको छ ।

## वाद्य साधन वीणा

वीणा एउटा वाद्य साधन हो । नारद मुनी तथा सरस्वतीको मूर्ति, तस्बिरहरूमा वीणा रहेको सबैले देखेको हुनुपर्छ । पौराणिक कालदेखि प्रचलन भइ आएको वीणामा तारको लम्बाइ, मोटाइ एवम् सङ्ख्याको गणितीय हिसाब हुन्छ । तारको लम्बाईको आधारद्वारा स्थापना हुने १४ वटा स्वरहरू, त्यसको शुद्ध, विकृत एवम् आन्दोलन सङ्ख्याहरू फरक-फरक हुने अति महत्त्वपूर्ण सुक्ष्म हिसाबहरू यस पुस्तकमा पाइन्छ । यो कुरा वीणा बादकहरूले बुझ्नु अति जरूरी देखिन्छ ।

## ग्राम, थाट र श्रुति

महाभारत कालदेखि चलिआएको ग्रामको ३ वटा षडज, मध्यम र गन्धार २२ वटा श्रुतिहरूको नेपाली सङ्गीत पद्धति अनुसार परिमार्जित श्रुति स्वरहरू तथा सम्वाद भावद्वारा स्थापित बाह्रैओटा प्रत्येक स्वरहरू र श्रुतिको अन्तरमा सप्रमाण सिद्ध भइसकेको हुँदा समाधान स्वरूप ३२ ओटा थाटलाई ३२ ओटै मूर्च्छनाको पर्यायवाची स्वरूप स्वीकार गर्नुपर्ने आग्रह लेखकले गर्नुभएको छ ।

## मूर्च्छना (थाट)को भेद

शास्त्रीय सङ्गीत अनुरागीहरूको लागि मूर्च्छना अर्थात थाटको भेदहरूको जानकारी पनि हुनु जरूरी छ । तीव्र थाट समूहका १६ थाट, कोमल थाटका १६ थाट, षाडव मूर्च्छनाका ६ वटा षाडव मूर्च्छनाका ११२ ओटा र औडव मूर्च्छनाका १०४ ओटा रागहरूको आरोह-अवरोह प्रत्येक बर्जित स्वरहरू, थाट, सम्वाद, गाउने समय र पकड स्वरूपका विस्तृत तालिकाहरू सम्पूर्ण मूर्च्छनाका ३०९ प्रकारको चर्चा यस पुस्तकमा प्रस्तुत गरिएको छन् । यसबाट लेखकद्वयले यो पुस्तकको माध्यमबाट सङ्गीतका अति गहण विषयलाई प्रस्तुत गर्नुभएको स्पष्ट हुन्छ ।

## सम्पूर्ण रागहरूको वर्गीकरण

प्राचीन कालदेखि वर्तमान समयसम्म रचना भएका सम्पूर्ण रागहरू (१) ग्राम राग (२) दशविधि राग (३) देशी राग तथा देशी सङ्गीत (४) राग रागिनी पद्धति शिवमत (सोमेश्वर मत), कृष्ण मत (कल्लीनाथमत), भरतमत (५) हनुमानमत (६) रागार्णवतमत (७) मोहम्मदरजामतको विववरण पनि दिइएको छ ।

लोचन कविका लेखअनुसार १६ हजार रागहरू उल्लेख भएको छ । जुन रागहरू कृष्णको अगाडि गोपीहरूले गाउने गर्दथे ।

## स्वर सप्तक तथा लिपी

यस पुस्तकमा पाश्चात्य स्वर सप्तक, पाइथागोरस स्वर सप्तक, सङ्गीतमा स्वर सप्तक स्थापनका सिद्धान्त, भारतीय स्वर सप्तक, सोल्फा स्वर लिपी, चीन स्वर लिपी, न्यूम्स स्वर लिपी, १२ स्वरको सप्तक, स्वाभाविक स्वर सप्तक, सच्च स्वर सप्तक तथा नेपाली सङ्गीत पद्धतिका विवरणहरू पनि यस पुस्तकमा दिइएका छन् ।

किताबको प्रयोगात्मक पक्षमा विभिन्न रागहरू (१) हंशधोनी (२) मारूविहाग (३) मियाकी सारङ (४) सूर मरलार (५) यमन कल्याण (६) पुरिया कल्याण (७) अहिर भैरव (८) विभास (९) शिव रञ्जनी (१०) मधुमास सारङ (११) नटभैरव (१२) वैरागी भैरव (१३) जुगिया (१४) गुणकली (१५) मोहनकोशु (१६) नर ज्योति (१७) मालश्री (१८) महालक्ष्मी (१९) हेमन्त र (२०) कन्दराको साथै छुटफुथ बन्दीहरूमा


मालकोश, यमन, भैरवी, जौनपुरी र मूलतानीसमेतको उल्लेख भएको पाइन्छ ।

यस पुस्तकमा रहेका चित्रहरू (१) पुस्तकको आवरण चित्रमा शङ्खद्वारा सरगमको स्वर निस्किरहेको (२) पुस्तकको अन्तिम पृष्ठमा लेखिका सरोजनी तण्डुकारजीले वीणा बादन गरिरहेको (३) स्वर साधनाको साथै स्वर यन्त्र र कानको भौतिक सङ्रचनासमेतको आकर्षक चित्रहरू रहेका छन् ।

## अन्तमा

सङ्गीत विषयको यस्तो महत्त्वपूर्ण ग्रन्थ 'सङ्गीत मन्थनाञ्जली' प्रकाशन गर्नुभएकोमा लेखकद्वयको प्रयास स्तुत्य छ । उहाँहरू दुवैमा मेरो शुभेच्छा तथा साधुवाद - धन्यवाद ।




सह-प्रा. सरोजनी तण्डुकार



# रचनाकारको परिचय



डा. इन्दुल के.सी.

## क) शब्द चित्रमा म (कविता)

मैले आफ्नो जीवनको आठौं दसक पार गरें
आज आफूले आफैंलाई नियाली हेरें ।

ऐना अगाडि आफू उभिएर हेर्दा चाल पाएँ
आफू डाडाँपारीको घाम भइसकेको आभास पाएँ ।
दाँत झरेको, छाला चाउरिएको, निधार खुम्चेको देखें
फुस्रो अनुहार, होचो कदको मेरो प्रतिबिम्ब नियालें ।

व्यतीत घटनाहरूका परिदृश्यहरू देख्न थालें
मेरो जीवनका किताबी पन्नाहरू पल्टिन थाले ।
हाँस-खेल, रसरंग, घुमफिर कति-कति गरें
बालक, जवान अधबैंसे हुँदै वृद्धमा रूपान्तरित भएँ ।

स्कुल, कलेज, विश्वविद्यालयहरू धाएँ
ज्ञानगुणका शिक्षा दीक्षाहरूमा रमाएँ ।
आर्जित उक्त ज्ञानगुणहरू अरूलाई पनि बाडें
विद्यार्थी, शिक्षक, प्रशिक्षक भई यत्रतत्र समय बिताएँ ।

आफ्नै देशका हिमाल पहाडहरूमा उकाली ओराली गरें
लेक, बेंसी, मैदान, जङ्गल, तराईमा डुलें ।
कन्दरा, गुफाहरूमा भित्र-भित्रै पसेर फर्कें
कोशी, गण्डकी, महाकाली नदीमा स्नान गरें ।

नाउ, डुंगा, पानी जहाज, हवाइ जहाज चढें
समुद्रपारिका महाद्वीपहरूमा पनि पुगें ।
एसिया, युरोप र अमेरिकाका केही मुलुकहरू डुलें
त्यहाँका कला संस्कृति, रहनसहन नजिकबाट देखें ।

तीर्थयात्री, पदयात्री, पर्यटक भई यात्री भएँ
सामाजिक, साहित्यिक, आध्यात्मिक संस्थाहरूमा आवद्ध भएँ ।
अनेकौं विषयका ग्रन्थहरूको म स्वयम् पाठक भएँ
स्वदेश विदेशका लेखकहरूले आफ्ना रचनाहरूमा मलाई चित्रण गरेको पाएँ ।

मैले नेपाल र नेपाली जनताको समृद्धि चाहेँ
राजनैतिक, सामाजिक आन्दोलनहरूमा सहभागी भएँ ।
जिन्दावाद, मुर्दावादका नाराहरु लगाएँ
सूर्य चन्द्र अङ्कित राष्ट्रिय झण्डा बोकी फर्फराएँ ।

प्रहरीको लाठी र हप्की दब्की खाएँ
कारागारमा पनि केही दिन डेरा जमाएँ ।
भोजनको लागि आफैं भान्छे पनि भएँ
अँध्यारो, चीसो बन्दीगृहको कठोर अनुभव गरेँ ।

बहिदार, खरदार, सुब्बा, अफिसर र हाकिम पदमा बसेँ
कार्यालय, विभाग, मन्त्रालयहरूमा राष्ट्रसेवक भई बसेँ ।
बुद्धि, विवेक लगाई कार्य गर्दा आफ्नै पसिनामा नुहाएँ
सीमित पारिश्रमिकमा मेरा परिवारजन पालेँ ।

योग ध्यान सिकेँ, योगी र योग गुरु पनि भएँ
वैकल्पिक उपचारमा डाक्टरको उपाधि पनि पाएँ ।
धेरै रोगीहरूलाई सफल उपचार सेवा पुऱ्याएँ
लाभान्वित हुनुभएकाहरूबाट धन्यवाद पाएँ ।

मेरा परोपकारी कार्यहरूको परिणाम स्वरूप
सज्जनहरूबाट स्याबासी र ताली पाएँ ।
कतिपय दुष्टजनबाट इर्ष्या र गाली पाएँ
प्राप्त ताली र गाली दुवैलाई मनले स्वीकारेँ ।

सटल, पाटी, पौवा, मन्दिर, पोखरी, जलासयको
जीर्णोद्धार, नवनिर्माण सामाजिक कार्यहरूमा अगुवाई गरेँ ।
निर्मित ती पाटी पौवाहरूको सदुपयोग भएको देखेँ
आफूले सम्पादित कार्यहरूबाट आफू पुलकित भएँ ।

भक्तिभावले ईश्वर-परमात्माको
सगुण निर्गुण भावमा भजन गाएँ ।
यसैमा आफ्नो मनको भित्र शान्ति पाएँ
आखिर मानव जीवनको सार्थकता बुझेँ ।

मेरो बाँकी जीवन पनि यसरी सत्कर्महरूमा
हाँसी खुसी भै लाग्न सकूँ भनी इच्छ्याएँ ।
मैले जीवनको आठौ दसक पार गरेँ
आज आफूले आफैंलाई नियाली हेरेँ ।।

# ख) जीवनी विवरण

| | | |
|---|---|---|
| नाम | : | डा इन्दुल केसी |
| जन्ममिति | : | विसं १९९८ मार्ग २७ |
| जन्मस्थान | : | भक्तपुर नगरपालिका वडा नं ४, ब्रह्मपुर चोक, नासमना, |
| माता/पिता | : | शेरकुमारी (कान्छी) केसी / पं श्री केदारनाथ झा |
| पत्नी | : | श्रीमती सावित्री राणा केसी |
| छोरा/बुहारी | : | उज्ज्वल केसी, रजनी केसी तथा सिर्जना केसी पौडेल |
| छोरीहरू | : | रजनी केसी मानन्धर तथा सजनी केसी कार्की |
| शिक्षा | : | एम.ए., बि.एल. (त्रिभुवन विश्व विद्यालय, काठमाडौं, नेपाल)<br>पोस्ट ग्र्याजुयट डिप्लोमा (शिक्षा) (रेडिङ युनिभर्सिटी, बेलायत)<br>पी.एच.डी., वैकल्पिक उपचार (कोलकाता, भारत) |
| रुचि | : | यात्रा, अध्ययन, भक्तिसङ्गीत-भजनगायन पत्रकारिता, समाजसेवा |
| भ्रमण | : | नेपालका ६५ जिल्ला, भारतका सम्पूर्ण प्रान्त तथा बेलायत, जापान, अमेरिका फ्रान्स, जर्मनी, इटली, स्विट्जरल्यान्ड, थाइल्यान्ड, कतारलगायत अन्य विविध मुलुकहरू |
| भाषा ज्ञान | : | नेपाली, नेपालभाषा (नेवारी), हिन्दी, अङ्ग्रेजी |
| संलग्नता | : | |

व्यवस्थापन तालिम तथा अनुसन्धान केन्द्र (MTRC) - निर्देशक

कला संस्कृति भजन महागुठी, भक्तपुर - संस्थापक अध्यक्ष

मङ्गल योग तथा प्राकृतिक उपचार केन्द्र - निर्देशक

श्री बाराही पीठ विकास समिति, भक्तपुर -पूर्व अध्यक्ष

वाद्य सङ्ग्रहायलय, भक्तपुर (श्री बाराही पीठ विकास समिति) ''

पथिक हेल्थ फाउन्डेसन, काठमाडौं - प्रथम पूर्व निर्देशक

विश्व शान्ति ध्यान केन्द्र, सङ्खु, काभ्रे - पूर्व उपाध्यक्ष, हाल सल्लाहकार

पाशुपत योग आश्रम, काठमाडौं - महासचिव

स्वतन्त्र पत्रकार सङ्घ, नेपाल - केन्द्रीय सल्लाहकार

सहृदयता समाज नेपाल - सल्लाहकार

राष्ट्र संरक्षण साप्ताहिक पत्रिका - सल्लाहकार

सुब्बा देवीप्रसाद सापकोटा स्मृति प्रतिष्ठान - सल्लाहकार
अनुशीलन नेपाल - सल्लाहकार
योग तथा प्राकृतिक उपचार केन्द्र, बाराही पीठ, भक्तपुर - सल्लाहकार
पातञ्जल योग जिल्ला समिति, भक्तपुर - सल्लाहकार

**आजीवन सदस्य** : शब्दयात्रा प्रकाशन, काभ्रे
त्रिफला राष्ट्रिय पुस्तकालय, दमक, झापा
स्रष्टा समाज नेपाल
पुष्पपराग साहित्य प्रतिष्ठान, लोकन्थली, भक्तपुर
कला संस्कृति भजन महागुठी, भक्तपुर

**पूर्व सञ्चालक सदस्य** : सहिद स्मृति क्यान्सर सेवा केन्द्र, भक्तपुर
सिद्धि स्मृति महिला तथा बाल अस्पताल, भक्तपुर
स्रष्टा समाज नेपाल, काठमाडौं
प्रथम योग जिल्ला घोषणा तयारी समिति, भक्तपुर

**प्रकाशित कृति :**

- भुइँचालो (कवितासङ्ग्रह, २०६५),
- इन्दुल केसी : व्यक्ति एक, दृष्टि अनेक
- व्यक्तित्व र कृतित्वको तेस्रो आयाम (लेखक तथा सम्पादक)
- डा इन्दुल केसीको चौथो आयाम
- एक अर्काको दृष्टि, दुई व्यक्तित्वका कृति (सहलेखन)
- श्यामसुन्दर भजनमाला, त्रिभाषी भजनसङ्ग्रह, (सङ्कलक तथा सम्पादक)
- भजन सृष्टि : विविध दृष्टि (टिप्पणीसङ्ग्रह)
- भक्तपुरमा प्रचलित २९ ओटा भजनहरू तथा सातओटा ज्ञानमाला भजनहरूका अध्ययन प्रतिवेदनहरू
- अरूका आँखामा डा. इन्दुल केसी (स्वदेश तथा विदेशका ६५ जना विशिष्ट व्यक्तिहरूका अभिव्यक्ति सङ्गालो)

× - शब्द सागरका मोती - समीक्षासङ्ग्रह
× डा. इन्दुल केसीको शब्द सागरका मोतिका मोति

**प्रकाशोन्मुख :**

- योग तथा प्राकृतिक उपचार निर्देशिका
- नियात्रा सङ्ग्रह

सेवा : ३० वर्ष सरकारी सेवा (हाल निवृत्त), शिक्षक, प्रशिक्षक, कानुनी सेवा, परामर्श सेवा, योग तथा प्राकृतिक चिकित्सा व्यवस्थापन, समाजसेवा, विभिन्न पाटीपौवाहरू, मन्दिर, भजन घरहरूको निर्माण कार्यको नेतृत्व

पत्रकारिता : नेपाल सम्वाद समिति, भक्तपुर (वि.सं. २०१५)
पुनर्यौवन मासिक पत्रिकाको प्रथम प्रधान सम्पादक
स्वतन्त्र पत्रकार सङ्घ, भक्तपुरको प्रथम अध्यक्ष
ए.बी.सि.डी. खबर अनलाइनको बोर्ड सदस्य

सम्मान : शब्दयात्रा प्रकाशन बनेपा, भक्तपुर सम्पर्क केन्द्रबाट सम्मानपत्र
सेभ द नेसन मिडियाबाट सम्मानपत्र
मुनि विहार व्यवस्थापन समितिबाट सम्मानपत्र
केशव-सुषमा भजन ज्ञान गुठी, नेपालबाट सम्मानपत्र
विश्व शान्ति ध्यान केन्द्र, काभ्रेबाट सम्मानपत्र
योगी नरहरिनाथ ट्रष्ट आध्यात्मिक परिषद्बाट अभिनन्दनपत्र

**निर्माण तथा जिर्णोद्धार :**

अध्यक्ष - मङ्गलकुण्ड (पोखरी), नासमना, भक्तपुर जिर्णोद्धार
संयोजक - मङ्गलतीर्थ (नदी) सफाइ अभियान, भक्तपुर
अध्यक्ष - मूलाखु गणेश मन्दिर जिर्णोद्धार, मंगलाछें, भक्तपुर
अध्यक्ष - श्री बाराही पीठ, भक्तपुरको कलात्मक सत्तल
(बखुं झ्याः सत्तल, भजन घर जिर्णोद्धार)
अध्यक्ष - श्री बाराही पीठमा कलात्मक ढुङ्गेधारा जिर्णोद्धार, भक्तपुर
अध्यक्ष - श्री बाराही पीठमा दुईओटा कलात्मक नयाँ सत्तलपाटी निर्माण
अध्यक्ष - श्री बाराही पीठमा तीनओटा पुरानो सत्तल पाटी, भक्तपुर
अध्यक्ष - श्री बाराही पीठमा भव्य सभा हलसहितको तीनतले नयाँ भवन निर्माण
अध्यक्ष - श्री बाराही पीठमा सत्तल पाटीसहितको सार्वजनिक चोक निर्माण
अध्यक्ष - श्री श्याम सुन्दर रास भजन मण्डल घर पुनर्निर्माण समिति, भक्तपुर

योगी नरहरिनाथ ट्रष्ट आध्यात्मिक परिषद्द्वारा
सुप्रसिद्ध विद्वान, साहित्यकार, लेखक, कवि तथा समाजसेवी,
सनातन् धर्म संस्कृतिसेवी, प्रशासक, कानूनविद्, शिक्षक,
नेपालरत्न डा. इन्दुल के.सी. ज्यूमा सगौरव समर्पित

# अभिनन्दन-पत्र

**बहुआयामिक व्यक्तित्व तथा बहुप्रतिभाशाली के.सी. ज्यू**

नेपाल आमाका सच्चा सपूत तपाईंको शुभजन्म नेपालको प्राचीन राजधानी भक्तपुर नगरको वडा नं.-४, ब्रह्मपुर चोक, नासमना टोलमा बुवा पं.श्री केदारनाथ झा तथा ममतामयी आमा शेरकुमारी (कान्छी) के.सी.को सुपुत्रको रुपमा वि.सं. १९९८ साल मसिर २७ गते भएको हो । एम.ए.,वि.एल.,पोष्ट ग्याजुयट डिप्लोमा तथा पिएचडी गर्नुभएका तपाईंले नेपालका ६० जिल्ला र छिमेकी देश भारतको सबै प्रान्तको भ्रमण गर्नुभएको छ । विश्वका दर्जनौं देशको भ्रमण गरिसक्नुभएका तपाईंले ३० बर्ष सरकारी सेवाबाट हाल निवृत्त हुनुहुन्छ । यहाँको धर्मपत्नी समाजसेवी आदरणीय सावित्री के.सी., छोरा उज्वल के.सी. तथा बुहारी सिर्जना के.सी. पौडेल, छोरीहरु रजनी के.सी. मानन्धर र सजनी के.सी. कार्की हुनुहुन्छ । एक दर्जन कृतिका लेखक तपाई शिक्षक, प्रशिक्षक, कानूनी सेवा, परामर्शसेवा, योग तथा प्राकृतिक चिकित्सा व्यवस्थापन, समाजसेवा, विभिन्न पाटीपौवा, मन्दिर भजनघरहरुको निर्माण कार्य लगायतको नेतृत्व गर्दै आउनुभएको छ । अहिले पनि सामाजिक धार्मिक तथा साहित्यको क्षेत्रमा सक्रिय हुनुहुन्छ । यहाँको उल्लेखनीय, उदाहरणीय एवं प्रशंसनीय कार्यको कदर गर्दै धेरै संघसंस्थाहरुले सम्मानित र पुरस्कृत गरिसकेका छन् । विभिन्न पुरस्कार प्राप्त गर्नुभएका तपाई विभिन्न पदकहरुबाट विभूषित हुनुहुन्छ । निर्माण तथा जिर्णोद्वार समितिको अध्यक्ष भई प्राचीन सम्पदा संरक्षणमा राष्ट्रलाई ठुलो गुण लगाउनु भएको छ । यहाँको समाज र राष्ट्रसेवा अति नै स्तुत्य रहेको छ । यहाँ जस्तो सामाजिक तथा धार्मिक अभियन्ता एवं साहित्यकारलाई सम्मान गर्न पाउँदा हामी गौरवान्वित भएका छौं । मातृभूमि नेपालको राष्ट्रिय एकता एवं राष्ट्रिय जीवनका अभ्युत्थानका खातिर आफ्नो तन,मन र धनले सक्रिय रहि अविच्छिन्न रुपमा यहाँले पुऱ्याउदै आउनुभएको योगदान सुदूर भविष्यसम्म कायम रहोस् तपाईंको व्यक्तिगत जीवनमा सुख, शान्ति तथा सुस्वास्थ्य, दीर्घायू एवम् संमृद्धिको लागि हार्दिक मंगलमय शुभकामनाका साथ यहाँको उच्च योगदानको कदर गर्दै योगी नरहरिनाथज्यूको १०९औं जन्मजयन्तीको पावन अवसरमा श्रद्धाका साथ योगी नरहरिनाथ ट्रष्ट आध्यात्मिक परिषद् यहाँलाई यो अभिनन्दन-पत्र सगौरव समर्पण गर्दछ ।

| | | |
|---|---|---|
| **शंकर पौडेल**<br>अध्यक्ष<br>योगी नरहरिनाथ ट्रष्ट आध्यात्मिक परिषद्<br>नेपाल विश्व हिन्दु महासंघ | **सुदर्शन भट्टराई**<br>संयोजक एवं उपाध्यक्ष तथा<br>अध्यक्ष, शत्रुघ्न तथा<br>खड्गकुमारी भट्टराई प्रतिष्ठान | **प्रा.डा. शास्त्रदत्त पन्त**<br>प्रमुख अतिथि<br>वरिष्ठ साहित्यकार एवं<br>राष्ट्रवादी विचारक |

मिति: २०७९ साल फागुन १७ गते बुधवार ।


# विश्व शान्ति ध्यान केन्द्र

~:: सम्मान पत्र ::~


मुनि विहार व्यवस्थापन समिति


सम्मान-पत्र

डा. इन्दुल के.सी.


ॐ

सम्मान-पत्र

डा.श्री इन्दुल के.सी. ज्यू, पि.एच.डि.


# INDIAN BOARD OF ALTERNATIVE MEDICINES

Registered by the Government of West Bengal under Act XXVI of 1961. Based on the Central Government Act XXI of 1860

*Affiliated with*

The Open International University for Complementary Medicines

(Medicina Alternativa)

Established under World Health Organisation, Alma Ata, U.S.S.R., declaration 1962 and recognised by the United Nations Peace University constituted under resolution No. 35/55/5/XII/80

**The Indian Board of Alternative Medicines, hereby confers on**

Dr. Indul K. C.

S/O / D/O Kedar Nath

*Who has fulfilled the qualifying requirements, the degree of*

Doctorate in Philosophy [Alternative Medicines]

*with all the rights, honours and privileges pertaining to this degree.*

*In testimony whereof this is awarded and given under the seal of the*

*Indian Board of Alternative Medicines.*

1st June, 199_ Given at Calcutta.

Registered No. IBAM/D/ 191

Registrar

1. The course is duly approved and recognised by The Open International University vide their letter No. MA/10/92.
2. The above named is hereby authorised to use the suffix Ph. D. (A.M.) after candidate's name.
3. Registered Office : 80, CHOWRINGHEE ROAD, CALCUTTA-700 020, INDIA.

# सगुन भजन



भजन रचनाकार
**डा. इन्दुल केसी**



सङ्गीतकार
**सत्यनारायण मानन्धर**

भजन गरौं सबले भजन गरौं ।
गुनगान गरौं मनले गुनगान गरौं ॥ धु ॥

धर्म मार्गमा लागौं, सत्मार्गमा लागौं
समाजसेवा नै ठुलो धर्म हो जानौं ।
मातृदेवो भवः पितृदेवो भवः
जनसेवा नै ठुलो धर्म हो मानौं ॥ १ ॥
भजन गरौं .............

मर्यादा पुरुष रामको आर्दश मानौं
अवतारी कृष्णजीको गीताज्ञान बुझौं ।
महामानव बुद्धको–शान्ति मार्गमा लागौं
उनको धर्मदर्शन–शील पालन गरौं ॥ २ ॥
भजन गरौं .............

भजन गायक : **सत्यनायारण मानन्धर, सब्बु केसी, डा. इन्दुल केसी**

# भूमिकाको सङ्क्षेप

इन्दुललाई एउटा मात्रै आयामबाट पर्गेल्न सकिँदैन । उनलाई भिन्न-भिन्न आयामिक चस्माद्वारा पर्गेल्नुपर्ने हुन्छ । धेरैओटा प्राप्ति जोडिएर एउटा इन्दुल केसी बनेको हो । उनी कवि हुन् । कथाकार, पत्रकार र पूर्वप्रशासक पनि हुन् । समाजसेवी हुन् । योग गुरु हुन् । धार्मिक अभियन्ता हुन् ।

**प्रा. डा. कृष्णप्रसाद दाहाल**
त्रि.वि पाटन, संयुक्त क्याम्पस



प्रकाशक

ISBN 978-9937-1-3569-6
9 789937 135696